# परिच्छेद : एक

# अध्ययनपत्रको परिचय

## १.१ विषय परिचय

बहुजातीय तथा बहुभाषिक नेपाली समाजका विभिन्न जातिहरूमध्ये मुसलमान जाति पनि एक हो । नेपाल गणराज्यको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म यस जातिका मानिसहरू बसोबास गर्दै आइरहेका छन् । २०६८ सालको जनगणनाअनुसार नेपालमा मुसलमानको सङ्ख्या लगभग ३० लाख रहेको देखिन्छ । मुसलमानहरूको आफ्नै मौलिक संस्कृति र भाषा रहेको छ । उनीहरूले अन्य जाति सरह जीवनका अनेक संस्कार सम्पन्न गर्दछन् । नेपाली मुसलमानहरूको मातृभाषा उर्दू हो भने धार्मिक तथा सांस्कृतिक क्रियाकलापको भाषा अरबी हो । मुस्लिम धार्मिक लोकगाथाहरूको मौलिक, धार्मिक रूप अरबी भाषामा नै पाइने भए पनि बोलीचालीको उर्दू भाषामा पनि यस्ता लोकगाथाहरू उपलब्ध छन् । मुसलमान समाजमा लोकगीत, लोककथा, लोकगाथा, लोकनाटक, उखान टुक्का र गाउँखाने कथा, संस्कार गीत तथा पर्वगीत, श्रमगीत र अन्य विविध गीतहरू प्राप्त छैनन् । उनीहरूको धार्मिक विश्वासअनुसार लोकसाहित्यका यी विभिन्न विधामा बन्देज लगाइएको छ । धार्मिक गाथाहरू हमद, नाअत, गजल, सायर, कवाली, कहानी, मनकवत, कताअ, नगमा आदि नामले प्रचलित छन् । यी सबैका माध्यमबाट आआफ्नै ढङ्ग र शैलीमा अल्लाहप्रति अनुराग व्यक्त गर्ने धार्मिक गाथाहरूलाई विशेषतः धार्मिक कार्यक्रममा प्रयोग गरिन्छ । यस्ता गाथा सामाजिक खुसीयाली, उत्सव तथा पर्वहरूमा पनि गाउने गरिन्छ । यी सबै गीतलाई धार्मिक कार्यक्रममा सुमधुर स्वरमा लय मिलाएर प्रस्तुत गरिन्छ । प्रस्तुतिका दृष्टिले गेयात्मक भएकाले मुसलमानहरू सायरी, गजल, दुआ, नमाज, कवाली आदिलाई पनि मनोरञ्जनात्मक कार्यक्रममा गाउने गर्दछन् ।

नेपालको भित्री मधेसमा पर्ने चितवन जिल्ला बहुसङ्ख्यक मुसलमानहरूको बसोवास भएको थलो हो । विशेष गरी नारायणगढ क्षेत्रमा मुसलमानहरू व्यापार/व्यवसायमा संलग्न

रहेका पाइन्छन् । यहाँका मुसलमानहरू पनि धार्मिक गाथाहरू गाउने गर्दछन् । भ.न.पा.२ नारायणगढमा 'अल्जामेअतुल बरकातिया वरकाति जामे मस्जिद' स्थापित छ । यसमा हरेक शुक्रवार भरतपुर र नारायणगढ वरपरका मुसलमानहरू प्रार्थना वा नमाज पढ्नका लागि उपस्थित हुन्छन् । उनीहरूले चितवन मुस्लिम समाज नामको एक समिति पनि गठन गरेका छन् । प्रस्तुत अध्ययन पत्रमा चितवनमा बसोवास गर्ने यिनै मुस्लिम समुदायमा प्रचलित धार्मिक गाथाहरूको अध्ययन गरिएको छ ।

## १.२ समस्या कथन

मुसलमान पनि आफ्नै धर्म, संस्कृति, मूल्य, मान्यता र परम्परामा बाँचेको जाति हो । यस जातिका सामाजिक क्रियाकलापहरू धार्मिक दृष्टिले सञ्चालित हुन्छन् र त्यसको प्रभाव यिनका धार्मिक गाथाहरूमा पनि स्पष्टतः देख्न पाइन्छ त्यसैले यस अध्ययन पत्रमा तल लेखिए बमोजिम समस्या तयार गरी तिनको सामाधान खोज्ने प्रयास गरिएको छ :

क) चितवन नारायणगढमा बसोवास गर्ने मुसलमान जातिको सामाजिक र सांस्कृतिक परम्परा के कस्तो रहेको छ ?

ख) मुस्लिम धार्मिक गाथाहरूको परिचय के कस्तो रहेको छ ?

ग) मुस्लिम धार्मिक गाथाहरूको वर्गीकरण र विश्लेषण के कसरी गर्न सकिन्छ ?

यिनै समस्याहरूमा केन्द्रित भई यस अध्ययन पत्रलाई पूर्ण बनाइएको छ ।

## १.३ अध्ययनको उद्देश्य

मुसलमान समाजमा प्रचलित धार्मिक गाथाहरूको अध्ययन गर्नु नै यस अध्ययन कार्यको मुख्य उद्देश्य हो । मुसलमान समाजको लोक साहित्यको विधा लोकगाथा अन्तर्गत मुस्लिम धार्मिक गाथालाई प्रमुख विषयवस्तु बनाई त्यसको सीमाभित्र यस अध्ययनलाई पूर्णता प्रदान गरिएको छ । मुख्यतः यस अध्ययन कार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क) चितवन नारायणगढबासी मुसलमान जातिको सामाजिक र सांस्कृतिक परम्पराको अध्ययन गर्नु,

ख) मुसलमान समाजमा प्रचलित धार्मिक गाथाको सङ्कलन र अध्ययन गर्नु,

ग) मुसलमान समाजमा प्रचलित धार्मिक गाथाहरूको वर्गीकरण र विश्लेषण गर्नु ।

यिनै उद्देश्यमा आधारित भई यस अध्ययन पत्रलाई पूर्णता दिइएको छ ।

## १.४ अध्ययनको औचित्य र महत्त्व

अनादिकालदेखि नेपाल बहुजातीय, बहुधार्मिक, बहुभाषिक तथा बहुसांस्कृतिक समाजयुक्त मुलुकका रूपमा परिचित छ । जुनसुकै जातिको धार्मिक तथा सांस्कृतिक पक्ष पुरानो हुन्छ । मूल अरबी भाषामा रहेका मुस्लिम धार्मिक तथा सांस्कृतिक गाथाहरू पुराना भए पनि मुसलमान जाति विभिन्न स्थान तथा देशमा फैलँदा ती गाथाहरू स्थानीय भाषिक उच्चारणका प्रभावमा परेर केही फरक भएका छन् । यस अध्ययन पत्रको मुख्य उद्देश्य पनि चितवन क्षेत्रमा अवस्थित मुसलमान समाजमा मौखिक रूपमा प्रचलित धार्मिक गाथाको पहिचान गरी ती गाथाहरूको संरचना, प्रकार, विषय तथा केन्द्रीय भावको अध्ययन तथा विश्लेषण गर्नु हो । यसबाट एकातिर यस क्षेत्रमा रहेका मुसलमान जातिमा प्रचलित गाथाका विशिष्टताको अध्ययन हुने र अर्कातिर अन्य क्षेत्रमा रहेका मुसलमान जाति र तिनका धार्मिक तथा सांस्कृतिक गाथाहरूका संरचना, विषय तथा प्रस्तुतिगत एवं भावगत समानता तथा भिन्नताको अध्ययनको ढोका खुल्ने हुँदा यस अध्ययन कार्यको आफ्नै औचित्य तथा महत्त्व छ ।

## १.५ पूर्वाध्ययनको विवरण र समीक्षा

मुसलमान जातिका आफ्नै लोकसाहित्य, धर्म र संस्कारहरू रहेका छन् । नेपालका मुसलमानहरूको भाषा, संस्कृति, साहित्य, लोकसाहित्य आदिका बारेमा कमै मात्रामा अध्ययन र अनुसन्धानमूलक कार्य भएका छन् । हालसम्म अध्ययन र लेखन कार्यबाट जे जति सामग्री प्राप्त भएका छन् तिनको कालक्रमिक विवरण प्रस्तुत गरिएको छ :

भूगर्भविद् हिफजुरमानको **इस्लाममा नारी** पुस्तकमा इस्लामले नारीलाई दिएको स्थान, हक, अधिकार र कर्तव्यका विषयमा विस्तृत चर्चा गरिएको छ ।[१]

जाकिर नाइकको **इस्लाम विरोधी भ्रम विवरण** पुस्तकमा गैरमुस्लिमहरूले मुस्लिमप्रति राख्ने गरेका अनेक भ्रमसँग सम्बन्धित पक्षलाई स्पष्ट पार्न सामान्य प्रश्नोत्तर दिइएको छ ।[२]

मुस्तफा मुहम्मद तहानको **समयको सदुपयोग** नामक पुस्तकमा मुसलमान जातिलाई अल्लाहको भक्त भई समयको सदुपयोग गर्ने सल्लाह दिइएको छ ।[३]

[१] हिफजुरमान, **इस्लाममा नारी** (काठमाडौं : इस्लामी सङ्घ नेपाल, २०६०), पृ. ८७ ।
[२] जाकिर नाइक, **इस्लाम विरोधी भ्रम निवारण** (काठमाडौं : इस्लामी पुस्तकालय, नेपाल २०६२), पृ १–५९ ।
[३] मुस्ताफा मुहम्मद तहान, **समयको सदुपयोग** (काठमाडौं : इस्लामी सङ्घ, नेपाल २०६३), पृ. १-८१ ।

मौलाना सैयद अबुल आला मौदुदी कै **शान्ति मार्ग** पुस्तकमा ब्रह्माण्डको सृष्टि र संरचना एक अल्लाहबाट भएको हो भन्नेबारे प्रस्ट पारिएको छ ।[४]

अबुल कलाम सुल्तान मैदुदीको **ईश्वरीय धर्म** पुस्तकमा इस्लाम शब्दको अर्थ र परिभाषाबारे उल्लेख गरिएको छ ।[५]

मौलाना सैयद अबुल आला मौदुदीको **इस्लाम दर्शन** पुस्तकमा इस्लामबारे परिचय दिइएको छ ।[६]

इस्लामी आस्था पुस्तकमा इस्लाम धर्मको सन्देश र इस्लामिक आचरणका बारेमा जानकारी दिइएको छ । मुसलमानले सबैभन्दा पहिले मान्नु र स्वीकार गर्नुपर्ने 'लाइलाह इल्लल्लाह मुहम्मदुइसुलल्लाह' को अर्थ र यसप्रति पूर्ण आस्था राख्नुपर्ने कुरा उल्लेख गरिएको छ ।[७]

**मधुर सन्देश** मासिक पत्रिकाका हरेक मासिक अङ्कमा मुसलमानका विविध पक्षका शीर्षकमा लेख छापिँदै आएका छन् ।[८]

मुस्तफा मुहम्मदको **समाज सुधारमा परामर्शको अपरिहार्य** नामक पुस्तकमा  कुनै कुराको निर्णयपूर्व परामर्श आवश्यक हुने कुरा उल्लेख गरिएको छ ।[९]

उपर्युक्त सन्दर्भ पुस्तकहरूमा मुस्लिम संस्कृति र धार्मिक आस्थाका सम्बन्धमा उर्दू भाषामा वर्णन गरिएको पाइन्छ । हिजोआज नेपाल टेलिभिजनबाट मुस्लिमहरूको धार्मिक धरोहर कुरआनका बारेमा विशेष वर्णन गर्ने कार्यक्रमहरू प्रसारित हुँदै आएका छन् । यस्ता पुस्तकात्मक तथा विद्युतीय प्रसारणका सामग्रीहरू पनि केही मात्रामा सूचनात्मक रहेका छन् ।

यति हुँदा हुँदै पनि मुसलमानका धार्मिक गाथाहरूको कसैले सामान्य चर्चा समेत नगरेको र धार्मिक गाथाका सन्दर्भमा मुसलमान समाज, जाति र संस्कृतिका विविध पक्षको परिचय गराउने उद्देश्यले यो अध्ययन पत्र तयार पारिएको छ ।

यस अध्ययन पत्रलाई पूर्णता दिने कार्यमा मुसलमान जातिको सङ्क्षिप्त परिचय, उत्पत्ति र इतिहास, इस्लाम धर्मको परिचय, संस्कार, पूजा-आजा, नित्यकर्म, चाडपर्व,

---

[४] शैयद अबुल आला, मौदुदी, **शान्ति मार्ग** (काठमाडौं : इस्लामी सङ्घ, नेपाल २०६३), पृ. १-२८ ।

[५] अबुल कलाम सुल्तान मौदुदी, **ईश्वरीय धर्म** (काठमाडौं : इस्लामी सङ्घ, नेपाल २०६४), पृ. १२ ।

[६] अबुजावेद मुहम्मद, **इस्लामी आस्था** (काठमाडौं : इस्लामी सङ्घ, नेपाल, २०६४), पृ. १-७७ ।

[७] शैयद अबुल आला मौदुदी, **इस्लाम दर्शन** (काठमाडौं : अलहेरा एजुकेशन सोसाइटी, २०६४), पृ. १-१६० ।

[८] रहम तुल्लाह मियाँ (सम्पा.), **मधुर सन्देश** (वर्ष १, अंक १, पूर्णाङ्क ९१, साउन, २०६४) पृ. ... ।

[९] मुस्ताफा महम्मद तहान, **समाज सुधारमा परामर्शको अपरिहार्य** (काठमाडौं : इस्लामी सङ्घ, नेपाल २०६५), पृ. १-४८ ।

अभिवादन र शिष्टाचार आदिका सम्बन्धमा यी पूर्वकार्यहरूले केही मद्दत नगरे पनि यिनको अध्ययनबाट विषयको ज्ञानलाई सहज बनाउन सहयोग प्राप्त भएको छ । पूर्वाध्ययन कार्यलाई आधार मान्दै स्रोत व्यक्तिबाट प्राप्त जानकारीलाई व्यवस्थित तुल्याउँदै यस अध्ययनपत्रलाई पूर्णता दिइएको छ ।

## १.६ सामग्री सङ्कलन विधि

अध्ययनसँग सम्बद्ध विभिन्न सामग्रीहरूको खोजी गरी तिनलाई एकत्रित गर्ने कामलाई सामग्री सङ्कलन भनिन्छ । लोक साहित्यको सैद्धान्तिक अध्ययन विधिमा आधारित रहेर **नारायणगढबासी मुस्लिम समाजका धार्मिक गाथाहरूको अध्ययन** शीर्षकको प्रस्तुत अध्ययन पत्रका लागि सामग्री सङ्कलनका विभिन्न विधिहरू प्रयोग गरिएको छ :

### १.६.१ क्षेत्रीय अध्ययन विधि

यो अध्ययन लोक साहित्यिक विधाअन्तर्गत धार्मिक गाथाको अध्ययन कार्य भएका हुनाले मुस्लिम लोकगाथाको खोजीका निम्ति क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको छ । यसका निम्ति नारायणगढ-२, क्षेत्रपुरका मजिद खाँ, युसिफ दिन मियाँ, कासिम मियाँ लगायत त्यस क्षेत्रमा रहेका विभिन्न पहाडी मुसलमान तथा मस्जिदमा उपस्थित मुसलमान महानुभावहरूलाई स्रोतव्यक्ति बनाई उनीहरूको सहयोगबाट यस अध्ययन पत्रको सामग्री सङ्कलन भएको छ ।

### १.६.२ पुस्तकीय अध्ययन विधि

प्रस्तुत अध्ययन पत्रको तयारीका क्रममा सामग्री सङ्कलन, सैद्धान्तिक अध्ययन तथा विश्लेषणका निम्ति पुस्तकीय विधि अँगालिएको छ । यस क्रममा अध्ययन पत्रको विषयसँग सम्बद्ध पुस्तक, शोधपत्र, पत्र-पत्रिका, लेख, शब्दकोश, बुलेटिन आदिका माध्यमबाट र क्षेत्रीय अध्ययन विधिद्वारा सङ्कलित मुसलमान समाजका धार्मिक गाथाहरूको वर्गीकरण-विश्लेषण गरिएको छ । सामग्री सङ्कलन विधिको सैद्धान्तिक अवधारणा अनुसरण गरी सोही ढाँचाअनुसार अध्ययन पत्रलाई व्यवस्थित तथा प्रबन्धित गरिएको छ ।

## १.७ अध्ययन विधि

अध्ययनका क्रममा अगालिने क्रमबद्ध नियम वा कार्य प्रणालीलाई अध्ययन विधि भनिन्छ । नारायणगढबासी मुस्लिम समाजका धार्मिक गाथाहरूको अध्ययन विश्लेषण गर्ने

क्रममा गाथासम्बन्धी लेखन कार्यमा ऐतिहासिक पद्धतिलाई अगालिएको छ भने विश्लेषण सम्बन्धी कार्यमा समालोचनाका सामान्य सिद्धान्तलाई अगालिएको छ ।

## १.८ अध्ययनको सीमाङ्कन

यस समुदायमा धार्मिक तथा सांस्कृतिक वाङ्मय प्रचुर मात्रामा पाइने भए पनि यस अध्ययन पत्रमा चितवन जिल्ला अन्तर्गतका भरतपुर तथा नारायणगढ क्षेत्रमा बसोवास गर्ने मुस्लिम समुदायमा प्रचलित धार्मिक हमत, नात, गजल, दुआ, कवाली, सायरी, कहानी आदि धार्मिक गाथाहरूको सङ्कलन र अध्ययनमा प्रस्तुत अध्ययन पत्र सीमित रहेको छ ।

## १.९ अध्ययनको रूपरेखा

प्रस्तुत अध्ययन पत्रलाई व्यवस्थित र पूर्ण बनाउन निम्नलिखित पाँच परिच्छेदमा विभाजन गरिएको छ :

**परिच्छेद एक : अध्ययनको परिचय**

यो परिच्छेद अध्ययन पत्रको परिचयका रूपमा रहेको छ । यसअन्तर्गत अध्ययनको शीर्षक, प्रयोजन, विषय परिचय, समस्या कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र महत्त्व, पूर्वाध्ययनको समीक्षा, अध्ययन विधि, अध्ययनको सीमाङ्कन र अध्ययनको रूपरेखा रहेका छन् ।

**परिच्छेद दुई : मुसलमान जातिको सामाजिक सांस्कृतिक परम्परा**

यस परिच्छेद अन्तर्गत मुसलमान जातिको सङ्क्षिप्त परिचयसहित सामाजिक सांस्कृतिक परम्परा प्रस्तुत गरिएको छ ।

**परिच्छेद तीन : लोकगाथाको परिचय**

यस परिच्छेदमा लोकसाहित्यको सैद्धान्तिक परिचयका साथै लोकगाथाको परिचय प्रस्तुत गरिएको छ ।

**परिच्छेद चार : मुस्लिम धार्मिक गाथाहरूको वर्गीकरण र विश्लेषण**

यस परिच्छेदमा मुसलमान समाजमा प्रचलित धार्मिक गाथाहरूको वर्गीकरण र विश्लेषण प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँच : निष्कर्ष**

यस परिच्छेदअन्तर्गत अध्ययन पत्रका हरेक परिच्छेदहरूमा वर्णित विषयहरूको परिच्छेदगत सारलाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ ।

अन्त्यमा अध्ययन-पत्र तयार पार्दा प्रयोग गरिएका पुस्तक, पत्रिका र शोधपत्रलाई सन्दर्भसामग्रीसूचीमा राखिएको छ र अध्ययन पत्रका अन्त्यमा मूल परिच्छेदहरूमा उल्लेख गर्न सम्भव नभएका सामग्री र सामग्री सङ्कलनका क्रममा सहयोग पुऱ्याउने व्यक्तिहरूको व्यक्तिगत विवरण परिशिष्ट खण्डमा समावेश गरी यस अध्ययन-पत्रलाई पूर्णता दिइएको छ ।

# परिच्छेद : दुई

# मुसलमान जातिको सामाजिक र सांस्कृतिक परम्परा

## २.१ मुसलमान जातिको सङ्क्षिप्त परिचय

नेपाल बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक एवं बहुजातीय राष्ट्र हो । नेपाल अनेकतामा एकता, विविधतामा सुन्दरता र जातजातिमा विभिन्नता भएको राष्ट्र हो । क्षेत्रफलका दृष्टिले सानो मुलुक भएर पनि यो एउटा सानो संसार हो । नेपालमा बसोबास गर्ने विभिन्न जातिहरूमध्ये मुसलमान पनि एक जाति हो । नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म तराई, पहाड, हिमालमा प्राचीन कालदेखि नै यो जाति बसोबास गर्दै आएको छ ।

नेपालको भित्री मधेसमा पर्ने चितवन जिल्लाअन्तर्गत नारायणगढ क्षेत्रमा बसोबास गर्ने यो जाति व्यापार व्यवसायमा लागेको पाइन्छ । यस क्षेत्रमा पहाडी र मधेसी दुवै खाले मुसलमान बसोबास गर्छन् । मुसलमानहरू हरेक शुक्रवार भरतपुर नगरपालिका वडा नं. २, नारायणगढस्थित 'अल्लजमातुल बर्कातिया जामे मस्जिद' मा नमाज पढ्न र प्रार्थनाका लागि भेला हुन्छन् । यसका लागि चितवन मुस्लिम समाज नामक समिति पनि गठन गरिएको छ ।

मुसलमान जातिहरू इस्लाम धर्म मान्ने गर्छन् । मुसलमान वा मुस्लिमको अर्थ सेवक हो । सृष्टिकर्ता अल्लाहको सेवक वा उनको दासता स्वीकार गर्ने मानिसलाई मुसलमान वा मुस्लिम भनिन्छ ।

मुसलमानको सामान्य चिनारी उनीहरूको पोसाकबाट पनि पाइन्छ । पुरुषहरू तरबाना, कुर्ता, पाइजामा लगाउने, दाह्री पाल्ने, सफासुग्घर भएर धर्मअनुसार खुसवुदार भएर हिँड्ने गर्दछन् भने आधुनिकताको प्रभाव पनि पर्न थालेका कारणले उनीहरूमा सर्ट, पाइन्ट, टाइ लगाउने प्रचलन पनि बढ्दो छ । मुसलमान महिलाहरूले कालो बुर्का लगाउँछन्, चुन्नीले कपाल ढाक्छन्, आफ्नो सौन्दर्य बाहिर प्रदर्शन गर्दैनन् । यो मुसलमान नारीको

पहिचान हो तर आधुनिकता सँगसँगै हिजोआज अन्य जातजातिका नारीहरूजस्तै यिनीहरू पनि कुर्ता सुरुवाल, पाइन्ट, टिसर्ट, साडी आदि पहिरनमा सजिएका देखिन्छन् ।

## २.२ नेपालमा मुसलमान जातिको उत्पत्ति र इतिहास

मुसलमान नेपालको पुरानो जाति हो । यस जातिको इतिहास पनि ज्यादै पुरानो रहेको पाइन्छ । चितवन, नारायणगढमा रहेका मुसलमान (चुरांउटे, चुरउटे/चुरौटे) जाति आफूलाई मियाँ जाति भनेर चिनाउन चाहन्छन् । चुरौटे भनेर अरूले आफूहरूलाई होच्याएको उनीहरूको भनाइ छ । यिनै चुरौटे जातिका सन्तान नेपाली मुसलमान हुन् । अरबी भाषामा अधीन वा तवेदार हुनु नै मुसलमान हुनु हो । आफ्ना देवीमालिका वा स्वामीको सेवक वा अधीन वा तावेदार हुनु नै मुसलमान हुनु हो ।[१]

विश्वको सृष्टिक्रममा हजरत आदम अलैहिस्सलामलाई माटोबाट बनाइयो । पहिलो मानिसका रूपमा अल्लाहले माटोबाट बनाएको मानवको बायाँ कोखबाट एक जोडी आदम र हवुवाको जन्म भयो । हवुवाको कोखबाट छोरा हविल र अकिल्या कुमारीको जन्म भयो । केही समयसम्म कुमार र कुमारीको जोडीका रूपमा जन्मिने क्रमले निरन्तरता पायो र मानव सृष्टि फैलियो । त्यस बेलासम्म संसारमा हिन्दू र मुसलमान भन्ने विभेद थिएन । अन्त्यमा धर्मको निन्दा गर्न थालेपछि मानिसहरू आस्तिक र नास्तिकका रूपमा देखापर्न थाले । मुस्लिम जनश्रुतिअनुसार आस्तिक इस्लाम बने । यही आस्तिक र नास्तिकका आधारमा धर्मको द्वन्द्व चल्यो र अन्तमा पैगम्बर महम्मदको जन्म भयो । उनको नाम मुसलमान र उनले मान्ने धर्मलाई इस्लाम नाम राखियो त्यसपछि इस्लाम धर्मले निरन्तरता पायो ।

अल्लाहले माटोबाट निर्मित मानवलाई प्रथम मानिसका रूपमा गर्नुपर्ने र मान्नुपर्ने कुराहरू सिकाएका थिए । त्यस्तै हजरत आदम अलैहिस्सलामले आफूलाई अल्लाहले भने अनुसारका सबै कुरा आफ्ना सन्तानहरूलाई सिकाए । यसरी पृथ्वीमा अलैहिस्सलाम पहिलो मुसलमान र अल्लाहका पहिला दूत भए । उनले भने अनुसार आचरण गर्ने सन्तान पृथ्वीमा पहिला मुस्लिम भए । तर विकास र परिवर्तनका क्रममा अल्लाहले भने अनुसार आचरण हराउँदै जान थाल्यो । त्यो देखेर मानिसलाई उचित आचरणका साथ सही मार्गदर्शन गर्न हजरत मुहम्मद मुस्ताफा अलैहिस्सलामलाई अल्लाहले फेरि आफ्नो दूतका रूपमा पृथ्वीमा

[१] मदरसा नरुल उलुम, **इस्लाम एण्ड मुस्लिम एन इन्ट्रडक्सन** (नवलपरासी : मदरसा नरुल उलुम, २०५५) पृ. २ ।

पठाए । उनले अल्लाहको आदेश सुनाएपछि मानवहरू फेरि सही मार्गमा हिँडे । मानव जातिको मुक्ति वा कल्याणका लागि अल्लाहले तयार पारेको धर्म इस्लाम हो । मुसलमान जाति मानिसको समूह नभएर अल्लाहको सेवक र उनैको अधीनमा रहेर जिउने मानिस हो । अल्लाह सर्वशक्तिमान् र एक मात्र पूजनीय हस्ती हुन् । उनको आदेश मन, वचन र कर्मले पूर्ण रूपमा पालना गर्ने मानिस मात्र मुसलमान हो र उसले मान्ने धर्म इस्लाम हो ।

सर्वशक्तिमान् अल्लाह एक मात्र सृष्टिकर्ता, पालनकर्ता र संहारकर्ता मानेर त्यसमा आस्था राख्नु तौहिद हो । तौहिद इस्लाम धर्मको मूल आधार हो । तौहिदबिना, नमाज, रोजा, हज, जकात वा दान पुण्य अल्लाहलाई मान्य हुँदैन । आस्था र विश्वासलाई इमान भनिन्छ । तौहिदमाथि इमान राख्नुपर्दछ । इमान नहुनुलाई शिर्क ठानिन्छ । अल्लाहबाहेक अरू कोही पूजनीय छैन  भन्ने  सोचेर अल्लाहलाई स्वीकार्नु पर्दछ । तौहिदलाई आजीवन अवलम्बन गर्नुपर्दछ ।[२]

हजारत आदम अल्लाहका दूत हुन् । उनैबाट दूत पठाउने क्रम सुरु भएको हो । अल्लाह हजरत मुहम्मदको समाप्तपछि पवित्र ग्रन्थ कुरआनको अवतरण भएको हो । यसमा मानिसले पालना गर्नुपर्ने इस्लाम धर्मको पूर्णरूपमा वर्णन गरिएको छ । अन्तिम दूत स.अ.ब. को पूरा नाम मुहम्मद मुस्ताफा हो । माता हजरत अमिन र पिता अब्लुल्लाका पुत्रका रूपमा सन् ५७१ अप्रिल (वि.सं. ६२०) मा साउदी अरबको मक्कामा यिनको जन्म भएको थियो । यिनले जीवनभर अल्लाह र इस्लामका प्रमुख अनुयायीका रूपमा इस्लामी अभियान सञ्चालन गरे । उनले त्रिसठ्ठी वर्षसम्म इस्लाम धर्मको प्रचार-प्रसार गरेका हुन् । सन् ६३२, १२ खीउल अउब्बल १० हजरी अर्थात् वि.सं. ६८५ मा मदिनामा यिनको निधन भयो । त्यहीँ यिनको दाहसंस्कार गरिएको हो ।

यसरी मुहम्मद मुस्ताफाको निधनपछि उनको जन्मस्थल र निधनस्थल मक्का र मदिनाबाट मुसलमानहरू विश्वका धेरै राष्ट्रमा फैलिए । त्यहाँबाट फैलिएका मुसलमानहरू भारतको कास्मिर प्रान्तमा पनि थिए । मल्ल राजाहरूले कास्मिरी मुसलमानलाई भारतका मुस्लिम राजाहरूसँग बिन्तीभाउ गरेर आफ्नो राज्यमा हातहतियार, गोला बारुद बनाउन, हातहतियार चलाउने कला सिकाउन, औषधी-उपचार गर्न, रानीहरूको शृङ्गारका लागि सहयोग पुऱ्याउन नेपाल ल्याएका हुन् । राजाहरूले उच्च दरबारिया खाना पकाउनसमेत मुसलमानलाई नेपाल ल्याएका थिए ।

---

[२] ऐजन, पृ. १-१५ ।

पछिल्लो चरणमा गोरखाका राजा पृथ्वीनारायण शाहले आफ्नो राज्य विस्तारका क्रममा ठूलै सङ्ख्यामा भारतबाट मुसलमान ल्याएका थिए । त्यसबखत हातहतियार बनाउने, धातु प्रशोधन गर्ने, औषधी उपचार गर्ने, गहना बनाउने खाना पकाउने, द्वारपाले, हतियार चलाउने मुसलमानहरू पृथ्वीनारायण शाहले गोरखा राज्यमा ल्याएका थिए । गोरखाका बुढापाका मुसलमानहरूको भनाइअनुसार गहना बेच्ने बाहना बनाएर लमजुङ्ग गई दरबारमा राजालाई काटे बापत गोरखाका मुसलमानहरूलाई किपट जमिन उपहार पृथ्वीनारायण शाहले दिएका थिए । त्यही जमिनमा चुरा भट्टी बनाएर मुसलमानहरू बसेका थिए ।[३]

त्यसै गरेर रत्न मल्लका पालामा कास्मिरी मुसलमानहरूले नेपालको बाटो हुँदै तिब्बतसँग व्यापार गर्दथे । तिब्बत जाने क्रममा उनीहरूले काठमाडौंमा पनि व्यापार गरेको उल्लेख पाइन्छ । कतिपय मुसलमानलाई रत्न मल्लले नेपालमा बसेर व्यापार गर्न दिएका थिए भन्ने भनाइ पनि छ ।

यसरी नेपालमा सयौं वर्षदेखि बसोबास गर्दै आएका मुसलमानहरू चाहे ती उपत्यकामा बस्ने हुन् चाहे पहाड वा तराई-मधेसमा उनीहरूको इतिहास धेरै पुरानो छ ।

पृथ्वीनारायण शाहको एकीकरणपश्चात् मुसलमानहरू विभिन्न जिल्लामा छरिएका हुन् । उनीहरूको प्रथम आगमन थलो गोर्खा जिल्ला नै हो भन्ने भनाइ पाइन्छ भने कतैकतै विभिन्न व्यापार-व्यवसायका क्रममा र स्वादिलो खाना बनाउन तथा घोडसवारी चलाउने कार्यका लागि मुसलमानहरू नेपाल भित्रिएका हुन् भन्ने भनाइ पाइन्छ । यसरी नेपाली मुसलमानको आगमनको इतिहास धेरै लामो रहेको छ ।

## २.३ इस्लाम धर्मको परिचय

संसारमा जति पनि धर्म छन् ती सबैको नाम कि त विशेष व्यक्तिका नाममा राखिएको देखिन्छ कि त कुनै जाति आदिका नाममा राखिएको छ । क्रिश्चियन धर्म यशु मसीह (जेसस क्राइस्ट) का नाममा प्रसिद्ध भएको छ । त्यस्तै बौद्ध धर्मको नाम यस धर्मका प्रवर्तक गौतम बुद्धका नाममा राखिएको छ तर इस्लाम धर्मको विशेषता कुनै व्यक्ति वा जातिसँग सम्बन्धित छैन बरू यस धर्मले विशेष गुण प्रकट गरिरहेको छ जुन इस्लाम शब्दको अर्थमा पाइन्छ । मुस्लिम पवित्र ग्रन्थ कुरआनमा निःसन्देह अल्लाहलाई स्वीकार्य धर्म

[३] कासिम मियाँ, **मुसलमान आगमन** अप्रकाशित पाण्डुलिपि, २०६५, पृ. १-९ ।

इस्लाम नै हो भन्ने उल्लेख पाइन्छ । अल्लाहको आज्ञा पालन गर्नु यसको अर्थ हो । मुस्लिमहरूको धर्मलाई इस्लाम धर्म भनिन्छ । अल्लाह र मानवबीचको सम्बन्ध इस्लाम हो ।[४]

## २.४ चितवन/नारायणगढमा मुसलमानको आगमन

अधिराज्यको एकीकरण अगावै मल्ल राजाले उपत्यकामा भित्र्याएका मुसलमानहरूलाई गोरखा राज्यमा पृथ्वीनारायण शाहले विविध उद्देश्यले लगेका थिए । आफ्नो उद्देश्य प्राप्तिमा अथक योगदान पुऱ्याएका हुनाले पृथ्वीनारायण शाहले उनीहरूलाई किपट उपहार दिएका थिए । सोही किपट जग्गामा बसोवास गरेका मुसलमानहरू कालान्तरमा व्यापारका दृष्टिले यत्रतत्र बसाइँ सर्न थाले र सोही क्रममा उनीहरू औलो उन्मुलनको प्रयासकालदेखि बिस्तारै चितवनतर्फ पनि आकर्षित हुन थाले । साथै व्यापारका सामान खरिद गर्न भारत आवतजावत गर्दा नारायणगढ बजारलाई उपयुक्त व्यापारिक क्षेत्र ठानेका हुनाले आजभन्दा करिब ४० वर्ष अघिदेखि मुसलमानका सन्तानहरू यतै बस्ने र पहाडतर्फ सामान पठाउने काममा लागेका हुन् । विस्तारै व्यापारका दृष्टिले बजार विस्तृत हुँदै आएपछि ठूलो सङ्ख्यामा नारायणगढमा मुसलमानको आगमन हुन थालेको पाइन्छ ।

## २.५ बसोवास र जनसङ्ख्या

मुसलमान जाति नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बसोबास गर्ने जाति हो । व्यापारी/व्यवसायीका रूपमा ७५ जिल्लामा र बसोबासका रूपमा मनाङ र मुस्ताङ बाहेक ७३ जिल्लामा यस जातिको बसोवास देखिन्छ ।

राष्ट्रिय जनगणना २०६८ अनुसार चितवन जिल्लामा मुसलमानहरूको कूल जनसङ्ख्या २५१४ रहेको र भरतपुर न.पा.मा जम्मा ३११ जना मुसलमान रहेका पाइन्छन् ।[५]

नारायणगढमा बसोबास गर्ने मुसलमानहरूमध्ये अधिकांश मुसलमानहरू पहाडिया मुसलमानअर्न्तगत पर्दछन् । उनीहरू व्यापार–व्यवसायका लागि विभिन्न पहाडी जिल्लाबाट बसाइँ सरी यस क्षेत्रमा स्थायी बसोबास गर्दै आएका छन् । राष्ट्रिय जनगणनामा अन्य मुसलमानहरूको जनसङ्ख्या र पहाडी मुसलमानहरूको जनसङ्ख्यामा फरक देखाइएको छैन । उक्त जनगणनामा सम्पूर्ण मुसलमानहरूलाई समावेश गरिएको भए तापनि यस

[४] कासिम मियाँ, पूर्ववत्, पृ. १-९ ।
[५] **चितवन जिल्लामा पिछडा वर्गको स्थिति र पहिचान**, (चितवन : जिल्ला विकास समिति, २०६८) पृ. २ ।

अध्ययन पत्रमा पहाडी मुसलमानहरूलाई स्रोत व्यक्तिका रूपमा नलिई आप्रवासी मुसलमानलाई स्रोतव्यक्ति बनाइएको छ ।

## २.६ व्यवसाय

नारायणगढ र यस वरपरका क्षेत्रमा बसोबास गर्ने मुसलमानहरू कृषिका साथै कुखुरा, गाई–भैंसी, माछा र मौरी पालन जस्ता मुख्य पेसामा लागेका छन् भने उद्योग धन्दामा पनि यिनीहरूको संलग्नता पाइन्छ । मूर्तिकला, हस्तकला, डकर्मी, सिकर्मी, सिलाइ, बुनाइ, व्यापार, व्यवसाय, नोकरीका साथै राजनीतिक क्षेत्रमा पनि उनीहरू सक्रिय देखिन्छन् । चितवन नारायणगढमा विभिन्न क्षेत्रबाट बसाइँ सरी व्यापारका लागि आएका मुसलमानहरू चुरा, चप्पल, पोते, धागो, टीका लगायतका शृङ्गारका सामग्रीहरूको व्यापार गरेर आफ्नो व्यवसायी जीवनयापन गरिरहेका छन् ।

## २.७ संस्कार

हरेक जातिका आआफ्नै संस्कार हुन्छन् । जन्मदेखि मृत्युपर्यन्त गरिने कर्महरूलाई नै संस्कार भनिन्छ । संस्कारले कुनै पनि जातिको जातीय अस्तित्वलाई जोगाएर राख्न मद्दत पुऱ्याउँछ । यस अर्थमा पनि संस्कारलाई मानव जातिकै जातीय अस्तित्वको परिचायक मान्न सकिन्छ । अवगुण, दोष, कमजोरी आदिलाई हटाई गर्ने काम वा सुधार वा शुद्ध पार्ने कामलाई संस्कार भनिन्छ ।[६] संस्कारले हरेक जातिलाई आफ्नो जातिको कर्तव्यप्रति सजग बनाउँछ । यसले कुनै पनि जातिको संस्कारगत मान्यता जोगाउने, लोक जीवनको संरक्षण गर्ने र परम्परागत मूल्य र मान्यतालाई जीवन्त राख्ने काम गर्दछ ।

### २.७.१ इबादत

नेपालीमा इबादतलाई धार्मिक पूजा-आजा भन्न सकिन्छ । मुसलमानको धर्म इस्लाम हो । अल्लाहमाथि इमान राख्नु उनीहरूको धर्म हो । मुसलमानहरू हिन्दूहरूले जस्तो देवीदेवताको मठमन्दिरमा पूजाआजा र आराधना गर्दैनन् । उनीहरू टीकाटालो गर्दैनन् । उनीहरूका हरेक संस्कार मुस्लिम धर्मअनुसार सम्पन्न गरिन्छन् । हरेक कार्य गर्दा मौलानाद्वारा नमाज पढिन्छ । मुसलमान हरेक शुक्रबार मस्जिदमा नमाज पढ्ने, रोजा (व्रत)

---

[६] बालकृष्ण पोखरेल (नि.), **नेपाली बृहत् शब्दकोश** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०) पृ. १२८० ।

बस्ने गर्दछन् । दिनको पाँच पटक नमाज पाठ गर्दै, घोप्टो पर्दै अल्लाहको पुकारा गर्नु, अल्लाहको इच्छा र आदेश अनुसार काम गर्नु नै पूजा हो भन्ने उनीहरूको धारणा छ ।

मुसलमान समाजमा यस्ता विभिन्न संस्कारहरू रहेका छन् । सम्पूर्ण जातिहरूमा प्रचलित संस्कारहरूभैँ मुसलमान जातिमा रहेका संस्कारहरूलाई नारायणगढमा बसोबास गर्ने मुसलमानहरूले पनि आ-आफ्नै क्षमताअनुसार सम्पन्न गर्दछन् । सुमलमानहरू पनि जीवनका हरेक पक्ष वा कर्ममा अर्थात् जन्मँदा, बढ्दा, मर्दा आफ्नो धार्मिक संस्कार आवश्यक ठान्दछन् । उनीहरूका संस्कारहरू तल उल्लेख गरिएका छन् :

## २.७.२ हकिका

हकिका भन्नाले मानवीय संस्कारअन्तर्गत जन्म संस्कारको प्रथम क्रियाकलाप पर्दछ । मुसलमान परिवारमा नवजात शिशुको जन्म भएपछि घरमा हर्ष उल्लासको वातावरण छाउँछ । नवजात शिशु र सुत्केरी आमाको खानपान एवं हेरचाहमा मुसलमानहरू विशेष जोड दिन्छन् । यो जाति छोरीको जन्मलाई अत्यन्तै शुभ मान्दछ । बच्चा जन्मेको सातौँ दिनमा छैटी हुन्छ । यसलाई हकिका भनिन्छ । हकिकामा शिशुको गर्भे कपाललाई अशुभ ठानिने हुँदा कपाल खौरेर सो कपालको तौल अनुसारको सुन/ चाँदी आफ्नो औकातअनुसार फकिर, माग्ने, गरिब, दुःखीलाई दान गरिन्छ र बालकको नामकरण गरिन्छ । बच्चालाई उपहार टक्र्याउने अनि सिर्नी खाई मुसलमान समाजका नवजात शिशुको हकिका संस्कार सम्पन्न हुन्छ ।

## २.७.३ दानानुसी

दानानुसीलाई नेपाली संस्कारमा अन्नप्रासन वा पास्नी भन्ने गरिन्छ । मुस्लिम जातिहरूको जीवनमा गरिने हरेक संस्कारहरूमध्ये दानानुसी पनि एक हो । बच्चाको जन्मपश्चात् मुस्लिम ग्रह, नक्षत्रअनुसार विशेष दिन वा शुभ साइत पारेर शिशुको अन्नप्रासन कार्य सम्पन्न गरिन्छ । मुसलमानहरू छोराको ६ महिनामा र छोरीको ५ महिनाको उमेरमा दानानुसी गर्दछन् । मौलानाले कुरआनका स्तोत्रहरू वाचन गरेपछि बालकलाई विशेष प्रकारको भाँडामा तयार पारिएको सिर्नी (नैवेद्य वा प्रसाद) खुवाउने गरिन्छ । यस अवसरमा इष्टमित्रहरूलाई आमन्त्रण गरिन्छ । बालकलाई सिर्नी खुवाउने र लुगा, कपडा, खेलौना, 'कुरआन' पुस्तक उपहार दिने गर्दछन् । इष्टमित्रहरूलाई मिष्ठान्न भोजनको व्यवस्था गरिएको हुन्छ । हिजोआज नारायणगढका मुसलमानको यस संस्कारमा

आधुनिकताको प्रवेश भएको छ र अन्य जात जातिहरूलाई पनि दानानुसीमा आमन्त्रण गर्ने चलन बढेको छ ।

## २.७.४ हकिक

यसलाई नेपाली समाजमा व्रतबन्ध भनिन्छ । नारायणगढे मुसलमानहरूले पनि आफ्ना छोराछोरी दुवैको व्रतबन्ध गर्दछन् । केटाकेटीहरूलाई घरका बुढापाकाहरूले नुहाइदिएर शुद्ध बनाइसकेपछि मौलानाद्वारा कुरआन-सरिफ पढी हकिक संस्कार सम्पन्न गरिन्छ । छोराको हाकिकमा दुईवटा खसी काट्नु अनिवार्य हुन्छ भने छोरीको हकिकका लागि एउटा खसी बलि दिनुपर्दछ । हकिक व्यक्तिको विवाहभन्दा अगाडि गर्नुपर्ने हुन्छ । यस अवसरमा आफ्ना इष्टमित्र सबैलाई बोलाउने र रमाइलो गर्ने चलन छ । व्रतबन्ध भएका बालबालिकालाई उपहार र सिर्नी दिने परम्परा छ ।

मुसलमान समाजमा पुरुषको हकिकका अवसरमा छोराका लागि सुन्नत अनिवार्य हुन्छ । यसमा छोराको पिसाब फेर्ने अङ्गको बाहिर निस्केको बढी छाला काट्नु पर्दछ । केटाको कपाल मामाले काट्ने गर्दछन् । पछि घरमा जम्मा भएका आफ्ना नातेदार र छरछिमेकहरूलाई सिर्नी र गोस्त (मासु) सहित भोजन गराएपछि यो संस्कार सम्पन्न हुन्छ ।

## २.७.५ निकाह

यसलाई नेपाली समाजमा विवाह भनिन्छ । समाजमा प्रचलित विभिन्न संस्कारहरूमध्ये विवाहलाई सर्वाधिक महत्त्वपूर्ण संस्कार मानिएको छ । मुसलमान युवा/ युवती १६-१७ वर्ष पूरा भएपछि विवाहयोग्य हुन्छन् । निकाहका निम्ति मोहरनामा दिनु अनिवार्य हुन्छ । केटातर्फबाट केटी मञ्जुर छ-छैन पक्का पक्की गर्ने कामलाई मोहरनामा भनिन्छ । केटीले मञ्जुरी दिएपछि केटातर्फबाट कम्तीमा पनि साढे साता जिरान बराबर रकम दिनु आवश्यक हुन्छ । केटी मन्जुर भएपछि मोहरनामा दिने कामलाई निकाह भनिन्छ । यस समाजमा विवाहका लागि गोत्र मिलाउनुपर्ने आवश्यक छैन । दूध बार्ने चलन छ । दुई दाजुभाइ वा दुई दिदीबहिनी वा मामा-चेला फुपू-चेला बीचमा पनि बिहाबारी चल्ने र चलाउने प्रचलन छ । यस्तो विवाहबाट घरजम राम्रो र बलियो बन्ने उनीहरूको धारणा रहेको छ । निकाहपछि निकाह भयो भनेर साक्षी बस्ने एकजना वकिल र दुईजना गवहा हुन्छन् । बरियातलाई फूलले पानी छर्केर मौलानाले मिलाद पढेर स्वागत गर्ने चलन छ । छोरीलाई औकातअनुसारको दाइजो दिने प्रचलन पनि छ । अन्य दाइजोका साथमा कुरआन ग्रन्थ पनि

दिनु अनिवार्य छ । त्यस अवसरमा सिर्नी बाँड्ने, सम्पूर्ण इष्टमित्रहरूले वरवधूलाई आशीर्वाद तथा उपहार दिने र कवाली, गजल गाउँदै छोरीलाई बिदाइ गरिन्छ । दुलाहाका घरमा पनि निकै चहलपहल हुन्छ । वरवधूको सफल दाम्पत्य जीवनको कामनाका साथ कवाली, सायरी, गजल गाउँछन् । बेहुलीलाई घरका परिवार, इष्टमित्रहरूसँग परिचय गराइन्छ । माइतीबाट ल्याइएको सिर्नी बाँड्न लगाएर दुलहीलाई घरमा गृहणीका रूपमा स्वीकार्ने परम्परा छ ।

## २.७.६ जनाजा

जनाजालाई नेपाली समाजमा मृत्यु संस्कार भन्ने बुझिन्छ । मुसलमानका घरमा कुनै सदस्यको निधन भएमा उनीहरूले अल्लाहको पुकारा गर्दै मृतक आत्माको चिरशान्तिको कामना गर्छन् । घरका परिवारले लास (मैयत) लाई नुहाएर पवित्र तुल्याउँछन् । कल्मा लेखिएको ३६ हातको कफन (कात्रो) लगाइदिएपछि त्यसलाई अत्तर, गुलाबजल, आबेजमाजम छर्किएर बास्नादार बनाइन्छ । मैयतलाई ताबुतमा राखिन्छ । मैयतलाई मस्जिदको प्राङ्गण वा गवरगाह जहाँ सम्भव छ त्यहाँ राखी जनाजाको नमाज मौलानाले पढ्नु पर्दछ । सम्पूर्ण मलामीहरूले नुहाएर शुद्ध र पवित्र भएर जनाजाको नमाज पढ्ने गर्दछन् । त्यसपछि मलामीले काँधमा काँध मिलाएर बिस्तारै कल्मा, दरुद सरिफ पढ्दै कब्रस्तानमा मैयत पुऱ्याउँछन् । कब्रस्तानमा मैयत अर्ध उठेर बस्न सक्ने खाल्डो खन्दछन् । पुरुष मैयतका लागि तीन थान कफन (कुर्ता, सरवाल, मुसल्ला) र महिला मैयतका लागि पाँच थान (साया, च्यादर, कुर्ता, लुङ्गी, मुसल्ला) कफन अनिवार्य हुन्छ । मौलानाले जनाजाको नमाज पढेपछि मैयतलाई कब्रगाहमा राखिन्छ र त्यसमाथि अत्तर, आबेजम, कपुर, गुलाबजल, फूल छर्किएर, अगरबत्ती बालेपछि मैयतको मुख मदिना वा कावा (पश्चिम) दिशातर्फ फर्काएर त्यसमाथि मजबुत बाक्लो कपडा, प्लास्टिक ओछ्याएर माटोले पुरिन्छ । पहिला मौलानाले मट्टी दिनुपर्दछ । हातमा एक एक मुट्ठी माटो लिएर जनाजाको नमाज पढ्दै तीन पटक कब्रगाहामा फाल्ने गर्दछन् । सोही क्रममा सम्पूर्ण मलामीहरूले मुट्ठी मट्टी दिनु अनिवार्य हुन्छ । त्यसपछि माटोले छोपेर कब्रगाहालाई माटो मिलाएर समथर पारिन्छ । मलामीहरू कब्रगाहालाई छोडेर चालीस कदम पछि सरेपछि दरुद, दुआ गाउँछन् र मृतकको चिरशान्तिको कामना गर्दछन् । त्यसपछि तीन दिनसम्म मृतक/शोकाकुल परिवारका घरमा सँगै बसेर शोकलाई मथ्थर पार्ने गरिन्छ । सबै मुसलमानको तीन दिनसम्म मृतकका घरमा नै खानपिन हुन्छ । तीन दिनमा तिजा मनाइन्छ । तिजामा मिलाहत अनिवार्य हुन्छ । दशौँ, बीसौँ, तीसौँ, चालीसौँ र वार्षिकी कर्म गरेपछि मिलाद हुन्छ र चोखिन्छ ।

## २.८ चाडपर्व

नाराणगढका मुसलमानहरूका आफ्नै जातीय संस्कृतिअनुसार विभिन्न चाडपर्वहरू मनाउँछन् । पूजाआजा, भोज-भतेर, खेल-तमासा आदिबाट गरिने मनोरञ्जन, खासखास प्रकारका धार्मिक कार्य वा पर्व-उत्सवलाई चाड भनिन्छ भने उत्सव मनाइने वा भोज खाइने समय वा दिन, रमाइलो मनाइने र पूजा आदि गरिने विशेष अवसरलाई पर्व भन्ने गरिन्छ । जीवनमा आइपर्ने उत्पीडन, शोक, चिन्ता र दुःखलाई बिर्सेर मानव मुसुक्क मुस्कुराउन चाहन्छ । यस्तैयस्तै परिस्थितिहरूका बीचमा चाड र पर्व जन्मेका छन् । नेपालरूपी सुन्दर फूलबारीभित्र अनेक जात, सम्प्रदाय, धर्म र संस्कृतिका सुन्दर फूल फुलेका छन् । नेपालरूपी फूलबारीमा सुन्दर जातीय फूलका रूपमा फुलेका मुसलमान समुदायले अनेक पर्व-उत्सव र चाडहरू मनाउने गर्दछन् ।

### २.८.१ मोहरम

मोहरम मुसलमानहरूको वर्षको पहिलो पर्व हो । मुसलमानहरू फातिया (दुःख) मा बसेर नियाज (नैवेद्य) राखेर गमी (शोक) मनाउँछन् । धर्म प्रचारका क्रममा आफ्ना धर्मगुरु, इमाम हासेन हुसेन मोहरम महिनाको दश तारिखका दिन युद्धमा सहिद भएको हुनाले उनकै सम्झनामा यो शोक पर्व मनाउने गर्दछन् । यो वर्षको पहिलो महिना हो । यसैलाई नै मोहरम पर्व भनिन्छ ।

### २.८.२ बाह्र रविउलओफात

मुसलमानहरूले पैगाम्बर मुहम्मदको जन्मोत्सवका रूपमा यो पर्व मनाउँछन् र त्यस अवसरमा मस्जिदबाट ऱ्याली निकाल्छन् । ऱ्यालीमा नाराहरू पनि लगाउँछन् । ऱ्यालीमा एक जनाले भट्याउने र अरूले छोप्ने गर्दछन् ।

भट्याउने – नारे तक्बीर
अरू सबै – अल्लाहु अक्वर !
भट्याउने – नारे रेशालत
अरू सबै – दूतल्लाह

यही प्रकारले नारा लगाउँदै पैगम्बर मुहम्मदको जयजयकार गर्दछन् । मस्जिदमा पुगेपछि पैगम्बर मुहम्मदका नाममा मिलाद फातिया गरेर समाप्त गर्दछन् । मुसलमानहरू

वर्षको दोस्रो ठूलो यस पर्वलाई हर्ष उल्लासका साथ मनाउँछन् । यस महिनामा पैगम्बर मुहम्मदको जन्म भएको मानिन्छ ।

## २.८.३ सुबरात

सुबरात भन्नाले शोकको रात भन्ने बुझिन्छ । मृतकहरूका सम्झनामा मुसलमानहरू नुहाएर पवित्र भएपछि मीठा–मीठा पक्वान्न (हलुवा, खीर, खजुर, फलफूल) आदिको सिर्नी, नियाज (नैवेद्य) राखेर फातिया (शोक) गर्दछन् । रातभर जाग्राम बस्दछन् । सामूहिक रूपमा मरेका आफ्ना पितृका कब्रगाहामा अगरबत्ती बालिन्छ, फातियाको नमाज पढिन्छ, जल चढाइन्छ, पितृहरूप्रति चिरशान्तिको कामना गरिन्छ । यो चाड हरेक वर्ष मनाउने प्रचलन छ ।

## २.८.४ रमजान

मुसलमानहरूको उपासना वा व्रतपर्वका रूपमा रमजान पर्व प्रसिद्ध छ । इस्लाममा निर्धारित पूजाहरूमध्ये रोजा दोस्रो हो । यसको पनि ठूलो महत्त्व छ । 'रमजान' महिनाको रोजा अनिवार्य पूजाहरूमध्ये एक भएकाले यसको अनिवार्यतालाई इन्कार गर्ने व्यक्ति मुसलमान रहन सक्दैन । कुनै विशेष विवशताबिना रोजा छोड्दा ठूलो अपराध वा पाप हुन्छ भन्ने विश्वास गरिन्छ ।

सूर्योदयभन्दा अगाडि बिहानीको बेलादेखि साँझ सूर्यास्तसम्म खानु, पिउनु र अन्य अपवित्र कार्यहरू त्याग्नुलाई रोजा भनिन्छ । अनिवार्य रोजा रमजानको एक महिनाभरि कुनै साल तीस वा कुनै साल उनन्तीस दिनसम्म हुन्छ । यसरी एक महिना निरन्तर रमजानको उपवास (रोजा) बस्नु प्रत्येक मुसलमान स्त्री तथा पुरुषका लागि अनिवार्य छ । रोजा बस्दा ठूलो लाभ र पुण्य प्राप्त हुने र नबस्दा ठूलै सजायको भागी हुनुपर्ने विश्वास मुसलमानहरूमा छ । रोजा पनि केही विशेष अवस्था वा विवशतामा छोड्न सकिने सुविधा छ । रोजा बस्ने मानिसले बिहान हुनुभन्दा अलि अगावै केही खानु र पिउनु श्रेयस्कर हुन्छ जसलाई सेहेरी भनिन्छ ।

रोजा राखेर तोड्नु ठूलो पाप हो । जानाजानी रोजा छोड्ने वा तोड्नेले कफ्फारा वा प्रायश्चित गर्नुपर्छ । त्यसका लागि दुई महिनासम्म निरन्तर रोजा राख्नुपर्छ । बीचैमा रोजा छुट्यो भने फेरि लगातार दुई महिना रोजा राख्नुपर्छ । यसरी दुई महिना रोजा राख्न

शारीरिक वा अन्य कारणले सक्षम नभए साठी जना फकिर वा गरीब गुरुवालाई दुबै छाक पेटभर भोजन गराउनुपर्छ ।

सेहेरी खाएपछि दिनभर मुखमा आएको थुक पनि ननिली मुसलमानहरू कठोर रोजा व्रत बस्ने गर्दछन् । बिहानबाट दिनभर तराबी नमाज पढ्ने र कुरआन हाफिजले पूरै सक्नुपर्छ । अफ्तारी गरिसकेपछि तराबी नमाज सुरु गर्दछन् । एक महिनाभर व्रतसँगै नमाज पढ्नुपर्छ । रोजा भित्र तरावी नमाज, इत्तरबाब बस्ने, मस्जिदमा एक जना अनिवार्य रूपमा देशमा सुख शान्तिको कामनाका साथ जाग्रम बस्ने, दुवा, दरुद, कुरआन, नमाज पढ्ने आदि गर्नुपर्छ । हैसियत भएकाले सम्पत्तिको अढाइ प्रतिशत जकात (दान) दिनुपर्छ । नजिकको नातेदार जकात लिने हैसियतको नभए छरछिमेकका, गाउँघरका, गाउँमा पनि नभए जिल्लाका, जिल्लामा पनि नभए अञ्चलका, अञ्चलमा पनि नभए देशभरका, देशभरमा नभए विदेशका गरीबलाई दान दिनुपर्छ । यसका लागि घरका एकजना (मूली/मालिक) को वजनमाथि साढे दुई किलो बढी हुने गरी पैसा दान दिनुपर्छ । यो पनि इद नमाजभन्दा पहिला गर्नुपर्दछ । यसरी मुसलमानले वर्षको चौथो पर्व मनाउँछन् ।

### २.८.५ इद

इद मुसलमानहरूको हर्ष उल्लासको पर्व हो । यो व्रतपर्व समाप्त भएको उपलक्ष्यमा मनाइन्छ । इदको दिनलाई इदुल फित्तर भनिन्छ । एक आपसमा भेटघाट गर्ने, राम्रो लगाउने, मीठो खाने र खुवाउने गरिन्छ । यो पर्व विशेष सेवइ, सिर्नी, गोस्त खाने र खुवाउने गरी सम्पन्न हुन्छ । यस अवसरमा मुसलमान समूह-समूह बनाई मक्का मदिनामा हज गर्न जान्छन् । यो उनीहरूको ठूलो तीर्थयात्रा हो । नेपाल सरकारले यसको व्यवस्था मिलाउँछ । हज गरेर फर्केका मुसलमानलाई हाजी भनिन्छ । हज गर्ने र कुरबानी दिने एउटै महिना भएको हुनाले हज गर्न गएकाहरूले उतै कुरबानी गर्छन् । धर्मका नाममा वा धर्मका काममा आफ्नो जिउ, धन वा प्रिय वस्तुलाई त्याग गर्नु वा तिनको बलिदान दिनुलाई कुरबानी भनिन्छ । सामान्य अर्थमा कुरबानी भनेको अरबी महिना जिलहिज्जाको दशौं तारिखका दिन पढिने इदुल अजहाको नमाज पछि हलाल स्वीकार्य जनवारहरूलाई अल्लाहका लागि र अल्लाहका नाममा सवाबावा पुण्य प्राप्तिका नियतले काटेर आफूले खाने र आफ्ना परिवार, नातेदार, इष्टमित्र, छरछिमेक र गरीबगुरुवा तथा दीनदुःखीलाई खुवाउने कार्यलाई कुरबानी भनिन्छ ।

### २.८.६ इदजुहा

इदजुहालाई नेपालीमा ग्रहदशा काट्न गरिने दान भनिन्छ । मुसलमानहरू यो पर्वलाई कुरबानी पर्व पनि भन्दछन् । मुसलमानसमुदाय कुरबानीद्वारा आफूहरू अल्लाहको अधीनमा भएको प्रमाणित गर्न चाहन्छन् । अल्लाहको खुसीका लागि मुसलमानहरू आफ्नो सम्पत्ति, सन्तान र ज्यान सबथोक अर्पण गर्न तयार हुन्छन् । 'इदुल–अजहा' को नमाज पढेपछि सो दिनदेखि चौथो दिनसम्ममा कुरबानी गर्न सकिन्छ । यसका निम्ति पाँच वर्षको खसी, बाखा, भेडा, ऊँट हुनुपर्छ । कुरबानी दिने पशुहरू अस्वस्थ, कमजोर, कानो, अन्धो, लुलो, लङ्गडो वा कान नभएको हुनुहुँदैन । खसीको मासु आफूले  खानु र अनिवार्य रूपमा आफ्ना इष्टमित्र, नातेदार, गरीब र असहायहरूलाई पनि खुवाउनु पर्छ । मासुको तीनभाग लगाएर एक भाग आफूले खाने र बाँकी अरूलाई बाँड्ने गर्नु पर्दछ । यसरी मुसलमानहरू इदुल अजहा पर्व मनाउँछन् ।

### २.८.७ कल्मा

व्यक्ति मुसलमान बन्नका लागि कल्मा वा पहिलो मन्त्र पढ्नु पर्दछ । कल्मा पढेर अर्थ बुझेपछि मात्र मुसलमान हुन्छ । कल्मा मन्त्र ६ प्रकारका हुन्छन् । पहिलो तैयब/ तैयत, दोस्रो सहादत, तेस्रो तम्जिद, चौथो तौहिद, पाँचौ अस्तगफार, छैटौं वा अन्तिम मन्त्र रदकुफर पस्याद हो । यी कल्माका ६ प्रकार पढेर, अर्थ बुझेर सोअनुरूप चल्न सके मात्र मुसलमान बन्न सक्ने मुसलमानपरम्परा रहेको पाइन्छ । यसलाई इमानका रूपमा लिइएको पाइन्छ ।

### २.८.८ नमाज

मुसलमान जातिले गर्ने दोस्रो नित्यकर्म नमाज पढ्नु हो । यो मुसलमानहरूका लागि अनिवार्य कर्म हो । हरदिन मुसलमानले पाँच पटक नमाज पढ्नु अनिवार्य गराइएको छ । हजरत मुहम्मदका पालामा नमाजका लागि मस्जिदमा नजाने व्यक्तिलाई मुसलमान मानिँदैनथ्यो । मुसलमानका पूजाहरूमध्ये यो पहिलो पूजा हो । दूतले भनेअनुसार मुसलमान र  गैरमुसलमानबीचको अन्तर नमाज हो । यसले इस्लाममा र मानिसको जीवनमा ठूलो महत्त्व राख्छ । सात वर्षको उमेरदेखि नमाज सुरु गर्नुपर्छ । दश वर्षसम्म पढेन भने नमाज पढ्न विवश गर्नुपर्छ । नमाजको महिमा अवर्णनीय रहेको छ । मुसलमानले जुनसुकै, जहाँ

जस्तो अवस्थामा रहेको भए पनि नमाज पढ्नुपर्छ । मुसलमानका लागि अन्य काम छोडेर पनि नमाज पढ्ने आदेश छ । जकात र हजका समयमा सबभन्दा पहिले नमाजका सम्बन्धमा सोधिन्छ । नमाजबेगर यस संसारमा इज्जत र कयामतमा अल्लाहको कृपा प्राप्त हुँदैन भन्ने विश्वास मुसलमानहरूमा छ ।

इस्लाममा नमाजलाई अनिवार्य गर्नुमा केही तार्किक कारण छन् । नमाजले मानिसको जीवनलाई इस्लामी बनाउँछ । नमाजमा बारम्बार त्यो व्यक्ति अल्लाहको दास हो र अल्लाहको पूजा गर्नु उसको परम कर्तव्य हो भन्ने भावना रहेको हुन्छ । अल्लाह नै उसका स्वामी वा मालिक हुन्, मरणोपरान्त उनकै उपस्थितिमा जीवनमा गरिएका कार्यहरूको लेखाजोखा हुन्छ । यस्तै कुराहरूको स्वीकारसहित मानिसले नमाजमा बारम्बार अल्लाहको स्तुति गर्दछ जसका कारण आफ्नो जीवनका अन्य कुराहरूमा पनि अल्लाहको आदेश मानिसले मान्छ । अल्लाहको अवज्ञा उसका लागि सम्भव हुँदैन ।

दिनको पाँचपटक नमाज पढ्नु अनिवार्य छ । पाँचपटक नमाज पढ्ने मुसलमानलाई पञ्चवोक्ती (दिनको पाँच पटक नियमपूर्वक नमाज पढ्ने मुसलमान) नमाजी मुसलमान भनिन्छ । नमाजहरू विभिन्न समयमा पढिन्छन् । फर्जको नमाज र जोहरको नमाज दिनको एकदेखि दुई बजेसम्म पढिन्छ । अस्रको नमाज घाम अस्ताउने बेलामा पढिन्छ । मगरिबको नमाज घाम डुबेपछि पढिन्छ । इशाको नमाज रातको दोस्रो प्रहर ९:३० देखि १२:०० बजेसम्म पढिसक्नु पर्छ ।

मुसलमानहरू दैनिक रूपमा पढ्ने नमाजका साथै अन्य विभिन्न अवसरमा पनि कुरआनमा उल्लेख भएका नमाजहरू पढ्ने गर्दछन् । फर्ज, सुन्नत, नफिल, वित्र, तहज्जुदको नमाज, तराबीहको नमाज, जुमाको नमाज, इदको नमाज, जनाजाको नमाज आदि गरी विभिन्न नामका नमाज विशेष अवसरमा पढ्ने गर्दछन् ।

### २.८.९ रोजा

मुसलमानको तेस्रो अनिवार्य कर्म रोजा तीस दिनको व्रत हो । यो मुसलमान महिला पुरुष सबैका लागि अनिवार्य छ । रोजा दुई, तीन, पाँच, सात दिन गरेर बस्ने चलन पनि छ । इमान हुसेन शहीद भएको नवौँ, दशौँ दिनमा मुसलमानहरू रोजा बस्ने गर्दछन् । यसलाई असुराको रोजा भनिन्छ । रोजामा ‘विस्मिल्लाहिरहनाति रहीम’ भन्ने गर्दछन् ।

## २.९ तिथि-मिति

मुसलमान अल्लाह मात्र एक ईश्वर हुन् र उनैमा समर्पित हुनुपर्छ भन्ने जाति भए तापनि आफ्नो जीवनलाई अगाडि बढाउने क्रममा आफ्ना हरेक क्रियाकलाप सहज र सरल बनाउन उनीहरूले एउटा आधार र धारणाको अवलम्बन गरेका छन् । जीवनमा प्रभाव पार्ने ग्रह, नक्षत्र, राशि, बार, महिना आदिमा पनि उनीहरूको विश्वास रहेको देखिन्छ ।

मुसलमानका ग्रहहरू सात प्रकारका रहेका छन् । उनीहरूका ग्रह जल्ल (शनिश्चर), मस्तरी (बृहस्पति), मरिख (मङ्गल), आफ्ताव (सूर्य), जहरा (शुक्र), आतारु (बुध), कमर चन्द्रमा) गरी सात प्रकारका छन् । यी सम्पूर्ण ग्रहशक्तिको प्रभाव मुस्लिम जीवनमा देखापर्ने र आफू सोअनुरूप चल्नुपर्ने उनीहरूको धारणा रहेको छ ।

ज्योतिषशास्त्रलाई इस्लाम धर्मले पनि मानेको पाइन्छ । ज्योतिषविज्ञानलाई नक्से सोलेमानी (पात्रो) जन्तरी भनिन्छ । यस जन्तरीभित्र नक्षत्र, ग्रह, राशि, बार, महिना, साइत, शुभ-अशुभ आदि सबै पर्दछन् । यी सबै नक्षत्र, ग्रह, बार, महिना, साइत आदिमा मुसलमानहरूको पूर्ण आस्था, विश्वास रहेको छ र तिनको पालना गर्नु उनीहरू कर्तव्य ठान्दछन् ।

मुसलमानले मान्ने पात्रोअनुसार हप्तामा सन्बा वा शनिबार, एक सन्बा वा आइतबार, दोसम्बा वा सोमबार, सयसन्बा वा मङ्गलबार, चारसन्बा वा बुधबार, पाँच सन्बा वा बिहीबार, जुमा वा शुक्रबार गरी मुसलमानहरूका सात बार रहेका छन् । हरेक बारको आफ्नै विशेषता, महत्त्व र स्थान रहेको पाइन्छ ।

मुसलमान पात्रोअनुसार सालभरमा बाह्र महिना रहेका हुन्छन् । हरेक महिनाको आफ्नै विशेष महत्त्व रहेको पाइन्छ । प्रत्येक महिनाका साथमा उनीहरूका चाड पर्वहरू पनि महत्त्वपूर्ण रूपले गाँसिएर रहेका पाइन्छन् जसअनुसार महरम, सफर, रविउल अओल, रविथुस्सानी, जमादिल औला, समादिस सानी, रजब, सामान, रमजान, सबाल, जिलकाइदा, जिलाहज रहेका छन् । हरेक महिनामा छुट्टाछुट्टै नमाज पढिन्छ । ऋतु परिवर्तन, मौसम परिवर्तन र त्यसको प्रभावलाई शान्त र सामान्य तुल्याउने प्रयासका साथ कुरआनका सुराहरू हरेक महिनामा वाचन गरिन्छ ।

मुसलमानहरूले आफ्ना कार्यलाई सफल तुल्याउने आधारलाई राशि भनेका छन् । ग्रहनक्षत्रको प्रभावअनुसार जन्म-साइत बारअनुसार बाह्र राशिहरू छुट्याएका छन्

जसअनुसार हमल (मेष), सुर (वृष), जुजा (मिथुन), सरतान (कर्कट), असद (सिंह), सम्बुला (कन्या), निजान (तुला), अक्रब (वृश्चिक), कुस (धनु), जदी (मकर), दलौ (कुम्भ), हुत (मीन) रहेका छन् ।

## २.१० अभिवादन र शिष्टाचार

मुसलमानहरू एकेश्वरवादी कट्टर जाति भएका कारणले आफ्नो परम्परा, प्रचलन र धर्मभन्दा बाहिर रहेर व्यवहार गर्नु अपराध ठान्दछन् । उनीहरू अन्य जातजातिहरूसँग विनिमयकै भाषिक व्यवहार गरे पनि जातीय समाजमा आफ्नो इस्लामिक आचरणअनुरूप चल्ने गर्दछन् । उनीहरू आफूभन्दा सानालाई माया र ठूलालाई आदर गर्ने गर्दछन् । कुनै पनि व्यक्तिसँग भेट हुनेबित्तिकै विभिन्न शिष्टाचारका शब्दहरू व्यक्त गर्दछन् । ठूलो वा विशिष्ट व्यक्ति मौलाना, हाजीसँग भेट हुँदा उनीहरूले अस्लमो अलैकुम वो इहतुल्लोहव बर्कातहु (म हजुरमा समर्पित छु, म हजुरको सेवामा हाजिर छु मलाई आशीर्वाद दिनुहोस्) भन्ने गर्दछन् । अझै गहन रूपमा व्यक्त गर्नु पर्दा उनीहरू मुरहबा, खुसआमदीय, अहलन, सुक्रन (अल्लाहका कृपाले म हजुरको सामु उपस्थित छु, अल्लाहले हजुर र हाम्रो कल्याण गरून्, हामी दुबै अल्लाहका कृपा हौँ ।) भन्ने गर्दछन् । शिष्टाचारका क्रममा मौखिक शब्द उच्चारण मात्र गर्दछन् । हात जोड्ने, गोडा ढोग्ने, शिर झुकाउने गर्दैनन् । इदको दिनमा हात मिलाउने, छाती मिलाउने, एक आपसमा अत्तर लगाउने जस्ता क्रियाकलाप स्त्री-स्त्री र पुरुष–पुरुषका बीचमा सम्पन्न हुन्छ ।

## २.११ निष्कर्ष

जातजाति, धर्म-संस्कृतिमा विभिन्नता बोकेको राष्ट्र नेपालमा इस्लाम धर्मावलम्बीहरूले पनि सौन्दर्य थप्ने कार्य गरेका छन् । इतिहासको अनादिकालदेखि अल्लाहका सन्देशवाहक दूतहरूद्वारा धर्मको शिक्षा र दीक्षा सबै कालका मानिसहरूलाई प्रदान गरिँदै आएको पाइन्छ । हजरत मुहम्मदले कुरान र आफ्नो आचरणबाट बताएको, सिकाएको धर्मलाई अहिलेसम्म इस्लाम भन्ने गरिएको छ । मुसलमानले अल्लाहलाई एक मात्र परमेश्वर मान्दछन् । अल्लाहका अन्तिम दूतले कण्ठस्थ गरेका धर्मका बारेमा दिइएको शिक्षाको लिखित ग्रन्थलाई कुरआन भनिन्छ । अन्तिम दूतको जन्म साउदी अरबियाको मक्का नगरीमा भएको थियो भने निधन मदिना नगरीमा भएको थियो । मुलमानहरूको धार्मिक तीर्थस्थल मक्का र मदिनालाई

आस्थाको धरोहर मानिँदै आएको छ । मुसलमानहरूको पवित्र कार्य नमाज पढ्नु, रोजा बस्नु, जकात र हज गर्नु रहेको छ । यिनै कार्यहरूबाट नै व्यक्ति मुस्लिम हुन्छ । यी कार्यहरूलाई मुसलमानहरूले पूजाका रूपमा सम्पन्न गर्दछन् । नमाज र रोजा निर्धारित विधिअनुरूप गर्नै पर्दछ भने जकात र हजका सम्बन्धमा आर्थिक स्थिति जोडिएको हुन्छ । यी सम्पूर्ण मुस्लिम कर्ममा नारायणगढमा बसोबास गर्ने मुसलमानहरू पनि आबद्ध देखिन्छन् । उनीहरूको रहनसहन, रीतिरिवाज, धर्म-संस्कार, लवाइ-खवाइ अन्य मुसलमानसँग मिल्दोजुल्दो छ । नेपाल गणराज्यका विभिन्न स्थलमा बसोबास गर्दै आएका मुसलमान जातिको आफ्नो जातीय परम्परा उनीहरूको परिचायक बनेको छ । उनीहरू विभिन्न अवसरमा आफ्नो जातीय कर्म पूरा गर्ने र धार्मिक गाथाहरू गाउने गर्दछन् ।

# परिच्छेद : तीन
# लोकगाथाको परिचय

## ३.१ विषय परिचय

लोकसाहित्य सर्वसाधारण मानिसको मौखिक साहित्य हो जसमा लोकजीवनका विविध पक्षहरू समेटिएका हुन्छन् । लोकसाहित्यको सम्बन्ध जनमानससँग रहेको हुन्छ । लोकसाहित्यमा सर्वसाधारण जनताको सहज तथा कोमल भावको अभिव्यक्ति हुन्छ । सर्वसाधारण जनताले लोकसाहित्यका विभिन्न विधाहरूका माध्यमबाट व्यक्तिगत तथा सामूहिक दुबै किसिमका मानसिक भावना, चाहना तथा आवेग प्रकट गरेका हुन्छन् । आफ्ना मनोभावना र अनुभूतिलाई कसैले नृत्यका रूपमा, कसैले गीतका रूपमा, कसैले गाथा तथा कथाका माध्यमबाट अरूसमक्ष प्रस्तुत गर्दछन् । लोकजीवनका सम्पूर्ण क्रिया, प्रतिक्रिया, सम्पूर्ण बिम्ब-प्रतिबिम्ब लोकसाहित्यमा प्रतिबिम्बित हुन्छन् । यसैले यसमा लोकको जीवन लुकेको हुन्छ । लोकसाहित्यले युगौं युगदेखि श्रुतिपरम्परामै जीवित रहेर संस्कृतिको इतिहासलाई गति दिइरहेको छ । शास्त्रीय धाराबाट लोकसाहित्यकारहरूले टाढा रही गौरव प्रदान गरेका छन् । लोकसाहित्य समाज, संस्कृतिविशेष र मानवीय संवेदनाको साझा इतिहास हो । सभ्यता समाजको बाह्य आवरण हो भने संस्कृति समाजका निम्ति आन्तरिक आभूषण हो । कुनै पनि राष्ट्रको संस्कृति र समाजविकासको खुड्किलालाई लोकसाहित्यको विकासले प्रज्ज्वलित गरिरहेकै हुन्छ । एउटा स्वाभिमानी नागरिकका लागि आफ्नो जन्मभूमिको लोकसम्पदा आफ्नो प्राणभन्दा कम प्यारो हुँदैन । लोकसाहित्य, लोकजीवनका पारखीहरूका ओठमा सदैव झुन्डिएर रहने हुनाले खाल्डाको पानी जस्तै एउटै थलोमा कुहिएर जम्ने यसको विशेषता हुँदैन । यो त एक कान दुई कान मैदान हुँदै विकसित र विस्तारित हुन्छ ।

नेपाली लोकसाहित्य नेपालको नैसर्गिक खजाना हो । यहाँको भौगोलिक बनोट, प्राकृतिक सम्पदा र यहाँ अवस्थित जनजीवनको प्रक्रिया बनेको नेपाली लोकसाहित्य स्वयम्मा एक प्राकृतिक भण्डार सिद्ध भएको छ । नेपालीहरूले विपन्नताको बाजपञ्जाबाट

जीवनभर मुक्ति पाउन नसके तापनि यहाँ पाइने अनेक लोकतत्त्वले नेपाली मात्रको जीवनमा हाँसो र उल्लासमय वातावरणको सृजना गरिदिने र जीवनका पट्यारलाग्दा दिनहरूलाई पनि हाँसीहाँसी बिताउन सामर्थ्य दिने विधा नै लोकसाहित्य हो । नेपाली जनजीवनमा आधारित नेपाली लोकसाहित्य नेपाल र नेपालीको पर्याय बनेको छ अर्थात् नेपाली भन्नु र नेपाली लोकसाहित्य भन्नु नै नेपाली मात्रको परिचय सिद्ध भएको छ । नेपाली मात्रको दुःख-सुख, हर्ष-विस्मात् र जीवन-मरणको सहयात्री नेपाली लोकसाहित्यको यथार्थलाई नेपालीहरूले हृदयङ्गम गरेको कुरा सर्वविदितै छ ।

## ३.२ लोकसाहित्यको अर्थ र व्युत्पत्ति

लोकसाहित्य संस्कृत भाषाबाट आएको शब्द हो । 'लोकृ दर्शने' धातुमा 'धञ्' प्रत्यय लागेर 'लोक' शब्द बन्दछ र संसार, जनता, हेर्नेवाला आदि अर्थमा प्रयुक्त हुन्छ । 'साहित्य' शब्दको व्युत्पत्ति 'हितेन सहितस्य भाव' साहित्य हुन्छ । लोककल्याणका लागि/जनहितका लागि गरिने अभिव्यक्ति र लोकमा/जनसाधारणमा प्रचलित साहित्य नै लोकसाहित्य हो ।

साहित्य शब्द लोकसँग जोडिँदा लोकको साहित्य भन्ने अर्थ दिन्छ । लोकको साहित्य जनसाधारणको साहित्य भएको हुँदा यो शिष्ट साहित्यभन्दा भिन्न हुन्छ । यहाँ लोकशब्दको दुई अर्थ लगाइएको छ । पहिलो अर्थअनुसार मृत्युलोक, पृथ्वीलोक, मर्त्यलोक, स्वर्गलोक, परलोक, सत्यलोक हुन्छ भने दोस्रो अर्थअन्तर्गत लोकधर्म, लोककला, लोकविश्वास, लोककल्याणलाई समावेश गरिएको छ ।[१]

निरक्षर लोकजीवनका जीवनपद्धति, भोगाइ, बोझ, पीडा, व्यथा, मर्म तथा अनुभूतिको सरल सहज, स्वाभाविक, अकृत्रिम, अलिखित र मौखिक अभिव्यक्ति नै लोकसाहित्य हो । यो लोकजीवनको अलिखित, सामाजिक एवम् सांस्कृतिको स्पन्दन हो, निजी पेवा नभएर लोकको साझा सम्पत्ति हो ।

## ३.३ लोकसाहित्यको परिभाषा

लोकसाहित्यलाई लोक साहित्यकार र कैयौं विद्वान्हरूले विभिन्न ढङ्गले परिभाषित गरेका छन् । केही विद्वान्का उल्लेखनीय परिभाषालाई यहाँ प्रस्तुत गरी विश्लेषण गर्नु उपयुक्त हुन्छ ।

[१] मोहनराज शर्मा र खगेन्द्र लुइँटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३) पृ. १३ ।

सभ्यताका प्रभावबाट टाढा रहने, आफ्नो सहजावस्थामा रहने निरक्षर जनताका आशा, निराशा, हर्ष, विशाद, जीवन–मरण, लाभ-हानी र दुःख-सुखको अभिव्यञ्जना जुन साहित्यमा प्राप्त हुन्छ त्यो नै लोकसाहित्य हो ।[२]

लोकसाहित्य लोकसमुदायद्वारा स्वीकृत व्यक्तिका मौखिक क्रमबाट पाइएको त्यो वाणी हो जसमा लोकमानस सङ्ग्रहित हुन्छ ।[३]

लोकव्यवहारमा लोकहितका निम्ति लोकभाषामा लोकविचारलाई प्रवाहमय शैलीमा लोकप्रस्तुति गर्ने साहित्यलाई लोकसाहित्य भनिन्छ ।[४]

यसरी हेर्दा रम्यताबाट टाढा रहेका जनसामान्यको साहित्य नै लोकसाहित्य हो वा लोकमानसको अभिव्यक्ति र लोकमानसको प्रवृत्ति भएको अपौरुषेय भए पनि लोकत्वको प्रधानता भएको कृतिलाई लोकसाहित्य भन्नुपर्छ भन्ने विद्वान्हरूको राय छ ।

मानवजीवनसँग सम्बन्धित लोकसाहित्यमा सुख, दुःख, पीडा, व्यथा, उत्साह, वैराग्य, बहादुरी आदि मानवजीवनका अनुभव तथा अनुभूतिहरूलाई समेटिएको हुन्छ । लोकसाहित्यका आफ्नै विशेषताहरू छन् । चूडामणि बन्धुले लोकसाहित्यका सामाजिकता, मनोरञ्जनात्मता, सरलता, रसमयता, सामूहिकता, मौखिक परम्परा र काल्पनिकता गरी ६ विशेषता हुने कुरा औँल्याएका छन् ।

लोकसाहित्यको स्रष्टा विशेष प्रतिभाशाली वा प्रबुद्ध व्यक्ति नभएर सर्वमान्य जनसमुदायकै पात्र रहन्छ जो साक्षर वा निरक्षर जस्तो पनि हुन सक्दछ । बौद्धिकता, चिन्तनपरकता, कृत्रिमता आदिबाट मुक्त लोकसाहित्यका स्रष्टाले सामाजिक यथार्थलाई पूर्णतः आत्मसात् गरेको हुन्छ । सामाजिक जीवनसँग सोझै सम्बन्ध राख्ने लोकसाहित्यले समाजको यथार्थ कुरालाई ढाकछोप गर्न चाहँदैन । समाजको यथार्थ चित्रण गर्नु, समाजको अकृत्रिम रूप प्रस्तुत गर्नु लोकसाहित्यको विशेषता हो । सामाजिक यथार्थमा आधारित भएकै हुनाले लोकसाहित्य बढी लोकप्रिय बनेको हुन्छ । शिष्ट वा शास्त्रीय साहित्यमा समाजका कैयौँ यथार्थ कुराहरूलाई ढाकछोप गर्दै परिमार्जित वा कृत्रिम रूपमा अघि सारिएको हुन्छ भने लोकसाहित्यले समाजमा कुनै पनि कुरालाई छलछाम नगरी पस्कने गर्दछ ।

लोकसाहित्यका अपार भण्डार मानिएका लोककथा र लोकगीतहरू सामाजिक यथार्थतालाई स्पष्ट पार्दै मानव मात्रलाई मनोरञ्जन दिने महत्त्वपूर्ण सामग्रीका रूपमा

[२] कपिलदेव लामिछाने, **नेपाली लोकगाथाको अध्ययन** (ललितपुर : साझा प्रकाशन, २०६४) पृ. ५ ।
[३] मोतिलाल पराजुली, **नेपाली लोकगाथा** (पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९) पृ. २ ।
[४] कपिलदेव लामिछाने, पूर्ववत्, पृ. ५ ।

देखापर्दछन् । लोककथामा पाइने साहसका कथा, भूतप्रेतका कथा, परीका कथा आदि र नेपालका विभिन्न क्षेत्रमा पाइने तथा समय-समयमा गाइने लोकगीतहरूले प्रमुख रूपमा मनोरञ्जन गराउँछन् अनि मात्र नैतिक सन्देश आदि परिधीय कुरा प्रदान गर्दछन् । यसैले मनोरञ्जनलाई नै लोकसाहित्यको विशेषता मानिन्छ । लोकगाथा र लोकनाटकबाट समेत मनोरञ्जन प्राप्त हुनाले लोकसाहित्य मनोरञ्जनको साधन बनेको छ ।

लोकसाहित्यको स्वभाव सरल एवम् सरस हुन्छ । आफ्नै जीवनका गतिविधि एवम् व्यवहार आदिको प्रस्तुति हुने लोकसाहित्य बढी सरल र सरस बनेको हुन्छ । आफ्नै संसार, आफ्नै समाज वा आफ्नै विषय मानिएको हुनाले पनि लोकसाहित्य सरल र सरस बन्न गएको हो । लोकसाहित्यका रचयिता वा त्यति पढेलेखेका नहुने हुँदा उनीहरूको अभिव्यक्तिमा शाब्दिक जटिलता पाइँदैन । यो साहित्य जनजिब्रोमा आधारित हुन्छ त्यसैले लोकसाहित्यिक रचनाहरू बढी सरल र सरस हुन्छन्, उपेक्षित वा निरस हुँदैनन् । लोकसाहित्यका पाठक वा श्रोतालाई यसले एक प्रकारको चरमानन्द प्रदान गर्दछ । रसलता र सरसता लोकसाहित्यको मूल विशेषताभित्र पर्दछन् ।

लोकसाहित्य समूह वा समाजको अभिव्यक्ति हो । यो कुनै व्यक्तिविशेषबाट रचिँदैन र रचिएको भए पनि यसमा व्यक्तिविशेषको छाप पर्दैन । लोकसाहित्यको शैली सामाजिक शैली बन्न पुग्दछ । समाजका प्रत्येक सदस्यका मुखबाट यो आफ्नै भएर गाइन्छ, सुनाइन्छ र सम्मानित गरिन्छ त्यसैले लोकसाहित्यलाई कुन ठाउँमा रचिएको हो ? भन्न सकिन्छ तर कसले रचेको हो ? भन्ने प्रश्न उठाउन मिल्दैन । अज्ञात व्यक्तिबाट सिर्जित भए तापनि लोकसाहित्य सामूहिकताको द्योतक हो । यसमा मेरोपनको भन्दा हाम्रोपनको मात्रा बढी रहेको हुन्छ । यही हाम्रोपन नै सामूहिकता हो । आञ्चलिकतालाई समेटेर गतिशील हुने लोकसाहित्यमा व्यक्तिपरकता हुँदैन यसर्थः सामूहिकता लोकसाहित्यको विशिष्ट विशेषताभित्र पर्दछ ।

लोकसाहित्य मूल रूपमा मौखिक साहित्य हो । एक कान दुई कान, एक मुख, दुई मुख हुँदै जीवन्त हुनाले लोकसाहित्यको सशक्त विधा लोककथालाई दन्त्यकथा पनि भनिन्छ । वर्तमान अवस्थामा आइपुग्दा पनि लोकसाहित्यका अधिकतम विधाहरू मौखिक परम्परामा नै जीवित छन् । लोकसाहित्यका स्रष्टा निरक्षर एवम् अनपढ व्यक्ति र सर्वसामान्य व्यक्ति हुने हुँदा यो अलिखित रूपमै जीवन्त रहेको हो । पुस्तादरपुस्ता जाति मरे भाषा सरे भनेझैँ एकबाट अर्कोमा सर्दै जीवन्त हुने लोकसाहित्यको मौलिक विशेषता नै मौखिक परम्परा हो ।

लोकसाहित्य लोकजीवनको अभिन्न अङ्ग हो । लोकसाहित्यका विभिन्न उपविधाहरूको आआफ्नै क्षेत्रमा लोक जीवनलाई अग्रगति र निरन्तरता प्रदान गर्ने क्रममा महत्त्वपूर्ण भूमिका रहेको छ । मानवीय सृष्टिदेखि नै समाजका दुःख-सुख, उत्साह, नैराश्य, बहादुरी, चलाखी, बुद्धिमानी आदि विविध क्रिया-प्रतिक्रियालाई मूर्तरूप दिँदै अनवरत रूपमा प्रवाहित लोकसाहित्यले लोकजीवनसँग सम्बन्ध कायम गरेको छ । मानवविकासका विविध खुड्किलाहरूलाई समेट्दै आफूलाई सदा नवीन, सदा सुन्दर, सदा ग्राह्य रूपमा प्रस्तुत गर्ने लोकसाहित्यका विशेषताहरू औंल्याउन खोज्नु, किटान गर्न खोज्नु वा सीमा बन्द गर्न खोज्नु वा जमर्को गर्नु सूर्यको प्रकाशलाई मुठीभित्र समेट्न खोज्नुजस्तो हुन्छ । अकबरी सुनलाई कसी लगाउनु पर्दैन वा हलेदो हो भनेपछि कोट्याइरहनु पर्दैन जस्ता नेपाली उखानहरूको वास्तविकतालाई पनि यस सन्दर्भमा बिर्सनुहुँदैन ।

## ३.४ लोकसाहित्यका विधा

लोकसाहित्य लोकको साहित्य भएकाले यसका विधाभित्र पनि आफ्नै दृष्टि रहन्छ । प्रत्येक समाजको यथार्थता व्यक्त गर्ने माध्यम लोकसाहित्य भएको हुनाले यसका विधाले पनि अनपढ जनमानसको भावाङ्कुर अभिव्यक्त गर्ने क्रममा विभिन्न शैली प्रकट गरेका छन् । यसैलाई हृदयाङ्गम गरी लोकसाहित्यका विधाहरूमा लोकगीत, लोककविता, लोककाव्य, लोकगाथा, लोककथा, लोकनाटक, उखान, टुक्काहरू र मन्त्र आदि उल्लेख्य छन् ।

लोकसाहित्यको विधागत वर्गीकरणलाई विद्वान्हरूले आआफ्नै ढङ्गले व्याख्या गरेका छन् । यहाँ रामकृष्ण शर्मा, धर्मराज थापा र हंसपुरे सुवेदीका मान्यतालाई प्रस्तुत गरिएको छ ।

रामकृष्ण शर्माले लोकसाहित्यलाई प्रस्तुतीकरण, भाषिक अभिव्यक्ति, संस्कार, अनुष्ठान र विषयवस्तुका आधारमा वर्गीकरण गरेका छन् । प्रस्तुतीकरणका आधारमा लोकसाहित्य श्रव्य र दृश्य गरी दुई प्रकारको हुन्छ । श्रव्य लोकसाहित्य अन्तर्गत लोकगीत, लोककविता, लोकगाथा, गाउँखाने कथा, उखान टुक्का जस्ता विधा पर्दछन् भने दृश्य लोकसाहित्यअन्तर्गत लोकनाटक, चाँचरी जस्ता विधा रहेका छन् । भाषिक अभिव्यक्तका दृष्टिले लोकसाहित्य गद्य, पद्य र चम्पू गरी तीन वर्गमा बाँडिएको छ ।

धर्मराज थापा र हंसपुरे सुवेदीका आधारमा लोकसाहित्य भाषिक अभिव्यक्ति, प्रस्तुतीकरण, संस्कार, अनुष्ठान र विषयवस्तुका आधार वर्गीकृत हुन सक्छ । भाषिक अभिव्यक्तिका आधार गद्य, पद्य र चम्पू गरी लोकसाहित्य तीन वर्गमा विभाजित हुन्छ । उखान टुक्का, गाउँखाने कथा, लोककथा, गद्य लोकसाहित्यका उपविधा हुन् भने पद्य लोक साहित्यअन्तर्गत लोकगाथा, लोकगीत रहेका हुन्छन् । यसै गरी लोकनृत्य र लोकगाथालाई चम्पूअन्तर्गत राखिएको छ । प्रस्तुतीकरणका आधारमा लोकसाहित्य श्रव्य र दृश्य दुई प्रकारको हुन्छ ।

लोकसाहित्य लोक संस्कृतिको महत्त्वपूर्ण अङ्ग हो । यसमा लोकको आचार र व्यवहार, रीतिरिवाज, धारणा आदि व्यक्त भएको हुन्छ । विषयवस्तुका आधारमा गरिने वर्गीकरण नै उपयुक्त मान्न सकिन्छ । विषयवस्तुका आधारमा वर्गीकरण गर्दा यति नै विषय हुन्छन् भनेर किटान गर्न सकिँदैन त्यसैले विषयवस्तुलाई पनि विभिन्न विधामा समेट्न सकिन्छ र विधागत आधारमा नै वर्गीकृत गर्नु उययुक्त हुन आउँछ । विधागत आधारमा पनि साहित्यका समग्र विधामा आधारित नभई लोक रचना, प्रचलन र प्राप्तिका आधारमा यसलाई लोकगीत, लोकगाथा, लोककथा, लोकनाट्य, गाउँखाने कथा, उखान टुक्कामा वर्गीकरण गर्न सकिन्छ । यिनलाई पनि आख्यानात्मक (कथात्मक), पद्यात्मक, अभिनयात्मक गरी तीनवटा प्रमुख फाँटमा वर्गीकृत गर्न सकिन्छ । आख्यानात्मक विधाका प्रकारमा लोक-आख्यान, लोककथा, उखान, गाउँखाने कथा, टुक्का र पद्यात्मक विधाअन्तर्गत गाथा, गीत र सूक्ति पर्दछन् । अभिनयात्मक अन्तर्गत बालुन, देउसी, देउडा आदि विभिन्न प्रकारका लोकनाच/अभिनयात्मक गुणयुक्त लोकनाटकहरू पर्दछन् ।

## ३.५ लोकगाथाको परिचय

वर्णनात्मक रूपमा लामा लामा भाका भएको अभिव्यक्ति नै लोकगाथा हो । यसमा विशेषतः कुनै वर्णनात्मक वा ऐतिहासिक प्रसङ्गलाई आधार बनाई भक्तिभाव वा महिमा वर्णन गरिएको हुन्छ । यसको कथानक वा घटना प्रायः ऐतिहासिक नै हुन्छ । कतिपय विद्वान्हरूले यसलाई लोककाव्य वा प्रबन्धगीत भनेर पनि उल्लेख गरेका छन् । लोकगीत र लोकगाथा दुवै गेय विधा हुन् तापनि लोकगाथा वर्णनात्मक प्रकारका दृष्टिले लामो र काव्यात्मक हुन्छ । यो गेय र आख्यानका कारण पुस्तौंपुस्ता जीवित रहन्छ । लोकगाथामा आख्यानबद्धता, गेयात्मकता र लयबद्धता रहेको हुन्छ । लोकसाहित्यको यो विधा मानवसभ्यता र संस्कृतिको विशाल धरातलको आख्यानका निम्ति आधार सामग्रीका रूपमा प्रतिष्ठित छ ।

नेपालका विभिन्न क्षेत्रमा परम्परादेखि प्रचलित गाथा र काव्यलाई धमारी, चाँचरी, भैनी, ढुस्को, ओहाली, कर्खा, सवाई, चैत, भारत आदि नाम दिइएको छ । लोकगाथाका निम्ति अङ्ग्रेजी ब्यालेड शब्दको प्रयोग भएको छ ।

लोकगाथाको उत्पत्तिकाल यकिन गर्न सकिएको छैन । यो कालान्तरबाट नै मौखिक परम्परामा हस्तान्तरित हुँदै आएको पाइन्छ । कतिपय विद्वान्हरूले लोकगाथालाई विकासको आधार मानेर यसका पनि विभिन्न निर्माणवाद वा सिद्धान्त देखाएका छन् । लोकनिर्माणवाद, समुदायवाद, जातिवाद, व्यक्तिवाद, चारणवाद र व्यक्तित्वहीन व्यक्तिवाद आदि सिद्धान्त देखिएका छन् ।[५]

लोकशब्दमा गाथा जोडिएर लोकगाथा शब्द निर्मित भएको छ । यसको उत्पत्तिका सम्बन्धमा विद्वान्हरूमा मतमतान्तर पाइन्छ । लोकगाथा सम्बन्धी प्राचीन प्रामाणिक आधारहरूका अभावका कारण विद्वान्हरूमा मतैक्य हुन नसकेको देखिन्छ । लोकगाथाको परिभाषामा पनि विभिन्न विद्वान्हरूले आआफ्नै विचार व्यक्त गरेका छन् । कुनै प्रसङ्ग वा घटनावलीको मौखिक अथवा श्रुतिपरम्पराद्वारा एक पुस्ताबाट अर्को पुस्तामा सर्दै जाने अज्ञात रचनाकारको आख्यानात्मक गीति संरचनालाई लोकगाथा भनिन्छ ।[६]

सरलता तथा विस्तारपूर्वक गाइने सत्यघटना र विशिष्ट तत्त्वयुक्त प्रभावोत्पादक गीतिकथा, गीतात्मक कथा वा वृत्तान्त, कसैको प्रशंसा वा स्तुति, स्तोत्र, गुणगान परम्परादेखि लोकले मुखमुखै गाउँदै आएको नृत्य र कथात्मकतासमेत रहेको राष्ट्रिय गौरव वा वीरचरित्र र महत्त्वपूर्ण घटनाको बखान गर्ने शृङ्खलाबद्ध गीत नै लोकगाथा हो ।

परम्परादेखि लोकले मुखमुखै गाउँदै आएको नृत्य र कथात्मकता समेत विद्यमान रहेको राष्ट्रिय गौरव र वीर चरित्र र महत्त्वपूर्ण घटनाको बखान गर्ने शृङ्खलाबद्ध विशेष गीतलाई लोकगाथा भनिन्छ ।[७]

लोकगाथा यस्तो पद्यशैलीको नाम हो जसको रचयिता अज्ञात हुन्छ, जसमा साधारण आख्यान हुन्छ र सरल मौखिक परम्पराका निमित्त उपयुक्त तथा ललित कलाका सूक्ष्मताबाट रहित हुन्छ ।[८]

---

[५] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेल, **लोकवार्ता विज्ञान र लोकसाहित्य**, पूर्ववत्, पृ. १५८-१६० ।

[६] पूर्ववत्, पृ. १५६ ।

[७] बालकृष्ण पोखरेल, (नि.) **नेपाली बृहत् शब्दकोश** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०६०) पृ. ११८८ ।

[८] मोतीलाल पराजुली, **नेपाली लोकगाथा,** (पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९) पृ. २८ ।

लोकगाथा गीतमा भनिएको कथागीत हो अथवा अर्को दृष्टिकोणबाट भन्नुपर्दा लोकगाथा भनेको गीतमा भनिएको कथा हो ।[९]

लोकगाथा गाउनका निम्ति रचिएको त्यस्तो कथा हो जो सामग्रीका दृष्टिले नितान्त व्यक्तिशून्य र सम्भवतः उद्भवका दृष्टिले सामुदायिक नृत्यसँग सम्बद्ध हुन्छ । मौखिक परम्पराप्रधान भएको यसका गायक साहित्यिक प्रभावबाट मुक्त हुन्छन् ।[१०]

जनसाधारणका मुख्य परम्परामा प्राचीन कथात्मक गीतलाई लोकगाथा भनिन्छ ।[११]

लोकगाथाहरूमा गेयता एवम् कथानक रहनु अनिवार्य छ साथै यिनका रचयिता अज्ञात रहन्छन् अथवा यो भनौं कि लोकगाथाहरू व्यक्तित्वहिन हुन्छन्, समाजका धरोहर हुन्छन् तथा प्रचार जनसाधारणबाट हुन्छन् । यिनमा काव्यकलाको गुण र सौन्दर्यको नितान्त अभाव रहन्छ ।[१२]

कुनै पनि वर्णनात्मक वा ऐतिहासिक प्रसङ्गलाई आधारशीला बनाई ईश्वरप्रति वन्दना र भक्तिभाव पोखिएमा, महिमा वर्णन गरिएमा अनि त्यस समयका वीर महान् व्यक्तित्व आदिको क्रियाकलापमा विरचित वर्णनात्मक (आख्यान) रूपमा लामा लोकगीत पाराका लयहरूनै गाथा हुन् ।[१३]

यसरी सम्पूर्ण विद्वान्हरूका परिभाषाअनुसार गेयात्मक, श्रुति परम्परामा हुर्किएको, लोकभावना र लोकअनुप्रयुक्त, लोकको सम्पत्ति, अकृत्रिम, सरल र सहज अभिव्यक्ति नै लोकगाथा हो भन्ने कुरा प्रस्ट हुन आउँछ ।

## ३.६ लोकगाथाको उत्पत्ति

लोकगाथा अन्य कतिपय साहित्यिक विधाहरू जस्तै स्वान्त सुखाय, कला कलाका निम्ति नै उत्पन्न भएको हुनसक्छ । मानवीय संवेदनालाई मूर्तता दिने क्रममा लोकगाथाले पनि आकार/स्वरूप पाएको हुनसक्छ । विश्वका यावत् वस्तुको उत्पत्तिको कारण भए झैं लोकगाथाको उत्पत्तिको पनि कुनै न कुनै कारण रहेको हुनुपर्छ । शिष्ट वा शास्त्रीय साहित्यको हेतु प्रतिभा, व्युत्पत्ति र अभ्यास भए जस्तै लोकगाथाको पनि उत्पत्तिको माध्यम हुनुपर्दछ । लोकसाहित्यको प्रमुख शाखाका रूपमा रहेको लोकगाथाको उत्पत्तिका सम्बन्धमा

---

[९] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईंटेल, पूर्ववत्, पृ. १५६ ।
[१०] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईंटेल, पूर्ववत्, पृ. २८-२९
[११] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईंटेल, पूर्ववत्, पृ. २९ ।
[१२] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईंटेल, पूर्ववत्, पृ. २९ ।
[१३] कपिलदेव लामिछाने, **नेपाली लोकगाथाको अध्ययन**, पूर्ववत्, पृ. १९ ।

भिन्नभिन्न मत पाइनु अस्वाभाविक पनि होइन । लोकसाहित्यको समग्र फाँटको सर्जक, गायक वा संरक्षक कुनै एउटा व्यक्तिविशेष नभएर जाति एवम् समूह, समाज नै हुने हुँदा लोकगाथा पनि यस परिधिभन्दा बाहिर जाने भन्ने हुँदैन ।

ग्रिमको लोकनिर्मितिवाद, गुमरको समुदायवाद, स्टेन्थलको जातिवाद, विसप पर्सीको चारणवाद, स्लेगलको व्यक्तिवाद र चाइल्डको व्यक्तित्वहीन व्यक्तिवाद जस्ता मतहरूलाई लोकगाथाको उत्पत्तिका सम्बन्धमा सम्झनुपर्छ । यी सम्पूर्ण मतहरूलाई विश्लेषण गर्दा लोकगाथाको उत्पत्ति विकासवादका आधारमा भएको हो । गन्धर्व र हुड्केहरूद्वारा गाइने कर्खा र हुड्काजस्ता लोकगाथाहरू, धार्मिक अनुष्ठान वा जातीय संस्कृतिसँग सम्बन्धित बालुन, घाटु, सोरठी जस्ता नृत्य-वाद्य गाथाहरू, विभिन्न सवाईहरू एवम् खाँडो जगाउने जस्ता व्यक्तिरचित गाथाहरूसमेत नेपाली भाषामा पाइएका हुँदा गाथाको उत्पत्तिमा कृष्णदेव उपाध्यायको समन्वयवादी मतले प्रश्रय पाएको देखिन्छ ।[१४]

## ३.७ लोकगाथाका संरचनात्मक तत्त्वहरू

लोकगाथाको निर्माण गर्न चाहिने वस्तुलाई लोकगाथाका तत्त्व भनिन्छ । लोकसााहित्य लोकसंस्कृतिको उपज हो । लोकजीवन, लोकसंस्कृति, लोकवार्ता हुँदै विकसित भएको लोकसाहित्य विशुद्ध रूपमा लोककला हो । लोकसाहित्यका विशाल अमरतरूका विभिन्न रूप वा शाखामध्येको एउटा सशक्त शाखा लोकगाथा हो । लोकसाहित्यका सबै शाखाहरूमा पाइने संरचनाप्रक्रिया र तत्त्वहरूकै विशिष्टताले गर्दा यिनमा भिन्न अस्तित्व देखिएको हो । लोकगाथाका विशिष्टतालाई चिनाउने तत्त्वहरूलाई निम्नलिखित ढङ्गले उल्लेख गर्न सकिन्छ :

### क) भावतत्व

लोकगाथा भावप्रधान लोककला हो । मानवीय भावनालाई समेट्दै आख्यानात्मक गीतिरचनाका रूपमा प्रस्तुत लोकगाथा नृत्यतत्त्वले समेत अनुप्राणित हुन्छ । कतै गेयात्मकता, कतै नृत्यात्मकता र समग्रमा भावप्रधानता रहने लोकगाथा लोकभावनालाई आकर्षित गर्न सफल रहेको छ । भावनाको पुञ्ज भएकाले जीवनयात्राका क्रममा देखापर्ने सङ्गत, असङ्गत, अनुकूल, प्रतिकूल, युद्ध, विजय, पराजय, संयोग, वियोग आदि अनेक परिदृश्य एवम् मोडहरूले लोकगाथाको उर्वर

[१४] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईंटेल, पूर्ववत्, पृ. १५८-१६१ ।

भूमि तयार गर्दछन् त्यसैले लोकगाथाले देश-काल-परिस्थिति अनुसार समाजमा देखापर्ने सङ्गत-विसङ्गत स्थितिहरूसँग मानवीय भावनालाई अनुबन्धित, संयोजित एवम् संरक्षित गरेको हुन्छ ।

**ख) कथावस्तु**

लोकगाथा कथात्मक गीत भएको हुनाले कथावस्तु यसको अस्थिपञ्जरका रूपमा रहेको हुन्छ । गीत, लोकगीतमा पनि भावतत्त्व हुन्छ तर कथातत्त्व यिनमा हुँदैन । लोकगाथालाई लोकगीतबाट पृथक् गराउने मूल तत्त्व भनेको कथावस्तु हो ।

**ग) अभिप्राय**

अभिप्रायको सामान्य अर्थ कुनै शब्द, वाक्य अनुच्छेद वा कृतिको आशय भन्ने हुन्छ तर लोकगाथामा यसले अलौकिक-असामान्य विषयलाई पौराणिकता वा कपोलकल्पित  बिम्बका रूपमा स्मरण गराउँछ । लोकगाथामा विभिन्न प्रकारका अभिप्राय पाइने कुरा विभिन्न विद्वान्हरूबाट अभिव्यक्त भएका छन् । अभिप्रायले लोकगाथाको बनोट र विकासमा महत्त्वपूर्ण ठाउँ ओगटेको हुन्छ ।

**घ) छन्द**

साहित्यमा छन्दको महत्त्वपूर्ण भूमिका हुन्छ । कुनै पनि विषयवस्तुलाई गद्यशैलीमा प्रस्तुत गर्दा त्यति प्रभावकारी हुँदैन तर त्यसलाई कवितात्मक शैलीमा व्यक्त गर्दा कर्णप्रिय एवम् आकर्षक बन्न सक्छ । छन्दले विषयवस्तुलाई प्रभावकारी बनाउने मात्र नभएर अध्ययन, मनन र याद गर्न समेत सहज तुल्याइदिन्छ । लोकगाथाअन्तर्गतको छन्दरचना शिष्ट नभएर सहज र स्वाभाविक हुन्छ  । यसमा छन्दज्ञान पछि साहित्यसृजना होइन कि कलासृजनापछि छन्दको पहिचान हुन्छ । यसैले कुनै पनि भनाइ वा विषयवस्तुलाई सहज तथा स्वतःस्फूर्त रूपमा अभिव्यक्त गर्दा, भाका मिलाएर गाउन मिल्ने गरी प्रस्तुत गर्दा जुन किसिमको छन्द बन्छ त्यही नै लोकगाथाको निम्ति उपयुक्त छन्द र सोही अनुसार नै छन्दको नामकरण पनि गरिन्छ । यसरी विषयवस्तुलाई प्रभावपूर्ण एवम् रसमय तथा चिरस्मरणीय पार्न लोकगाथामा छन्दको अहम् भूमिका हुन्छ ।

**ङ) लय**

छन्दअनुसार रचिएका गीत, रचना वा पद्य एवम् गद्य कवितालाई मौखिक अभिव्यक्ति दिँदा निश्चित लयको आवश्यकता पर्छ । लयलाई स्वर, भाका आदि नाम दिइएको पनि पाइन्छ । गाथाको एउटै किसिमलाई पनि भिन्न लयमा गाउने काम हुन्छ । शास्त्रीय छन्द (वार्णिक तथा मात्रिक) लाई छन्द अनुसार लय दिन सकिन्छ । लय छोटो-लामो जस्तो पनि हुन्छ । लोकगाथामा प्रयुक्त हुने लयगत विविधतालाई गद्य लय र पद्य लय गरी छुट्याइएको छ ।

निश्चित छन्दमा आबद्ध नभएका प्रचलित गद्यात्मक गाथाहरूलाई पनि गायकहरूले एकप्रकारको लयमा गाउने गर्दछन् । यस्ता नेपाली गाथाअन्तर्गतका सरुमा रानी, अमरसिंह थापाको कर्खा, जंगबहादुरको कर्खा, डाँफे र मुरली आदि पर्दछन् । यी गाथा गद्य लयमा अभिव्यक्त भएका छन् ।

पद्य लय शास्त्रीय हुन्छ तर लोकसाहित्यमा लोकगीत, लोकगाथा लोकनाटकहरूमा शास्त्रीय छन्दभन्दा लोकलयमा आधारित झ्याउरे वा अन्य छन्दहरू प्रयोग भएका हुन्छन् । लोकगाथामा झ्याउरे छन्दभन्दा पनि आफ्नै विशिष्ट छन्दहरू प्रयोग हुन्छन् र कतिपय लोकगाथा त लयकै आधारमा परिचित पनि हुन्छन् । यी छन्दलाई छन्द भन्नुभन्दा पनि लय भन्नु उपयुक्त हुन्छ । सवाई लय, असारे लय, संगिनी लय, तीजे लय, मालश्री लय, देउडा लय, भैलोको लय, मंसिरे लय, बालगीत लय आदि भिन्न-भिन्न लय हुन्छन् । पद्यमा गाइने हुनाले छन्दजस्ता देखिए तापनि लोकगाथाका छन्दहरूलाई लय वा भाकाकै नामले पुकार्ने गरिन्छ ।

## ३.८ लोकगाथाको वर्गीकरण

विश्वका विभिन्न राष्ट्रका आआफ्नै खाले अतीत छन् । ती अतीतका कालखण्डहरूको आयामभित्र अनेक गौरवशाली घटना र व्यक्तित्वहरू सुरक्षित रहेका छन् । यिनै योग्य घटनाहरू, पर्व एवम् त्यसका संवाहक वा सञ्चालक युगपुरुषका कीर्तिगाथालाई तत्तत् राष्ट्रका लोकमानसले युगौँयुगदेखि पारम्परिक रूपमा गाउँदै आएको छ । विभिन्न विषय, शैली, आकृति आदिमा प्रस्तुत हुने यस्ता गाथाहरूको वर्गीकरण त्यति सहज छैन । वर्गीकरणकै प्रक्रियामा पनि भिन्न भिन्न विद्वान्हरूका भिन्न भिन्न मत पाइन्छन् । क्षेत्रगत रूपमा पनि लोकगाथाको प्रकृतिमा भिन्नता आउन सक्ने हुनाले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय

रूपमा लोकगाथाको वर्गीकरणमा अन्तर आउनु स्वाभाविक ठहर्छ । विश्वका सम्पूर्ण लोकगाथाहरूलाई एउटै कोटिमा राखेर समष्टि रूपमा वर्गीकरण गर्नु गाह्रो कुरा हो र त्यो युक्तिसङ्गत पनि देखिँदैन । भिन्न भिन्न भौगोलिक क्षेत्र, भाषिक, सांस्कृतिक एवम् जातीय समानता र त्यसका आफ्नै खाले अनेकन विशेषताहरूकै कारण पनि जनजनमा जीवन्तता पाइने हुनाले लोकगाथाको वर्गीकरणमा विविधता देखिनु अनौठो कुरा हुँदैन । तसर्थ लोकगाथाको क्षेत्रगत विशेषतालाई ध्यानमा राखी विभिन्न विद्वान्हरूले अगाडि सारेका लोकगाथाका वर्गीकरणहरूलाई प्रस्तुत गर्न सकिन्छ :

पाश्चात्य विद्वान् किट्रिजले लोकगाथाको वर्गीकरणलाई अत्यन्त सहज किसिमले चारणगाथा र परम्परित गाथा गरी जम्मा दुई वर्गमा छुट्याएका छन् ।[१५]

अर्का पाश्चात्य विद्वान् गुमरले लोकगाथालाई केही विस्तृत रूपमा प्रस्तुत गरेका छन् । उनका अनुसार समय, क्षेत्र र विषयगत विशेषतालाई ध्यानमा राखी लोकगाथाको वर्गीकरण गर्न सकिन्छ । यिनका अनुसार प्राचीनतम गाथा, कौटुम्बिक गाथा, शोकमूलक तथा अति प्राकृतिक गाथा, किंवदन्तीमूलक गाथा, सीमावर्ती गाथा र हरितवन गाथा गरी ६ प्रकारका गाथाहरू छन् ।[१६]

बेलायती विद्वान् आर.सी. टेम्पलले लोकगाथालाई किंवदन्ती मान्दै रसालु चक्र, पाण्डवचक्र, सिद्धचक्र, सखी सरवर चक्र र स्थानीय प्रवीर चक्र गरी पाँच वर्गमा वर्गीकरण गरेका छन् ।[१७]

कृष्णदेव उपाध्यायले लोकगाथालाई प्रेम कथात्मक, वीर कथात्मक र रोमाञ्चक कथात्मक गरी तीन वर्गमा विभाजन गरेका छन् ।[१८]

जनकवि केशरी धर्मराज थापा र हंसपुरे सुवेदीद्वारा भक्तिगाथा, वीरगाथा, करुण गाथा गरी रसका आधारमा लोकगाथाको वर्गीकरण गरिएको छ ।[१९]

भेरी साहित्यको अन्वेषणका क्रममा लोकसाहित्य र लोकसंस्कृतिका अथक साधक पूर्णप्रकाश नेपाल 'यात्री' ले नेपाली लोकगाथालाई कर्मगाथा, भावगाथा र कीर्तिस्मरण गाथा गरी तीन वर्गमा वर्गीकरण गरेको पाइन्छ ।[२०]

---

[१५] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईंटेल, **लोकवार्ता र विज्ञान,** पूर्ववत्, पृ. १७०-१७१ ।
[१६] ऐजन, पृ. १७१-१७२ ।
[१७] ऐजन ।
[१८] कपिलदेव लामिछाने, **नेपाली लोकगाथाको अध्ययन**, पूर्ववत्, पृ. ४० ।
[१९] पूर्ववत्, पृ. ५४-५५ ।
[२०] पूर्ववत्, पृ. ५५ ।

मोतीलाल पराजुलीले नेपाली लोकगाथालाई कार्यगत वा संस्कारगत आधारमा धार्मिक अनुष्ठानबद्ध र अनुष्ठानमुक्त, रसका आधारमा वीरगाथा, शृङ्गारगाथा वा प्रेमगाथा, करुण गाथा शान्त वा देवगाथा, प्रस्तुतीकरणका आधारमा गेयगाथा, वाद्यगाथा, नृत्यगाथा, नृत्य-वाद्य, गाथा आकारका आधारमा लघु गाथा, मध्यम गाथा र वृहत् गाथा, विषयवस्तुका आधारमा ऐतिहासिक गाथा, पौराणिक गाथा, सामाजिक गाथा र विविध गाथा गरी वर्गीकरण गरेका छन् ।[२१]

यसरी नेपाली समाजमा पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म विविध भौगोलिक क्षेत्र र संस्कृतिमा प्रचलित लोकगाथाहरूलाई वर्गीकरण गर्न सकिन्छ र नेपाली गाथाको प्रकृतिलाई मध्यनजर राखेर मोतीलाल पराजुलीबाट नेपाली गाथाको विस्तृत र भरपर्दो वर्गीकरण भएको पाइन्छ ।

## ३.९ लोकगाथाका विशेषता

लोकगाथालाई साहित्यका विधा र लोकसाहित्यकै पनि अन्य शाखाहरूबाट अलग्याउने तत्त्वहरूका आधारमा यसका विशेषता छुट्याउन सकिन्छ । लोकसाहित्यभित्रका विभिन्न शाखाहरूका कतिपय विशेषताहरू समग्र लोकसाहित्यका विशेषतासँग मिल्न जान्छन् तापनि लोकगाथाका विशेषताहरूलाई विभिन्न विद्वान्हरूले आआफ्नै किसिमले प्रस्तुत गरेका छन् ।

लोकसाहित्यमा पाश्चात्य विद्वान्हरू रबर्ट गेम्स, किट्रिज, गुमर तथा भारतीय डा. कृष्णदेव उपाध्याय आदिले लोकगाथाका विशेषता औंल्याउने क्रममा मतैक्यता जाहेर गरेका छन् । रचयिताको अज्ञानता, प्रामाणिक मूल पाठको अभाव, नृत्य सङ्गीतको अभिन्न सहचार्य, औपदेशिकताको अभाव, स्थानीयताको प्रचुर प्रभाव, मौखिक प्रवृत्ति, रचयिता व्यक्तित्वको अभाव, अलङ्कृत शैलीको अभाव, अन्तराको पुनरावृत्ति, लामा कथानक आदिलाई लोकगाथाका विशेषता मान्नुपर्दछ ।

सत्यपर्व सिन्हाले भोजपुरी लोकगाथाको विश्लेषणका क्रममा उपर्युक्त विशेषताप्रति समर्थन जनाउँदै सुमिरन (स्मरण) र पुनरुक्ति जस्ता दुई विशेषता थप गरेका छन् ।

नेपाली लोकगाथाका विशेषतालाई औल्याउने क्रममा धर्मराज थापा र हंसपुरे सुवेदीले लोकगाथाको विशेषता आफ्नै किसिमले प्रस्तुत गरेका छन् ।

---

[२१] पूर्ववत्, पृ. ५५-६७ ।

गेयताका साथै नृत्यमय हुनु, मौखिक र रचनाकार अज्ञात हुनु, सङ्क्षिप्त, सरल, सरस हुनु, उपदेशमय घटना नहुनु, सशक्त हुनु, गौरवगाथा हुनुका साथै स्थानीय निर्देशन हुनु र गीतको चरण बारम्बार दोहोरिनुलाई लोकगाथाका विशेषता मानेका छन् ।

यी विशेषताहरूले नेपाली लोकगाथाका समग्र विशेषतालाई समेट्न नसक्ने भन्दै मोतीलाल पराजुलीले, मौलिक तथा मौखिक रचना, सरल एवम् स्वाभाविक गेयता, वाद्य तथा नृत्युको सहयोग, अलङ्कृत शैलीको अभाव, रचनाकारको अप्रत्यक्षता, प्रामाणिक मूल पाठको अभाव, स्थानीयताको प्रभाव, चरण वा अन्तराको पुनरावृत्ति, संवाद तथा प्रश्नोत्तरात्मकता, छोटा कथानक, सुखान्त तथा दुःखान्त कथाको प्रयोग, उपदेशात्मकताको अभाव, सन्दिग्ध ऐतिहासिकताको प्रयोग, निपातको अधिकांश प्रयोग आदिलाई नेपाली लोकगाथाका विशेषता भनी किटान गरेका छन् । यी विद्वानहरूका प्रस्तुतिअनुसार लोकगाथाका विशेषताहरूलाई निम्नलिखित रूपमा प्रस्तुत गर्न सकिन्छ :

### क) मौखिकता र पारस्परिकता

लोकगाथाको मूलभूत विशेषता मौखिक परम्परा नै हो । एक समूहबाट अर्को समूहमा र एक पुस्ताबाट अर्को पुस्तामा मौखिक रूपमा सर्ने क्रममा नै लोकगाथाको प्रसार र जीवन रहन्छ । सुनाउने-सुन्ने मौखिक परम्परामा लोकगाथा जीवन्त रहने हुनाले लोकगाथा मौखिक परम्पराकै सम्प्राप्ति हुन् ।

### ख) सामूहिकता

लोकगाथा लोकसमुदायको सामूहिक सृजनात्मक, गेयात्मक बृहत् अभिव्यक्ति हो । यसको उत्पादक लोकमानस हो । लोकगाथाको सृजनामा कुनै खास व्यक्तिको भूमिका रहे तापनि त्यसमा समूहिक अभिव्यक्तिको प्रस्तुति रहन्छ । त्यसमा समूहका व्यक्तिको सीप-दक्षता-बौद्धिकता आदिको योग हुँदै गए र त्यसले मूर्त रूप-स्वरूप वा आकार पाउँछ त्यसैले सामूहिकता लोकगाथाको विशेषता हो ।

### ग) गतिशीलता

लोकगाथा परिवर्तन र गतिशील हुन्छ । मौखिक परम्परा र सामूहिकताका कारणले नै भिन्न स्थानमा सोही गाथाको प्रस्तुति भिन्न ढङ्गले हुन सक्छ । यसमा स्थान र प्रकृति, जीवनपद्धति र व्यवहारको चित्रण त हुन्छ नै तर यी कुराहरू पनि

समयअनुसार फेरिँदै कुनै व्यक्ति घटना, चरित्र आदि विषयमा लोकगाथा रचिएका हुन्छन् । यसरी रचिएका लोकगाथा लोकका सम्पत्ति हुन्छ । मौखिक परम्परामा तिनको विभिन्न स्थानमा प्रसार हुन्छन् । जहाँ लोकगाथा प्रसार हुन्छ त्यसमा त्यहाँको स्थानीय भाषिक कथ्य रूप, रीतिरिवाज, चालचलन आदिको प्रभाव पर्छ त्यसैले गर्दा लोकगाथा प्रसारको गति अनुरूप परिवर्तनशील हुन्छ । त्यो परिवर्तनकै क्रममा गतिशील पनि हुने भएकाले लोकगाथामा पाइन्छ ।

### घ) सरलता र स्वच्छन्दता

एक न एक व्यक्तिबाट रचित भई लोकगाथा समूहमा प्रवेश गर्छ । एक समूहले फेरि अर्को समूहलाई सुनाउँछ । यसक्रममा लोकगाथाको मूल आख्यान र स्वरूप वा रूपाकृतिमा पनि परिवर्तन आउँछ भने व्यक्ति वा समूह रचनाकारको कृतित्व र उसको नाम नै त्यसबाट हराएर जान्छ । लोक समुदायका धेरैधेरै व्यक्तिबाट धेरै पटक थपघट भइरहने हुँदा त्यसको रचनाकार र रचनाकाल ज्ञात हुनु सम्भव देखिन्न । यो लोकगाथाको विशेषता हो ।

### ङ) कथात्मकता र गेयात्मकता

कथालाई गीतमा गाएर प्रस्तुत गर्नु लोकगाथाको आफ्नै वैशिष्टय हो । नेपाली लोकगाथाको कथावस्तु अपेक्षाकृत सङ्क्षिप्त हुन्छ । लोकगाथामा कथानक लामो या छोटो जस्तो भए पनि अनिवार्य हुन्छ । कथात्मक नभए त्यो गाथा कहलाउँदैन । लोकगाथाको अर्को पक्ष गेयात्मकता हो । गेय नभई गीत हुन्न, गीत नभई गाथा हुन्न त्यसैले कथात्मकता र गेयात्मकता लोकगाथाको मुख्य विशेषता हो ।

### च) सन्दिग्ध ऐतिहासिकता

लोकगाथामा ऐतिहासिक, सामाजिक र प्राकृतिक घटना, व्यक्ति आदिको उपस्थिति रहे पनि त्यो तथ्यगत नभएर सन्दिग्ध हुन्छ । कुनै समयका घटनामा आधारित भई ऐतिहासिकता वहन गरेर पनि लोकगाथाहरूले कल्पना र अतिरञ्जनालाई स्थान दिन्छन् । कतिपय घटना प्रामाणिक भए पनि तिनमा आउने पात्र-चरित्र र तिथिमिति वा घटनाक्रम सन्दिग्ध हुन्छन् । यसको प्रमुख कारण

मौखिकता र परिवर्तनशीलता नै हो । मौखिक रूपमा प्रसार हुनेहुँदा कसले कहिले थपघट गर्छ थाहा हुँदैन । त्यस्तो थपघट गर्न लोक स्वतन्त्र हुन्छ भने अर्कोतिर मानवीय स्मृतिको सीमा पनि एउटा कारण हो त्यसैले लोकगाथामा ऐतिहासिक तथ्य भए तापनि तिनमा भएका तथ्य सबै सत्य वा प्रामाणिक नै हुन्छन् भन्न सकिन्न । अर्कातर्फ लोकगाथाले बेला-मौकामा अतिरञ्जनात्मक कथनहरू प्रदान गर्छ जसबाट यसको सनिदग्धता सिद्ध हुन्छ ।

**छ) पद-पदावली र चरणको पुनरावृत्ति**

प्रस्तुतिका क्रममा बीचबीचमा पद-पदावली र चरणको पुनरावृत्ति भइरहनु लोकगाथाको मूलभूत विशेषता हो । गीतगाथामा पुनरावृत्ति भइरहने स्थायी अंशलाई टेकपद भनिन्छ । स्तुतिपद्य वा कवितामा यसैलाई ध्रुवपद पनि भनिन्छ । ध्रुवपदका माध्यमले श्रोता मन्त्रमुग्ध हुन पुग्दछन् । लोकगाथामा पुनरावृत्तिको निश्चित प्रयोजन हुन्छ र प्रायः सार्थक पद-पदावली र चरणहरूको पुनरावृत्ति भएको पाइन्छ । पुनरावृत्ति निरर्थक रूपमा भएको भए पनि त्यसले कतिपय स्थानमा लय-समायोजन र तुकबन्दी मिलानलाई सघाएको हुन्छ । लोकगाथामा पद-पदावली र चरणको पुनरावृत्तिको व्यापकता देखिन्छ । वास्तवमा यो लोकगाथाको मूलभूत विशेषताका रूपमा देखापरेको छ ।

यसरी सम्पूर्ण विद्वान्हरूले प्रस्तुत गरेका विशेषतालाई केलाएर हेर्दा नेपाली लोकगाथाको विशेषताअन्तर्गत मौखिक प्रवृत्ति, स्रष्टाको अज्ञानता, लोकसंस्कृतिको प्रस्तुति, स्थानीयताको प्रभाव, लोकको साझा अभिव्यक्ति एवम् सम्पत्ति जस्ता पक्षहरू टड्कारै देखापर्छन् ।

## ३.१० निष्कर्ष

भाषाका माध्यमबाट पुस्तादरपुस्ता सर्दै मौखिक रूपमा जीवित साहित्य लोकसाहित्य हो । लोकसाहित्य लोकको आफ्नो साहित्य भएकाले सहज र स्वाभाविक हुन्छ । यसमा सामूहिकता, पारम्परिकता, ऐतिहासिकता आदि विशेषता रहेका हुन्छन् । यो साहित्य साहित्यको प्रभाव क्षेत्रभन्दा व्यापक भएकाले यसलाई परिभाषामा सीमित राख्ने कार्य जटिल देखिन्छ तापनि विभिन्न विद्वान्हरूले विभिन्न समय र सन्दर्भमा लोकसाहित्यलाई परिभाषित गर्दै आएको पाइन्छ । लोकसाहित्यलाई विभिन्न विधा र उपविधामा वर्गीकरण गर्ने कार्य पनि

विभिन्न विद्वान्हरूले सम्पन्न गरेकै छन् । हरेक भाषाका लोक साहित्यको विधागत स्थिति फरक हुन्छ । नेपाली साहित्यका सन्दर्भमा लोकगीत, लोककविता, लोकगाथा, लोकनाटक, लोककथा, गाउँखाने कथा, उखान र टुक्का मुख्य विधाका रूपमा देखिएका छन् । गीतको कथावस्तुको लामो रूप लोकगाथा हो । लोकगाथा विभिन्न जातजातिको जनजीवनको ढुकढुकी हो र जनजीवनका विभिन्न सभ्यता, सुसंस्कार, रहनसहन, भेषभूषाको आदर्श संवाहक हो । लोक समुदायको रचनाकौशलता, लोकविश्वास र धार्मिक आस्था बोकेको लोकगाथा पौराणिक र ऐतिहासिक महत्त्वका दृष्टिले पनि उच्च रहेको पाइन्छ ।

# परिच्छेद : चार
# मुस्लिम धार्मिक गाथाहरूको वर्गीकरण र विश्लेषण

## ४.१ विषय प्रवेश

मुसलमान समाजमा अन्य समाजमा जस्तै विभिन्न अवसरहरूमा धार्मिक गाथाहरू प्रस्तुत हुन्छन् । उनीहरूले सुरह फातियाजस्ता कर्मकाण्ड, पूजाआजा, अनुष्ठान धार्मिक उत्सव, सुखदुःखका विविध क्षण; गोष्ठी, सभा, बैठक समारोह आदि कार्यक्रमलाई आफ्नो धार्मिक तथा सांस्कृतिक मान्यताअनुसार अझ रोचक र आकर्षक तुल्याउने उद्देश्यले धार्मिक कवाली, भजन, गजल, सायरी, नात, दुआ आदि लोकगाथाहरू गायन गर्दछन् । पवित्र धार्मिक ग्रन्थ कुरआनको भावलाई अर्थ्याउने पाटाका रूपमा पनि मुस्लिम धार्मिक गाथा (गजल, सायरी, कवाली, नात, दुआ) प्रयुक्त छन् । यिनै गाथाले मुस्लिम लोकसाहित्यलाई पनि सम्पन्न तुल्याएको पाइन्छ । मुस्लिम इतिहासलाई समेट्न सफल गाथाहरूले आआफ्नै भाव प्रस्तुत गरेर श्रोताहरूलाई मुग्ध पारेका हुन्छन् । यी गाथाहरूमा नेपाली साहित्यमा जस्तै विविध रस तथा भावको आस्वादन गर्न सकिन्छ । रस तथा भावको सबलताले मुग्ध मनलाई हर्षित, उत्साहित, आनन्दित पार्ने हुनाले मुस्लिम साहित्यमा यी धार्मिक गाथाहरूलाई विशेष महत्त्व दिइएको छ । मुसलमानहरूले उर्दू भाषामा रचित यी लोकगाथालाई आफ्ना सुमधुर स्वरमा गति, यति मिलाएर प्रस्तुत गर्दा उर्दू भाषा बुझ्न नसक्ने व्यक्ति पनि लोभिन्छन् ।

## ४.२ मुस्लिम धार्मिक गाथाहरूको प्रकारगत वर्गीकरण

मुस्लिम समाज बृहत् छ । संसारका सबै महादेशका देशहरूमा मुस्लिम समुदायका मान्छेहरू बसोवास गर्छन् र उनीहरूको जुनसुकै र जहाँसुकैको समाजमा धार्मिक आस्थाका मौखिक वा लिखित साहित्यका विविध रूपहरू अस्तित्वमा रहेका देखिन्छन् । ती साहित्य कतैकतै शास्त्रीय स्वरूपबाट सर्वसाधारण जनतामा बहुप्रचलित भई लोकसाहित्यका स्वरूपमा र कुनै लोकसाहित्यकै रूपमा रहेका देखिन्छन् ।

नेपालमा मुसलमानहरूको आगमन मल्लकालदेखि नै भएको मानिएको छ । त्यसपछि पनि विभिन्न समयमा नेपालमा आएका मुसलमानहरूले आफ्ना धार्मिक आवसरमा गाउने गाथाहरू शास्त्रीय स्वरूपबाट लौकिक बन्दै आएका हुन् वा लौकिक नै हुन् भन्ने कुरा स्पष्ट छैन तर स्रोतव्यक्तिबाट मौखिक रूपमा व्यक्त गरिएका गाथालाई लोक साहित्यिक सामग्रीका रूपमा सङ्कलन गरी यस शोधपत्रमा तिनको वर्गीकरण र विश्लेषण गरिएको छ । यसरी विधागत आधारमा वर्गीकरण गर्दा मुस्लिम धार्मीक गाथालाई गजल, कवाली, सायरी/कहानी, नात, दुआ र अन्य गरी छ प्रकारमा छुट्याइएको छ ।

## ४.२.१ धार्मिक गजल

नेपाली बृहत् शब्दकोशअनुसार विशेष गरेर प्रेमका विषयमा शृङ्गारिक भावधाराका कविता लेख्ने एक प्रकारको छन्द वा लयलाई गजल भनिन्छ । गजल छन्द वा लय विधान हो तर हिजोआज यस्तो छन्द वा लय विधानमा लेखिएका रचनाहरूलाई पनि गजल नै भनेर चिन्ने-चिनाउने गरेको पाइन्छ । चितवन जिल्लाअन्तर्गतका भरतपुर र नारायणगढ क्षेत्रमा बसोवास गर्ने मुस्लिम समुदायमा प्रचलित धार्मिक गाथाहरूमा गजलको पनि महत्त्वपूर्ण स्थान रहेको देखिन्छ । प्रेमी प्रेमिकाबीच यौवन तथा हार्दिक प्रेमसँग सम्बद्ध नभई मुस्लिम समुदायका देवता/अल्लाहप्रतिको हार्दिक भक्ति, प्रेम वा अनुरागको प्रस्तुति यस्ता गजलमा पाइन्छ । सङ्कलित गजलहरू संरचनात्मक रूपले पूर्ण नभए पनि तिनको शीर्षक नभए पनि ती गजल विधागत आकृति र भावमा रहेका देखिन्छन् । यी गजलहरू उपदेशात्मक, मातृमहिमात्मक र विविध गरी तीन प्रकारका हुन्छन् भनी स्रोतव्यक्तिले उल्लेख गरेका छन् ।

## ४.२.२ धार्मिक कवाली

फारसी परम्परमा कवाली अर्को महत्त्वपूर्ण लोक मनोरञ्जनकारी विधा हो । आकर्षक तथा सुमधुर सङ्गीतसहित धेरै जना मिलेर सामूहिक रूपमा वा दुई जनाबीच संवादात्मक दोहोरी झैं गाइने एक प्रकारको गजल नै कवाली हो । कतिपय मुस्लिम धार्मिक गाथाहरू कवालीका रूपमा पनि पाइन्छन् । यस्ता कवाली घरमा आयोजित धार्मिक उत्सव, जन्मोत्सव, विवाह जस्ता शुभ कार्यमा दोहोरी तालमा वा सामूहिक रूपमा गाउने गरिन्छ । मदिनाको वर्णन, मदिनाको स्मरण र सौन्दर्यको वर्णन गरी कवाली गाउने गरिन्छ ।

समूहबद्ध रूपमा भक्तिभाव प्रदर्शन गर्दै गाइने धार्मिक कवालीको स्थान पनि मुस्लिम समाजमा उच्च रहेको भेटिन्छ । चितवनको नारायणगढ बसोवास गर्ने मुस्लिम समुदायमा

प्रचलित यस्ता कवालीमा मूल अरबी तथा फारसी शब्दको उच्चार्थ विशेषता भने खण्डित भएको पाइन्छ ।

### ४.२.३ सायरी/कहानी

अरबी, उर्दू वा फारसी भाषामा कविता वा गीत (गेयात्मक विशेषता युक्त) रच्ने व्यक्तिलाई सायर भनिन्छ भने सायरद्वारा रचित रचनालाई सायरी भनिन्छ । यसलाई कसै कसैले कहानी पनि भनेका छन् । उर्दू फारसी साहित्यिक परम्परामा सायरीको स्थान महत्त्वपूर्ण छ । विषयगत दृष्टिले सायरी विविध किसिमका छन् । धर्म तथा अध्यात्मलाई पनि सायरीले समेटेको पाइन्छ । मुस्लिम समाजमा प्रचलित सायरीहरूको संरचना फरक रहेको देखिन्छ । उनीहरू अल्लाह, कुरआन, मक्का-मदिना आदि धार्मिक धरोहरहरूको वर्णन गर्दा वा जीवनको सार्थकतालाई वर्णन गर्नुपर्दा सायरी/कहानी भन्ने गरेको पनि पाइन्छ । मुस्लिम धार्मिक सायरी वा कहानीलाई पनि पवित्र धार्मिक स्थल मदिनाको महिमा व्यक्त गर्न र अल्लाहको पुकारा गर्न प्रयोग गरिएको छ ।

### ४.२.४ दुआ

अरबी परम्पराको दुआ विशुद्ध धार्मिक भावयुक्त कथानक सहितको रचना हो । यस शब्दले प्रार्थना, पुकारा, आरती, स्तोत्रजस्ता अर्थका साथै वरदान वा आशीर्वाद भन्ने अर्थ पनि जनाउँछ । विशुद्ध धार्मिक कविता वा गीत विधाका रूपमा दुआ प्रसिद्ध छ । चितवनको नारायणगढ क्षेत्रमा बसोवास गर्ने मुस्लिम समुदायमा पनि मौखिक रूपमा यस्ता दुआहरू सुरक्षित छन् ।

हरेक धार्मिक समाजमा प्रार्थना, भजन, पुकार वा स्तुतिहरू हुन्छन् । बुद्ध धर्ममा प्रार्थना, इसाई धर्ममा प्रेयर (prayer), आर्य सनातन धर्ममा स्तुति वा स्तोत्र झैं इस्लाम धर्ममा दुआको महत्त्व रहेको छ । भक्तको अन्तर्हृदयको भक्ति वा श्रद्धा दुआमा अभिव्यक्त भएको पाइन्छ ।

### ४.२.५ नात

मुस्लिम धार्मिकगाथा अन्तर्गत अल्लाहको पुकार गर्दै गाइने धार्मिक गाथा नै नात हो ।

### ४.२.६ विविध धार्मिकगाथा

यस क्षेत्रका मुसलमानहरूले सुरक्षित राखेका अन्य केही धार्मिक भावयुक्त साहित्यिक रचना पनि छन् । सुरइ, सना, फातिहा, नस्र, (गद्य) इखलास, फलक, (बिहानको नमाज) अस्र (सूर्यास्त हुनु अगाडिको नमाज) अत्तहियात, दरुद, सज्दा (क्षमा प्रार्थना) आदिलाई अन्य धार्मिक भावयुक्त रचनाका उदाहरण मान्न सकिन्छ ।

## ४.३ संरचना वा आकृतिगत वर्गीकरण

चितवन नारायणगढ क्षेत्रका मुसलमानहरूले आफ्ना धार्मिक तथा सांस्कृतिक क्रियाकलापमा प्रयोग गर्ने गाथाहरूलाई आकृतिगत आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । गाथातत्त्व भन्नासाथ गीत र कथाको सन्निवेश अनिवार्य हुन्छ । अख्यानको सूत्र फेला पर्ने यिनै रचनालाई यस अध्ययन पत्रमा धार्मिक गाथा भनिएको हो । यस अनुसार ५ देखि ७ पङ्क्तिसम्मका रचनालाई लघुगाथा र सोभन्दा माथि २४-२५ पङ्क्तिसम्मका रचनालाई मझौला वा मध्यम गाथाका रूपमा वर्गीकरण गरिएको छ । मझौला वा मध्यम गाथा भनी वर्गीकरण गर्नुको कारण के हो भने यीभन्दा वृहत् आकारका गाथा पनि हुन सक्छन् । मुस्लिम समाजमा खोजी गर्दै पस्ने हो भने बृहत् गाथा चक्र नै प्राप्त हुन सक्छन् । तसर्थ यस अध्ययन पत्रमा आकृतिका दृष्टिले पाँच वा सात पङ्क्तिदेखि २४-२५ हरफसम्मका रचनालाई गाथा मानिएको छ । मुसलमान समाजमा प्रचलित धेरैजसो गाथाहरू मझौला किसिमका र केही लघु आकारका देखा पर्छन् ।

## ४.४ प्रस्तुतिगत वर्गीकरण

मुस्लिम धार्मिक गाथाहरूमध्ये केही गाथा मस्जिदमा नमाज पाठ गर्दा गाइन्छन् भने कतिपय गाथाहरू विभिन्न धार्मिक पर्व (इद, मोहरम, रमजान, बकरिद) आदिमा वाचन गरिन्छन् । त्यस्तै कतिपय गाथाहरू सामाजिक  सांस्कृतिक कार्यक्रम (विवाह, जन्म, मृत्यु) मा गाइन्छन् त्यसैले तिनको गाउने स्थान र अवसरहरू भिन्न भिन्न हुन्छन् । मस्जिदमा सामूहिक रूपमा नमाज पढिने भएकाले सम्भवतः धेरै जनाका निम्ति स्थानाभावका कारणले पनि हुन सक्छ मझौला गाथा भन्दा लघुगाथाको प्रस्तुति हुन्छ । अन्य अवसरहरूमा भने लघु, मझौला र कतिपय मुसलमानहरू जसलाई ती भन्दा वृहत् आकृतिका रचना पनि कण्ठस्थ छन् तिनले वृहत् गाथा पनि प्रस्तुत गर्ने गर्दछन् । प्रायः दुआ वा प्रार्थना धार्मिक अवसरमा गाउने गरिन्छ ।

प्रस्तुतीकरणका क्रममा मात्र गाथाको अभिव्यक्ति हुन्छ । मुस्लिम धार्मिक गाथाहरूमा कुनै पनि वाद्यवादन र अभिनय जस्ता क्रियाकलापको प्रस्तुतिलाई धर्मविरोधी कार्यका रूपमा लिइने हुनाले सम्पूर्ण मुस्लिम धार्मिक गाथाहरू वाद्यगाथा नभएर गेयात्मक हुन्छन् । स्तुति, प्रार्थना, नमाज, दुआ आदिमा अल्लाहलाई ढोग गर्दा उठ्ने, घोप्टो पर्ने, लम्पसार पर्ने जस्ता कार्यहरू अभिनयात्मक रूपमा मुस्लिम धार्मिक गाथामा प्रस्तुत भएका देखिन्छन् ।

प्रस्तुतीकरणका दृष्टिले मुस्लिम धार्मिक गाथाहरू प्रायः समूहात्मक रूपमा नै गाइन्छन् । विधागत रूपमा भने गजल एकल गायन हुने विधा हो । यस बाहेक सायरी पनि एकल गायन हुने रचना हो । कवाली एक प्रकारको संवादात्मक तथा समूह गायन हुने रचना हो भने दुआ एकल तथा समूहात्मक दुवै स्थितिमा गाइने रचना हो । रचनाको प्रवृत्ति अनुसार कुनै गाथा एकल र कुनै समूहात्मक रूपमा गाइन्छन् । सामान्यतः कवाली त्यस्तो रचना हो जसको प्रस्तुतिमा न्यूनतम दुई जना हुनैपर्छ । यसमा सबाल जबाफ हुने गर्छ । साथै यसलाई चार पाँच जनाले पनि गाउने गर्दछन् ।

## ४.५ शिल्पगत वर्गीकरण

मुस्लिम धार्मिक गाथाहरूका तत्त्वलाई कुशलताका साथ प्रस्तुत गर्ने ढङ्ग तथा प्रक्रियालाई शिल्प विधानका आधारमा वर्गीकरण गर्न सकिन्छ । धार्मिक गाथाका तत्त्वगत प्रधानताका आधारमा आमाको महिमागान गरिएको दुआ, मदिनाको महिमागान गरिएको गजल आदि चरित्र प्रधान गाथा अन्तर्गत पर्दछन् । त्यसैगरी सायरी, कवाली, कहानी घटनाप्रधान मुस्लिम धार्मिक गाथा हुन् । मक्का-मदिनाको वर्णन गरिएका कवालीहरू परिवेश प्रधानभित्र पर्दछन् । अन्य सना, दरुद, अस्र, अत्तहियात आदि गाथाहरू भने शिल्प विधानका आधारमा विविध गाथा अन्तर्गत पर्दछन् ।

## ४.६ रसगत वर्गीकरण

मुस्लिम धार्मिक गाथा मूल रूपमा पाठ्य विषय नभई आस्वादनीय विषय हो । गायनक्रममा गाथाको श्रवणबाट श्रोताले जुन आस्वादनात्मक प्रभाव प्राप्त गर्दछ त्यो नै रस हो । मुस्लिम गाथामा एउटै गाथाभित्र २-३ रसको प्रस्तुति रहेको देखिन्छ । यस दृष्टिले मोहरम पर्वमा हुसेनको मृत्युको स्मरणमा लगाइने नारा र विजयोत्सवमा गाइने गाथाहरूमा अनेक रसको प्रस्तुति पाइन्छ । नमाज मक्का मदिनाको स्मरण र महिमागान, प्रार्थना, आरती, दुआ, नस्र आदि गाथाहरू शान्तरस अन्तर्गत पर्दछन् । आदम हौवाको जीवनवर्णन गर्दा सामान्य रूपमा प्रेमभाव झल्केको पाइन्छ तापनि यसले आध्यात्मिक दर्शन प्रदान

गरेको पाइन्छ । गजल, कवाली, सायरी, दुवा, नात आदि गाउने गर्दछन् जसले शान्त रस प्रदान गर्दछन् । मुसलमानको मृत्यु पश्चात् कव्रगाहमा गाइने गाथा, कल्मा, दरुद, जनाजा, दुआ, मिलादमा गाइने तीजा जस्ता गाथाहरू विभत्स र करुण रस प्रदान गर्ने गाथाअन्तर्गत पर्दछन् ।

## ४.७ अनुष्ठानगत वर्गीकरण

मुस्लिम लोक साहित्यमा लोक संस्कृति झङ्कारमा लयात्मक कथा बोकेर लोकगाथाको उत्पति भएको पाइन्छ । मुस्लिम समाजमा प्राचीन वा समसामयिक धार्मिक विषय वा घटनालाई लिएर कथिएका लयात्मक गीतिकाव्य गाथा मानिन्छ । सरल भाषा भएका, स्वाभाविक, स्पष्ट सामाजिक बिन्दुमा रहेका, मुस्लिम जनसाधारणको मौखिक परम्परामा गाइँदै आएका धार्मिक विषयवस्तु भएका लोकगाथा मुस्लिम धार्मिक गाथा हुन् । जीवनका प्रेम, युद्ध, वीरता, करुणा, जीवन सङ्ग्राम, सङ्घर्ष, साहस आदिका हार्दिक घटनाहरू यी गाथाहरूमा वर्णित हुन्छन् । स्वरूपगत शूक्ष्मता र विशालता पनि मुस्लिम धार्मिक गाथामा रहेको पाइन्छ ।

यस अध्ययनपत्रमा सङ्कलित मुस्लिम धार्मिक गाथालाई संस्कारका आधारमा अनुष्ठानमुक्त धार्मिक गाथा र अनुष्ठानबद्ध धार्मिक गाथा गरी दुई प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

गाथा गाउनका लागि कुनै विशेष अवसरको जरुरत नपर्ने धार्मिक गाथाहरू अनुष्ठानमुक्त गाथाअन्तर्गत पर्दछन् । मुसलमान समाजमा प्रचलित गजल, सायरी/कहानी, दुआ, कवाली, नात आदि मुस्लिम गाथाहरू अनुष्ठानमुक्त धार्मिक गाथा हुन् ।

विशेष अनुष्ठान वा पर्वको अवसर पारेर गाइने गाथाहरू धार्मिक अनुष्ठानबद्ध लोकगाथा अन्तर्गत पर्दछन् । यस्ता मुस्लिम धार्मिक गाथाअन्तर्गत इवादत (पूजा), अल्लाहको स्तुति वा निर्धारित विधि अनुसार गरिने नमाज, हज, जकात, रोजाका समयमा गाइने प्रार्थनामूलक गाथाहरू पर्दछन् ।

## ४.८ विषयगत वर्गीकरण

मुस्लिम धार्मिक गाथाहरू विषयगत दृष्टिले धर्म तथा अध्यात्मसँग सम्बद्ध देखिन्छन् । विषयगत प्रकारका आधारमा नै तिनलाई धार्मिक भनी छुट्याइएको हो । आराध्यदेव अल्लाह वा खुदा, पवित्र धर्मग्रन्थ कुरआन, ईशदूत मानिएका मोहम्मद, धार्मिक

स्थल (तीर्थ स्थल) मक्का-मदिना, अल्लाह वा खुदाको लोक जहन्नुमको वर्णन भएका र संसार निःसार छ र अल्लाह नै एक मात्र सार वा महत्त्वपूर्ण कुरो हो भन्ने वैराग्य र ज्ञानलाई विषय बनाएका  गाथाहरू नै धार्मिक गाथा हुन् । यस्ता गाथामा अल्लाहप्रति स्वच्छ अनुराग, भक्ति तथा विश्वासको अभिव्यक्ति हुन्छ भने मानव जातिलाई नैतिक तथा धार्मिक पथमा अगि बढाउने उद्देश्य वा आग्रह रहेको पाइन्छ ।

## ४.९  मुस्लिम धार्मिक लोकगाथाको विश्लेषण

साहित्यक रचनामा अभिव्यक्त आन्तरिक तत्त्व नै भाव वा विचार हो । मुसलमान समुदायमा प्रचलित धार्मिक गाथाका मूल विषयमा धर्म, अध्यात्म, नैतिकता, उपदेश, सांसारिक निस्सारता वा वैराग्य जस्ता भावको प्रचुरता पाइन्छ । धार्मिक गजल होस् वा सायरी, कवाली होस् वा दुआ सबैमा यही भाव वा विचारको अभिव्यक्ति पाइन्छ ।

### ४.९.१ गजलको विश्लेषण

मुस्लिम धार्मिक गाथा अन्तर्गत पर्ने धार्मिक गजल सशक्त र क्रियाशील साहित्यिक विधाका रूपमा परिचित छ । विविध भाषाका साहित्यिक विधामा जस्तै मुस्लिम धार्मिक गजलमा पनि रचनाकार वा गजलकारले भावात्मक विचारलाई अभिव्यक्त गरेको पाइन्छ । रचनाविधान, रसभाव, अलङ्कार आदि पक्षमा केन्द्रित रही यिनैका आधारशीलामा मुस्लिम धार्मिक गाथाहरूलाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

गजलको बनोटलाई संरचना भनिन्छ । मुस्लिम गजलहरू उर्दू भाषामा विकसित र विस्तृत लोकसाहित्यिक विधा हो । उर्दू साहित्यिक धरातलमा जन्मेर हुर्केका गजलमा भाषिक सौन्दर्य, साङ्गीतिक माधुर्य र भावगाम्भीर्य प्राप्त हुन्छ । गजलहरूका दुई दुई हरफको एक शेर भएका गजलमा शेरका दुवै हरफका अन्त्यमा अनुप्रासयुक्त तुक प्राप्त हुन्छ । मुस्लिम धार्मिक गजलहरूमा शास्त्रीय पद्धतिको प्रयोग बिरलै पाइन्छ । कुनै गजलमा अन्तिम भाग पहिलो स्थानमा प्राप्त गर्न सकिन्छ । एउटा गजलमा एउटै भाव प्राप्त हुन्छ । कतिपय मात्राविधान, लयविधान (बद्ध) र शेरसङ्ख्या बिजोर रहेका छन् भने कतिमा त्यसो नभएका पनि छन् । पङ्क्तिलाई आधार मान्दा ६, ८ पङ्क्तिदेखि २४, २६ हरफसम्मका गजलहरू प्राप्त छन् । यी गजलहरू गेयात्मक र सङ्गीतात्मक गुण भएका छन् । जिब्रोको सुललित भाका र सुमधुर सङ्गीत दिन सके यी गजलको सार्थकता झल्कँदै जाने र जीवन्तता प्राप्त हुने विश्वास लिन सकिन्छ ।

गजलको भित्री भाववेग लय र त्यसलाई निरन्तरता दिलाउने बाह्य रूप छन्द हो । मुस्लिम धार्मिक गजलका लयले छन्दलाई गतिशील र गतिशील छन्दले भावलाई संयमित रूप

प्रदान गर्ने भएकाले छन्द र लयको समान महत्त्व रहेको पाइन्छ । गजलको लयले गेयतत्वको सम्मिश्रण गर्दछ जसले गर्दा भावविधानलाई प्रभावकारी र चमत्कारपूर्ण तुल्याउने कार्य गरेको छ । यी गजलहरूका लागि छन्द प्रयोगका दृष्टिले अनुशीलन गर्दा गजलहरूमा अधिक मात्रामा विविध छन्दको प्रयोग पाइन्छ । यी विविध प्रकारका छन्दको प्रयोग भएका धार्मिक गजलहरूमा लोकप्रियता, स्वाभाविकता र प्रभावकारिता रहेको कुरा तलका उदाहरणबाट प्रष्ट बुझ्न सकिन्छ :

क) कभी यस्तो बेखुद बना दिजिएगा
कभी आयना जलवा दिखा दिजिएगा

ख) नघवराओ नपछुताओ खुदाकी सान बाँकी है
फिर क्या समझते हैं और आपने दिल मे हँसते है ।

मातृभाषा उर्दूप्रति जनरुचि अभिवृद्धि गर्ने उद्देश्यले मुस्लिम गजलको जन्म भएको हुनाले गजलीय भाषाप्रयोगमा परिष्कार र परिमार्जन देखिन्छ । प्रचलित उर्दू व्याकरण अनुरूपका कोमल सुकुमार र लालित्यमय शब्दहरूको समायोजन गजलमा पाइन्छ । मुस्लिम धार्मिक गजलमा उर्दू, हिन्दी, अङ्ग्रेजी र नेपाली शब्दहरूको प्रयोग पनि पाइन्छ । भावानुकुल भाषा प्रयोगका माध्यमबाट मुस्लिम गजलहरूको सृजना हुनु नै यसको भाषागत विशेषता हो ।

तैबा में मरके ठंडे चले जाओ आँखे बन्द
सिधी सडक राह सहरे सफाअत नगर कि है

रसविहीन गजल अपूर्ण र निरस साबित हुने हुनाले मुस्लिम धार्मिक गजलहरूमा रसको प्रयोगले महत्त्वपूर्ण स्थान ओगटेको छ । रसले गजलमा काव्य तत्वका साथै विशिष्टता प्रदान गरेको छ । गजलको आत्म रस मानिने हुनाले काव्यिक धर्मानुसार पूर्वीय चिन्तकहरूले विभाजन गरेका नौ रसमध्ये जीवनजगत्को विशिष्ट अभिव्यक्तिलाई साहित्य मानेर गजललाई हेर्दा गजलमा माया-प्रेम, संयोग-वियोग, हर्ष-शोक, व्यथा-वेदनाजस्ता विविध पक्ष समेटिएको हुनु स्वाभाविक देखिन्छ । त्यसैकारण गजलमा जानी नजानी रसका सबै भेदहरू आएका हुन्छन् । त्यसो हुँदाहुँदै पनि मुस्लिम धार्मिक गजलहरूमा सबै रस परिपाकको अवस्थामा पुग्न र भावावस्थाबाट अगाडि बढ्न सकेका छैनन् । यसो त मुस्लिम गजलहरू धार्मिक विषयवस्तुमा आधारित हुनाले सो हुनु स्वाभाविक नै देखिन्छ तैपनि यी गजलहरूमा शृङ्गार र वीभत्स रस अप्रत्यक्ष रूपमा प्रस्तुत भएको पाइन्छ । प्रायः भक्तिपरक गजलहरू धार्मिक गजल भएकाले तिनमा शान्तभाव मुखरित भएको देखिन्छ । निम्नलिखित गजलका उदाहरणबाट यी कुरालाई स्पष्ट पार्न सकिन्छ :

सारे अच्छों में अच्छा सम्झे ए जिसे
है उस अच्छों से अच्छा हमरा नबी

गजललाई सौन्दर्य प्रदान गर्ने तत्व नै अलङ्कार हो । गजलको पूर्णता, सफलता र प्रभावकारिता अलङ्कारमा निहित हुन्छ । गजलले व्यक्त गरेको भावलाई मुखरित र सम्प्रेषणीय तुल्याउन मुस्लिम गजलमा अलङ्कारलाई अनिवार्य रूपले प्रयोग गरिएको छ । अलङ्कार प्रयोगका क्रमले अन्त्यानुप्रास सम्पन्न देखिएका गजल चमत्कार र श्रुतिमधुर छन् ।

या इलाही रहम फरमा मुस्तफा के वास्ते
या रसुलल्लाह करम किजे खुदा के वास्ते

विविध धार्मिक विषयवस्तु, संरचना तत्त्व, रसभाव, अलङ्कार आदिले युक्त मुस्लिम धार्मिक गजल सरल र स्वाभाविक देखिन्छन् । स्रोता र पाठक वर्गलाई स्वरलहरीमा तरङ्गित पार्दै मुग्ध तुल्याउने ती गजल मुस्लिम लोकसंस्कृतिका वैभाव मानिन्छन् । यस्ता सम्पूर्ण गजलहरूको सङ्कलन र जगेर्ना गर्न सकियो भने मुस्लिम लोकसाहित्य र गजल साहित्यको विकासमा महत्त्वपूर्ण योगदान पुग्ने कुरामा ढुक्क हुन सकिन्छ ।

न घबराओ न पछताओ खुदा की सान बाँकी है
फिर क्या समझते है और अपने दिल में हँसते है

मुसलमानहरू जीवनमा प्राप्त हुने शान्ति, कुशलता र सफलताको श्रेय ईश्वर वा अल्लाह, पवित्र ग्रन्थ कुरआन र इस्लाम धर्मलाई दिने गर्दछन् । आफ्नो धर्मग्रन्थ कुरआन र ईशदूत मोहम्मद सल्लल्लाह अलैही वसल्ललान अजर-अमर रहने छन् र यस जगत्का प्राणीको रक्षा उनीहरूले नै गरिरहनेछन् भन्ने विश्वास र सांसारिक निस्सारताको अभिव्यक्ति उपर्युक्त गजलका माध्यमबाट व्यक्त भएको पाइन्छ ।

मुसलमान समाजमा प्रचलित लोकलयात्मक भक्तिगाथाहरूले हरतरहबाट परमेश्वरको पवित्रताको व्याख्या गरेका हुन्छन् । गजलका माध्यमबाट पनि आफ्ना ईशदूतको वर्णन अत्यन्त रोचक शैलीमा प्रस्तुत गरेको पाइन्छ । उदाहरणार्थ तलको गजलको पङ्क्तिलाई हेर्न सकिन्छ :

सब से औला ओ आला हमरा नबी
सब से बाला ओ बाला हमरा नबी

यो नाथिया गजल हो । यस गजलमा पनि अल्लाह, ईशदूत मानिएका पैगम्बर मोहम्मदको स्तुतिका साथै सांसारिक निस्सारतालाई अभिव्यक्ति दिइएको छ ।

एक मात्र अल्लाहलाई महान् सम्झेर र अल्लाहबाहेक अरू कोही पूजनीय छैन भन्ने सम्झेर मुसलमानहरू नाथिया गजललाई भजनका रूपमा गाउँछन् । हरतरहबाट पैगम्बरलाई उच्चताका साथ वर्णन गर्दछन् ।

## ४.९.२ कवालीको विश्लेषण

कवालीलाई मुसलमान समाजमा धेरै समूह मिलेर गाइने सामूहिक धार्मिक गीतिकाव्यका रूपमा लिइन्छ । समूह मिलेर गाइने कारणले गाउने ठाउँको अभावमा यसको विकासको गति मन्द भएको मुसलमान जनमानसको विचार छ । रचनाविधान, रसभाव र अलङ्कार आदि पक्षमा केन्द्रित रही यसको विश्लेषण गर्न सकिन्छ ।

मुस्लिम धार्मिक गीतका रूपमा मुस्लिम समुदायमा विकसित कवाली विशेषतः मानव र ईश्वरको सम्बन्ध बताउने र जीवन सार्थक तुल्याउने उपदेशात्मक विषयवस्तुलाई समेटेर गाइने गरिएको छ । मानवमनमा अभिव्यक्त हर्ष र कुनै पनि धार्मिक अवसरमा धार्मिक स्थलमा भेला भएर कुरआनमा व्यक्त मूल्य र मान्यतामा आधारित भई कवाली गाइन्छ । धार्मिक तीर्थ स्थल मक्का, मदिनाको स्मरण, ईश्वरप्रतिको भक्तिभाव जस्ता विषयवस्तुलाई कवालीका माध्यमबाट प्रस्तुत गरिएको हुन्छ । हिजोआज मुस्लिम समुदायले सामाजिक अस्तव्यस्तता, पछौटेपन, मानवीय संवेदना, राजनैतिक घातप्रतिघात, स्वतन्त्रता, व्यक्तिजीवनका सन्दर्भहरूलाई विषयवस्तु बनाएर विभिन्न मेला, यात्रा, उत्सव, भेला, गोष्ठी र धार्मिक अवसरमा मस्जिदमा भेला भएर कवाली गाउने गरेको पाइन्छ जसका कारण कवालीका विषयवस्तुमा व्यापकता आउन थालेको पाइन्छ । उदाहरणका लागि तल उल्लेखित कवालीका पङ्क्तिलाई हेर्न सकिन्छ :

बडे उमीद व अरमानों से पाला मुझको
खुद रहे भुके दिया मुहाला तुमको

अहले वाफ की आँख तारा मदिना है
टुटे हुए दिलोंका सहारा मदिना है

हमे तो लुटलिया मिल्के हुस्न वालों ने
काले काले बालों ने गोरे गोरे गालों ने

कवालीको बनोटलाई शिल्प विधान वा संरचना भनिन्छ । उर्दू भाषाका शब्दहरूको भावगत समायोजनको कुशलता, यसको संरचनामा गेयात्मकता प्रस्तुत भएको पाइन्छ । अन्त्यानुप्रयासको प्रयोग, शब्दचयनमा कुशलता, श्रुतिमधुरताको विशिष्टता कवालीमा रहेको हुन्छ । उदाहरणका निम्ति तलका पङ्क्तिहरू उल्लेख छन् :

झुले झुले प्यारे मुहम्मद नुर के झुले में झुले
हलिमा झुला जुलास रहमते आलम झुले

अल्लाह अकबर अपने कदम और ये खाके पाक
हसरत मलाइकाको जह वज असेर को है

खम हो गाई पुश्ते फलक उस अने जमी से
सुन हम पे मदिना है वो बरुबा है हराम

उर्दू भाषामा रचिएका मुस्लिम धार्मिक कवालीहरूमा नेपाली, अङ्ग्रेजी, हिन्दी आदि भाषाका शब्दहरूको प्रयोग भएको पाइन्छ । मुस्लिम समाजमा मूलतः उर्दू भाषाकै माध्यमले भाव व्यक्त हुने कवालीहरू प्रचलित छन् । कवालीका माध्यमले अल्लाहको महिमा गान र वन्दना अत्यधिक मात्रामा व्यक्त भएको पाइन्छ । तल दिइएको उदाहरणबाट उक्त कुरा प्रष्ट हुन आउँछ :

सिधी सडक राह शहरे सफाअत नगर कि है
तैबा में मरके ठंडे चले जाओ आँखे बन्द

मागँगे मागे जायेंगे मुंह मांगी पायेंगे
सरकार में नला है न हाजत अगर की है

सनकी वो देख बादे शफाअत कि दे हवा
यह आबरु रजा तेरे दामाने तर कि है

कवाली काव्य विधा भएको हुँदा यसमा छन्द र लयको आवश्यकता हुन्छ । मुस्लिम धार्मिक कवाली समूहगान हुनाले यसमा छन्दका विभिन्न रूपहरू देख्न सकिन्छ । १५ देखि १६ पङ्क्तिमा संरचित कवालीमा लयले छन्दलाई गतिशील तुल्याएको हुन्छ भने छन्दले भावलाई संयमित बनाएको पाइन्छ । छन्द र लयको समायोजनले गर्दा कवाली सुकोमल र सुमधुर हुन्छन् । उदाहरणका रूपमा तलको कवाली अंशलाई लिन सकिन्छ :

चमक तुझ से पाते है सब पानेवाले
मेरा दिल भी चमका दे चमकानेवाले

रस परिपाकको काव्यधर्मलाई कवालीले अँगालेको हुन्छ । धार्मिक विषयवस्तुमा आधारित भएका हुनाले रस परिपाक कवालीमा तीव्र देखिँदैन । कवालीमा भक्तिभाव व्यक्त

हुने भएकाले शान्त रस प्रत्यक्ष रूपमा र शृङ्गार र वीभत्स रस अप्रत्यक्ष रूपमा परिपाक भएको देखिन्छ । उक्त कुरा तलका उदाहरणबाट प्रष्ट हुन्छ :

सर कहे किमाली को मौला कहूँ तुझे
बागे खलिल का गुलेजनाबा कहूँ तुझे

हैरा हुँ मेरें शाह मैं क्या क्या कहूँ तुझे
कह लेगी सब कुछ उनके सना ख्वाँ कि खामुसी

मुस्लिम कवालीमा अलङ्कारलाई अनिवार्य तत्त्वका रूपमा प्रयोग गरिएको छ । विशेष गरेर अन्त्यानुप्रासलाई कुशलतापूर्वक प्रयोगमा ल्याइएको हुन्छ । अनुप्रासयुक्त शब्दको प्रयोगका कारण श्रुतिमधुर र वाणीमा चमत्कार प्रस्तुत भएको छ ।

मुस्लिम समुदायमा प्रचलित धार्मिक कवाली विविध विषयवस्तु, उपयुक्त संरचनातत्त्व, विभिन्न रसभाव, अनेक अलङ्कारको प्रयोगबाट उर्दू काव्यको इतिहासमा सरल र स्वाभाविक विधा बन्न सफल देखिन्छ । गजलमा मात्र नभई कवालीमा पनि यस्तै भावकथ्यगत विशेषता पाइन्छ । उदाहरणार्थ तलका कवाली पङ्क्ति र तिनको अर्थ हेर्न सकिन्छ ।

बडे उमीद व अरमानो से पाला मुझको
खुद रहे भुके, दिया मुहाला तुमको

१५ हरफमा विस्तारित उपर्युक्त कवालीमा पनि सांसारिक निस्सारता, अल्लाह मात्र संसारका एक मात्र सार र वैराग्यको त्रिवेणी परेको देखिन्छ ।

मुसलमानहरू कुनै पनि हर्षको अवस्था र धार्मिक अवसरमा एक ठाउँमा जम्मा भएर कवाली गाउने गर्दछन् जुन दोहोरीका रूपमा प्रस्तुत हुन्छ । महिला-पुरुषबीच खेलिने दोहोरी नभई आफ्ना परमेश्वरको पुकाराका निम्ति कवाली प्रस्तुत गरिन्छ । धार्मिक अनुष्ठान, धार्मिक व्यक्तित्वका बारेमा वर्णन गर्नुपर्दा उनीहरूले कवाली प्रस्तुत गर्दछन् ।

हो के मायुस तेरे द्वार से कोही खाली नागया
झोलियाँ भर गई कोही खाली नागया

इस्लाम धर्ममा कवालीको महत्त्व अत्यधिक रहेको छ । इस्लाम धर्मको धार्मिक भावना र मर्मलाई कलात्मक ढङ्गले बुझाउने भाव वा धार्मिक गाथा कवाली हो । यसमा बाजागाजा हुदैन । महिल- पुरुष दुबैले गाउँछन् । रोजामा पनि कवालीहरू सुन्ने र सुनाउने गरिन्छ । फ्रज वा बिहानको नमाजका समयमा कवाली गाउने गर्दछन् ।

## ४.९.३ दुआको विश्लेषण

दुआ पनि मुस्लिम समाजमा प्रचलित धार्मिक लोक स्तुतिगाथा हो । मुसलमानहरूले जन्मलाई ईश्वरको कृपा र करुणाका रूपमा लिने गर्दछन् । संसारमा मानवका सम्पूर्ण व्यवहार र कर्म एकमात्र ईश्वर (अल्लाह) कै कृपाले चल्ने र देहत्याग पनि परमात्माको अनुकम्पाका कारण हुन्छ भन्ने मुसलमानहरू यस लोकबाट देहत्याग भएपछि चिहानको पहिलो रात र मृत आत्माका दिन र रातहरू सुखद तुल्याउने आशाका साथ अल्लाहको महिमा, प्रार्थना, आरती, स्तुती, गाना, दुआ गाउने गर्दछन् । यो विधा पनि साहित्यिक रचनाको एक पाटो हो र यसलाई पनि रचनाविधान, रसभाव, अलङ्कार आदि पक्षमा केन्द्रित भई विश्लेषण गर्न सकिन्छ ।

ईश्वर/अल्लाहको आराधानात्मक अभिव्यक्तिलाई नै दुआमा विषयवस्तुका रूपमा प्रस्तुत गरिएको हुन्छ । कुरआनको धार्मिक निर्देशनानुसार कर्मकाण्ड वा संस्कार कार्यका प्रारम्भमा अल्लाहको आराधना र कर्म समापनका क्रममा क्षमायाचनाका लागि र कर्मकाण्डका मध्यमा धार्मिक अनुष्ठानका विषयलाई दुआका रूपमा व्यक्त गर्ने गरिन्छ जसमा ईश्वरको महिमा, फलप्राप्ति, संरक्षणका लागि पुकारा जस्ता विषयहरू समेटिएका हुन्छन् । उदाहरणका लागि निम्नलिखित दुआका श्लोकलाई लिन सकिन्छ :

शामिल हो जिन्दगी मे राफककत हजुर की
महशर मे हो नसिब राफाअत हजुर की

मिर्जाको मौत आए ते यूँ आए या करिम
कलमा हो लब पे सामने सुरत हजुर की

दुआको आन्तरिक बनोटलाई दुआको संरचना भन्न सकिन्छ । दुआ गेयात्मक काव्यविधा भएकाले यसका श्लोकहरू दुई दुई हरफमा विभाजित हुन्छन् । पहिलो र दोस्रो श्लोक समानधर्मी हुन्छन् । यसको आयामगत दृष्टिमा लघुतम तथा लघु आयाम रूप प्राप्त गर्न सकिन्छ । दुआका श्लोकलाई गीति रचनाका स्थायी जस्तै पुनरावृत्ति गर्न सकिन्छ । यसरी आवृत्ति गर्दा न्यूनतम एक हरफदेखि अधिकतम तीन चार हरफसम्म तथा सङ्ख्यात्मक दृष्टिले न्यूनतम दुईदेखि पाँच छ पटकसम्म पनि दोहोरिएको पाइन्छ । यस्तो पुनरावृत्ति दुआका आदि, मध्य र अन्त्य तीनै अवस्थामा भएको देखिन्छ । यसले गर्दा मुस्लिम धार्मिक दुआहरू एकातर्फ स्वाभाविक तथा लयात्मक बन्न पुगेका हुन्छन् भने अर्कातर्फ

तिनले शिल्परचनागत नवीनता प्राप्त गर्न सफल देखिन्छन् । उदाहरणार्थ तलका हरफलाई लिन सकिन्छ :

अल्लाहु अक्बर अल्लाह अक्बर
अल्लाहु अक्बर अल्लाहु अक्बर

अल्लाह अक्बर अल्लाहु अक्बर लाइलाह
इल्लाल्लाहु बल्लाहु अक्बर अल्लाहु अक्बर
व लिल्ला हिल्लम्दे अल्लाहु अक्बर

सस्लामु अलै कुम वर हम तुल्लाह
अल्लाह अक्बर अल्लाह अक्बर अल्लाह अक्बर

दुआमा गद्य कवितात्मक लयको उत्कर्ष रूप प्रस्तुत हुन्छ । यसले भावसौन्दर्यलाई सघनता प्रदान गर्न सुकोमल, सुललित भाषाप्रयोग अँगालेको हुँदा गद्य कवितात्मक चेतना प्रदान गरेको पाइन्छ । शब्दयोजना अर्थात् अन्तरानुप्रास र अन्त्यानुप्रासको कुशल संयोजनका माध्यमबाट लयात्मक श्लोकहरूको पुनरावृत्ति गर्ने प्रवृत्तिले गर्दा दुआमा लयात्मकता प्रचुर मात्रामा रहेको पाइन्छ । कुरआनका भावलाई मूल आधार मानेर रचिएका धार्मिक परिवेशमा निहित दुआहरू कलात्मक र मर्मस्पर्शी समेत हुन पुगका हुन्छन् । ईश्वर, जगत् र जीवनको अस्तित्वलाई समेत सशक्त र जीवन्तरूपमा अभिव्यक्त गर्ने दुआमा कलात्मक अभिव्यक्ति र प्रभावात्मक छन्दको प्रयोग पाइन्छ । उदाहरणार्थ तल केही दुआका हरफहरू प्रस्तुत छन् :

जो तेरा लख्ते बिगर छोटा सा तेरे साथ था
रहमतुललिलआलमी है शाफअे रोजे समार

मुस्लिम धार्मिक गाथा दुआमा उर्दू भाषा सहज र सरल रूपमा प्रयोग भएको पाइन्छ । यसमा सरल र स्वाभाविक पदावली र परिष्कृत शैलीको प्रयोगले गर्दा मार्मिक भाव व्यक्त भएको पाइन्छ । अभिव्यक्ति शैली नवीन र भावपूर्ण हुन्छ । दुआमा सुलभ, कोमल, भावनालाई भावप्रबलता र बौद्धिकताको सन्तुलनसहित प्रयोग गरिएको पाइन्छ । अल्लाह, अकबर, विस्मिल्लाह, नोइ, दोकुम, जोकुम जस्ता मुस्लिम समाजमा पवित्र मानिने शब्दहरूको अधिक प्रयोग पाइन्छ । मुस्लिम जनजीवनमा प्रचलित शब्दको प्रयोगले भाषाशैलीमा स्वाभाविकता थपिएको पाइन्छ । प्राप्त समग्र दुआहरूलाई अध्ययन गर्दा मुस्लिम दुआको भाषाशैली स्वाभाविक देखिन्छ ।

रब्बना अतिना फिहुनिया हसनतब

बिस्मिल्ला हिर्रहमा निर्र हीम

हयय अलस्सलाह

कदकाम तिस्सलाह

मुस्लिम धार्मिक दुआमा मुस्लिम संस्कृति, समाजदर्शन र कुरआनका धार्मिक वा आध्यात्मिक दर्शनका रहस्यहरू व्यक्त भएका हुन्छन् । भक्तिपूर्ण शान्तरस प्रमुख रसका रूपमा प्रयोग हुने दुआहरूमा आलङ्कारिक भाव व्यक्त हुन्छ । ध्वनिमाधुर्य र अनुप्रासिक मिठास प्रदान गर्ने शब्दालङ्कारमध्ये यमक र श्लेष अलङ्कारको प्रयोग गरिएको हुन्छ । प्रारम्भमा र अन्त्यमा अनुप्रासको प्रयोग भएको हुनाले दुआ भावपोषक देखिन्छन् । लय र छन्दको कुशलताका कारण कसिलो विधाका रूपमा दुआलाई लिन सकिन्छ ।

मुस्लिम समुदायमा प्रस्तुत धार्मिक गाथा दुआमा मक्का, मदिना र अल्लाहप्रतिको लोकविश्वासलाई व्यक्त गर्ने र धार्मिक परिवेशप्रतिको विश्वासलाई दिगो रूप दिने स्तुति, प्रार्थना, आरती भाव व्यक्त भएको पाइन्छ । यसको माध्यमबाट शुक्ष्म आख्यान, सरल भाषिक प्रयोग, सुललित र लौकिक लयविधान, मुस्लिम समाजमा प्रचलित शाब्दिक प्रयोगद्धारा अल्लाह अमर, अजर र आत्मिक हुन्छन् भन्ने सन्देश व्यक्त भएको पाइन्छ ।

दुआमा पनि मुसलमानहरूका ईश्वर/अल्लाहको आराधनात्मक अभिव्यक्ति प्रस्तुत हुन्छ । उनीहरू प्रातःस्मरणका क्रममा दुआमार्फत प्रार्थना गर्दछन् । दुआका स्तोत्रहरू वाचन गर्दछन् । गायनका क्रममा गति, यति मिलाएर श्रुति माधुर्य बढाउँछन् र ईश्वरमा मन, वचन तथा कर्मले लीन भएको अनुभूति गर्दछन् ।

हे अल्लाह तुँ हस्सान की रुहुल कुदसके जरीए ताईद फर्मा

अल्लाह तु आला हमें भी उस दुआका सदका अता फर्माए

मुल्के खासे किब्रिया मालिके हरमा सिवा हो

कोई क्या जाने कि क्या हो अकले आलम से बहार हो

मानवजन्मलाई ईश्वरको करुणाका रूपमा लिने मुसलमानहरू संसार मानवका सम्पूर्ण व्यवहार एक मात्र ईश्वरकै कृपाअनुसार चल्ने, उनकै अनुकम्पाका कारण देहत्याग हुने र चिहानको पहिलो रातलाई ईश्वरले नै सुखमय बनाउने आशा लिने गर्दछन् । यसका लागि जीवनमा ईश्वरको दुआ माग्छन्, कृपा माग्छन् । माथि दिइएको दुआ पनि यही विषयमा आधारित छ ।

प्रार्थना, आरती वा भजन जसमा एकातिर भक्त हुन्छ भने अर्कातिर भगवान् वा ईश्वर हुन्छन् । दुआ पनि सोही प्रकृतिको रचना भएकाले यसमा भक्तले भावविह्वल भएर ईश्वर वा अल्लाहको भजन गर्दछ । यस्ता भावमय दुआहरू अरू पनि पाइन्छन् । उदाहरणार्थ तलका हरफहरू हेर्न सकिन्छ :

या खुदा हो मुझको मुहब्बत हुजुर की
खुल जाए मेरे कल्ब पे अजमत हुजुर की

मुसलमानहरू आफ्नो कर्मकाण्डको अन्त्यमा उठेर दुआ/आरती गाउने वा पढ्ने गर्दछन् । ईश्वरसँग आफू अनजान, अनपढ भएको कारणले कर्म गर्दा कहीँ कतै गल्ती, कमी, कमजोरी हुन गएको भए क्षमा माग्दछन् । आफ्नो तनमन हरहमेसा ईश्वरको प्रार्थनामा लगाउन सकियोस् जसबाट अज्ञानरूपी अन्धकार हटेर ज्ञानको ज्योति चम्कियोस् भन्ने आशय प्रकट गर्दछन् ।

मुसलमानहरू आफ्नो एक मात्र पवित्र धर्मग्रन्थ कुरआनका सुरह एवं दुआहरू पढ्ने गर्दछन् । यो कार्य सम्पूर्ण मुसलमानका लागि अनिवार्य छ । हरेक सूरह पढ्नुअघि उनीहरूले *विस्मिल्ला हिर्रहमानिर्रहीम* भन्ने वाक्य दोहोऱ्याउँछन् । यस क्रममा सना, फातिहा, नस्र, इखलास, फलक, अस्र, अत्तहियाद, यरुद पछि दुआ वा प्रार्थनाका हरफहरू पाठ गर्दछन् ।

## ४.९.४ नातको विश्लेषण

मुस्लिम धार्मिकगाथा नात (नाथ) अल्लाहप्रति गरिने एक प्रकारको स्तुतिगाथा हो । यसमा विशेषतः मुस्लिम इष्टदेव अल्लाह र धार्मिक ग्रन्थ कुरआनप्रति देखाइएको समर्पण भाव व्यक्त गरिएको हुन्छ । सम्पूर्ण मुसलमानहरूले आफ्ना धर्मगुरु अल्लाहलाई कुरआन हातमा लिँदै नाना तरहले आफूभित्रका अज्ञानतालाई हटाई अज्ञानताका कारण हुन पुगेका अनुचित अर्थात् धर्मविपरीत कार्यलाई भुलेर आफूमा समाहित गर्दै सत् मार्गमा हिँडाउनुहोस् भन्दै गाउने धार्मिक गाथा नै नाथ वा नात हो । यसको पनि रचनाविधान, रसभाव, अलङ्कार आदिका आधारमा व्याख्या विश्लेषण गर्ने प्रयास गरिएको छ ।

आफ्नो हृदयदेखि नै अल्लाह र कुरआनप्रति आस्थावान् मुसलमानहरू नातमा कुरआनका विषयवस्तुलाई भक्तिभावका साथ व्यक्त गर्दछन् । अल्लाहप्रति भक्तिभाव व्यक्त गर्न गाइने गाथा भएकाले नातको विषयवस्तु ईश्वरीय विविध पक्षबाट लिइएको हुन्छ । नातमा भजनकीर्तन, अल्लाहको स्मरण, उत्सुकता, हर्ष व्यक्त गर्दै अल्लाहप्रति निरन्तर

अनुरक्त भइरहने भावाभिव्यक्ति प्रकट भएको हुन्छ । मुसलमानका मनमा अल्लाहप्रति उत्पन्न हुने भक्तिका माध्यमबाट ज्ञानयोग र भक्तियोग प्राप्तिका लागि नातमा धार्मिक विषयवस्तु समेटिएको हुन्छ । उदाहरणका लागि तलको नातलाई लिन सकिन्छ :

आमना के चाँद जैसा दुसरा कोही नहीँ

मोमिबो रेहै जानिव कदम मेरे रब्बाबे उल्फ्दवी मावोरही

नातमा संरचनागत र भावगत उच्च तालमेल प्राप्त हुन्छ । यसमा अनुप्रासयुक्त एक वा सोभन्दा बढी शब्दहरूको प्रयोग हुन्छ । एकअर्का श्लोकहरूद्वारा नात सबल र सशक्त बनेको पाइन्छ । विश्वसनीय भावाभिव्यक्तिको लालित्यपूर्ण सम्प्रेषणीयता, भावहरूको कोमलता नातमा प्राप्त गर्न सकिन्छ । कलात्मक गेयशैली, प्रभावोत्पादक रम्य प्रतीक र मर्मस्पर्शी वस्तुविन्यास नातको संरचनामा देखिन्छ जसले गर्दा यस विधाको सार्थकता झल्किएको हुन्छ ।

शिल्प पक्षबाट हेर्दा नात छन्दोबद्ध गाथा हो । अधिकांश नातमा गद्यशैलीको प्रयोग भएको पाइन्छ । उर्दू भाषाका नातमा नेपाली कविताका मुक्त छन्दको ढाँचा मुखरित भएको हुन्छ । नातलाई छन्दोबद्ध काव्यकृतिहरू जस्तै रुचिका साथ वाचन गरिन्छ । नातमा लयगत लालित्य, सुश्रव्यता प्राप्त हुन्छ । नातमा प्रयुक्त छन्दमा भाव व्यवस्थित भएर रहेको हुन्छ । छन्दमा लयको पुनरावर्तन र त्यसको विशेष अनुशासन रहेको हुन्छ । सरल उर्दू भाषामा लेखिएका नातहरू समान वर्णयोजना र असमान वर्णहरूको पुनरावृत्तिद्वारा संरचित देखिन्छन् ।

मुस्लिम धार्मिक गाथा मानिएको नात धार्मिक विश्वास, वैराग्यबोध र कुरआनको आदर्श दर्शाउन रचिएको रोचकता, धार्मिकता र गेयात्मकतामा आधारित लोकप्रिय विधा हो । औपदेशिक र आदर्शपूर्ण नातमा आलङ्कारिक चमत्कार प्राप्त गर्न सकिन्छ । शब्द र भाव दुबैमा भएको अलङ्कृत शैलीले नातको उच्चता बढाएको छ । मङ्गलाचरण, अल्लाहको स्तुति, वन्दना व्यक्त भएको यस गाथामा विभिन्न अलङ्कारहरूको प्रयोग भएको हुन्छ ।

उर्दू काव्यको प्रमुख ग्रन्थ कुरआनको भक्तिमय भाव र भाषालाई समेटेर रचिएका मुस्लिम धार्मिक गाथाहरूमा भक्तिरसको प्रचुरता देखिन्छ । गेयता र अनुप्रासले मुस्लिम धार्मिक गाथा लयदार र सुन्दर बन्न सफल छन् । मुस्लिम लोकगाथाको सफलता, प्रभावकारिता र हृदयस्पर्शीताका लागि सबैको योगदान पुग्नु आवश्यक देखिन्छ ।

मुसलमान समाजमा नात धार्मिक कार्यमा मात्र प्रस्तुत गरिन्छ । नातको प्रस्तुतिसँगै ईश्वरप्रति भावपूर्ण झुकाव राखेर फल वा वर माग्ने गरिन्छ । नातमा केवल परमेश्वरको पुकारा हुने हुँदा ईशदूत मुहम्मद सल्लाल्लाहु अलेही वसल्लाल्लाम माथि आत्मैबाट गवाही दिई मक्का-मदिनाजस्तो पवित्र स्थानको वर्णन र गुणगान गाउने काम यस विधाको माध्यमबाट गरिन्छ ।

हजरते हस्सान इब्ने साबित र दियल्ला हुँ अन्हु
के नाम कि जिनका नातिया कलाम वार गोह

इकबाले नातवा कि बस एक इल्तेजा है
रहे जिन्दगी सलामत में भी देख लूँ मदिना

आफ्नो धर्म इस्लामको गुणगान र अल्लाहका अन्तिम ईशदूत मुहम्मदको पूजापाठ र उनीहरूकै स्मरणमा मुसलमानहरूले नातको गायन गर्छन् ।

नातमा पनि परमात्मा अल्लाहबिनाको जीवन व्यर्थ भन्दै उनीप्रति समर्पित हुन र उनकै आज्ञा वा आदेशमा चल्न आग्रह गरिएको छ ।

ये सब तुमारा करम हे आका
के बात अब तक बनी दुई  है

यस्तै अन्य नातहरू पनि धर्म, अध्यात्म, वैराग्य, पवित्र तीर्थ मदिना आदिको वर्णन र मानव जातिलाई ईश्वरीय अनुशासनतर्फ अभिमुख गराउने प्रेरक अभिव्यक्तिबाट ओतप्रोत हुन्छन् ।

आमना के चाँद जैसा  दुसरा कोही नहीँ
अम्बिया तो और भी है मुस्तफा कोही नहीँ

कतिपय नातका केही पङ्क्तिमा भने सांसारिक यथार्थभित्र ईश्वरको बखान गर्दै उनीप्रति (ईश्वरप्रति) अनुगृहीत बन्ने सल्लाह एकातिर दिइएको छ भने अर्कातिर हरेक घरमा आमारूपी मक्का-मदिना रहेको उल्लेख पनि पाइन्छ । 'मातृदेवो भवः'को आशयसित मिल्दोजुल्दो भाव भएको तलको उदाहरण विचारणीय छ :

उठर रेहै मदिनेकी जानीव कदम मेरे ख्वाबे उल्फद्की मावोरही
मेरी आँखो मै जल्बै है तोही दके और दिल्मे मुहम्मदकी तसवीर है

जीवनको सार्थकताका लागि अल्लाहको आवश्यकता वर्णन गर्दै गाइने नात तल उल्लेख गरिएको छ :

हो नाते मुबारक का हक कैसे अदा मिर्जा

अजमत मेरे आका कि तारिफ से बाला है

मातृमहिमा वर्णनात्मक नात भन्नाले आमाको महिमागान गरी गाइएको नातलाई मातृमहिमायुक्त रचना मान्न सकिन्छ ।

मामिनो सुन लो खुदाए पाकका फर्मान है

माके दिलको जो दुखाए बहबका नादान है ।

जम्मा १० हरफको यस नातमा आमाको अपार महिमा अभिव्यक्त छ । जन्मदिने आमालाई सबभन्दा ठूली मान्दै आमाको दिल दुखाउनु महापाप हो भनिएको छ । आमाको प्यार भुल्न नसकिने उद्गार सहित आमाबिना जीवन निरर्थक हुने शाश्वत सत्य अगाडि सारिएको छ । आमाबिना भोक र स्नेहको चेष्टा पूर्ण नहुने उद्घोष गर्दै इस्लामहरूका लागि आमा र मक्का-मदिना समान छन् भनिएको छ । भुल गर्ने इस्लामलाई पनि मक्का मदिनाले अनजान ठानी क्षमा दिएझैँ आमाले पनि सन्तानलाई अनजान ठानी सदा क्षमा गर्ने भएकाले मक्का मदिनाका रूपमा घरघरकी आमालाई सन्तानले सम्मान गर्नुपर्ने आदर्श पारिवारिक तथा नैतिक शिक्षा दिँदै भनिएको छ, आमाले सन्तानको भविष्य सुनौलो पार्न चाहन्छिन् । आमा छैनन् भने यस सुन्दर संसारमा कोही पनि छैन । आमाको ममता छैन भने संसारमा केही पनि छैन । आमामा करुणाभाव जगाउने पनि ईश्वर नै हुन् भन्ने भाव यसमा व्यक्त भएको पाइन्छ ।

## ४.९.५ सायरीको विश्लेषण

उर्दू भाषाको प्रयोगमा कथिएका वा रचिएका काव्यहरूलाई सायरी मानिएको छ । उर्दू साहित्यिक क्षेत्रमा मौलिक गेय काव्यविधाका रूपमा स्थापित सायरी मुस्लिम समुदायमा पुष्पित र पल्लवित भएको देखिन्छ । सायरी विधालाई धार्मिक गाथाका रूपमा अँगाल्ने मुसलमान समाजमा यो लोकप्रिय र सम्पन्न बनेको पाइन्छ । यसको पनि विषयवस्तु, रसभाव, अलङ्कार आदि पक्षका कोणबाट विश्लेषण गर्ने जमर्को गरिएको छ ।

मुस्लिम सायरीहरू काव्य विधा भएकाले यसमा संरचना र परम्परागत विषयवस्तुलाई अलि फरक किसिमले संयोजन गरिएको हुन्छ । सायरी लघु आकारको रचना हो तापनि मुस्लिम समाजमा केही धार्मिक पक्षका विषयहरूलाई मुख्य विषयवस्तु बनाइएको पाइन्छ । जीवनका तितामिठा अनुभूतिहरूलाई गेयात्मकताका साथ प्रस्तुत गर्नु नै सायरीको उपलब्धि हो ।

उर्दु-फारसी परम्परामा सायरी एक लोकप्रिय साहित्यक विधा मानिन्छ । सायरीका माध्यमबाट पनि मुसलमानहरू आफ्ना धार्मिकस्थल मक्का मदिना, पवित्र ग्रन्थ कुरआन तथा विविध धार्मिक अनुष्ठानको वर्णन गर्दछन् । एक मात्र अन्तिम धार्मिक स्थल मदिनाको वर्णन सायरीका माध्यमबाट यसरी गरिएको छ :

अहले वाफ की आँखका तारा मदिना है
टुटे हुए दिलोँका सहारा मदिना है

यसरी मुसलमानहरू आफ्नो सर्वस्व मदिनालाई ठान्दछन् । मदिनाको प्रतिष्ठा, सुन्दरता, महत्ता आदिले गर्दा हरपल, हरक्षण मदिनाको नाम जपिरहन्छन् । मरेपछि पनि मृतआत्माले मदिनामा बास गर्न पाओस् भन्ने आफ्नो अन्तिम इच्छा राख्छन् ।

मनिने कि गमो शहर अल्ला अल्ला
चमकते है दिवारोदर अल्लाह अल्लाह

पवित्र तीर्थस्थल मक्का मदिनालाई नै वर्णनीय विषय बनाएको अर्को सायरी यस्तो छ :

नूरका सागर नूरकी मेहर नूरका छलका नम मदिना तुझे सलाम
साहिले रहमत परनही होगाको ईभी निशनह काम मदिना तूझे सलाम

## ४.१० विविध धार्मिक गाथाहरूको विश्लेषण

मुस्लिम समाजमा उपलब्ध विविध रूपका धार्मिक गाथाहरूमा पनि ईश्वरप्रतिको सद्भाव, ईश्वरको स्तुति, ईश्वरकै चारित्रिक गुणगान, धार्मिक तीर्थस्थलको वर्णन र महिमागान, धार्मिक ग्रन्थ कुरआनको पवित्रताको बखान गरिएको पाइन्छ । यस्ता गाथाहरूको संरचना पनि सामान्य र लघु आकारको हुन्छ भने आन्तरिक लयविधानका दृष्टिले यिनको छुट्टै मौलिकता देखापर्दैन, कवाली वा गजलकै ढङ्गढाँचामा लयबद्ध भएका देखिन्छन् । यहाँ भावगत कथ्यलाई मात्र सङ्केत गर्दै तिनको विश्लेषण गरिएको छ ।

सना एक प्रकारको प्रार्थना हो । यसमा अल्लाहको गुणगान गाइन्छ । सनामा पनि अल्लाह तिमी पवित्र छौ, तिम्रो पवित्रता अवर्णनीय छ भन्दै पालनकर्ता र करुणाकारी तिमी बाहेक हाम्रो कोही पूजनीय छैन भन्ने भाव यसमा अभिव्यक्त भएको छ । मुसलमानहरूले नमाज रोजा, जकात र हजका अवसरमा सना गाउँछन् ।

सुब्हानक ल्ला हुम्मब

विहुम्दिक व तवारक स्मुकब

नमाजकै अवसरमा गाइने धार्मिक पाठ फातिहा हो । फातिहा पनि अल्लाहकै स्तुति हो ।

अल्हुम्दुलिल्लाहि रब्बिल - आल मीन

जगत्का स्वामी, पालनकर्ता, करुणाकर, दानी दयावीर अल्लाहको मात्र हामी पूजा गर्छौं, तिमीले देखाएको बाटोमा हामी हिँड्न पाऔँ भन्दै स्तुतिको भाव व्यक्त गर्नु फातिहाको विशेषता हो ।

नस्रको अर्थ गद्य हो । कुनै छन्दमा नभई गद्यमा रचिएको यस रचनामा पनि अल्लाहकै प्रशंसा व्यक्त पाइन्छ । हे ईश्वर ! हजुरको कृपाले मात्र सफलता प्राप्त हुन्छ । हजुर आफ्ना भक्तहरूलाई देखेर, उनीहरूको स्तुति सुनेर दुःखबाट मुक्त दिलाउनु हुन्छ । हजुर क्षमाशील भएकै कारणले हामीहरू यो धर्म र भक्तिमा लागेका हौँ भन्दै गरिने प्रार्थनालाई नस्रमा व्यक्त गरिएको हुन्छ ।

इजाजा अ नस्रुलाहि

बरऐ तन्नान्से यदखुलुन फी

इखलास पनि नस्र जस्तै प्रार्थना हो । यसमा पनि अल्लाहकै सुचरितको वर्णन हुन्छ ।

बिहानको नमाज पढ्दा फलक पढिन्छ । नमाजका क्रममा पढिने फलक फलप्राप्तिको कामना झैँ भावयुक्त हुन्छ ।

कुल अऊजु विर बिबल फ्र ल कि

मिन शरिरमा खलक

सूर्यास्त हुनु अगाडिको नमाजलाई अस्र भनिन्छ । साँझ पर्न लाग्दा नमाजका यी हरफ गाउने गरिन्छ ।

बल अस्र इन्नल इन्सान लफि खुस्र

अत्तहियात प्रार्थना अन्त्य हुनुभन्दा अगि गाइने गाथा हो । यसमा पनि आत्मसमर्पणको भाव हुन्छ ।

अत्तहियातु लिल्लाह बस्सलवातु

## ४.११ सारांश

मुसलमान समुदाय धार्मिक सांस्कृतिक दृष्टिले समृद्ध समुदाय हो । मुस्लिम सभ्यता र संस्कृतिको आफ्नो आदिम थलो अरब क्षेत्रबाट विभिन्न देशमा छरिँदा पनि मुस्लिम

धार्मिक तथा सांस्कृतिक व्यवहारमा त्यति परिवर्तन आएको देखिँदैन । मुसलमानहरू जहाँ जहाँ बसाइँ सर्दै आए उनीहरूले त्यहाँ त्यहाँ सामाजिक-सांस्कृतिक प्रचलन र त्यससँग अभिन्न रहने धार्मिक क्रियाकलाप, धार्मिक साहित्य र विधिविधान पनि ल्याए । नेपालमा राजा रत्न मल्लका पालादेखि चुरा र शृङ्गारका सामान बेच्दै आएका मुसलमानहरू आफ्नो व्यवसायका सिलसिलामा नेपालका उपत्यका, पहाड तथा तराईका विभिन्न ठाउमा बसोवास गर्ने क्रममा चितवनको भरतपुर, नारायणघाट क्षेत्रमा पनि आएका हुन् । यिनीहरूले आफ्ना धार्मिक तथा सामाजिक चाडपर्वमा अतीतदेखि चल्दै आएका धार्मिक गाथा मौखिक रूपमा गाउँदै आएको पाइन्छ । यस्ता गाथाहरू आकृतिका दृष्टिले लघु र मझौला गरी दुई प्रकारका देखिन्छन् भने विषयगत दृष्टिले धार्मिक तथा सांस्कारिक दुई प्रकारका पाइन्छन् । विधागत दृष्टिले हेर्दा गजल, कवाली, सायरी, दुआ, नात, सना, फातिहा, नस्र, इखलास, फलक, अस्र, अत्तहियात जस्ता अरबी तथा उर्दु फारसी साहित्यिक विधा उपविधामा रहेका देखिन्छन् । प्रतिदिन पढिने नमाजका अवसरमा तथा इद, बकरिद, जस्ता सामाजिक पर्व तथा उत्सवमा यी गाथा गाइन्छन् । मुस्लिम धार्मिक गाथाहरू प्रस्तुतिका दृष्टिले एकल तथा सामूहिक दुबै प्रकृतिका देखिन्छन् । भावकथ्यगत आधारमा समग्र गाथा उनीहरूका ईश्वर अल्लाहको प्रार्थना, पवित्र धार्मिक स्थल मक्का मदिना, पवित्र ग्रन्थ कुरआन, ईशदूत मानिने मोहम्मदको गुणगान तथा गहिरो भक्तिभावमा आधारित देखिन्छन् ।

# परिच्छेद : पाँच

# उपसंहार

## ५.१ निष्कर्ष

क्षेत्रफलका दृष्टिले सानो मुलुक नेपाल हिमाल, पहाड र तराई गरी तीन प्राकृतिक भागमा र प्रशासनिक दृष्टिले पाँच विकास क्षेत्र, चौध अञ्चल तथा पचहत्तर जिल्लामा बाँडिएको छ । नेपाल प्राकृतिक, सांस्कृतिक र धार्मिक दृष्टिले मात्र होइन जातीय र भाषिक दृष्टिले पनि सम्पन्न छ ।

नेपालको मध्यमाञ्चल विकासक्षेत्र, नारायणी अञ्चलको पश्चिममा अवस्थित चितवन जिल्लालाई पनि पहाडी र भित्री मधेस गरी दुई भागमा विभाजन गरिएको छ । यस जिल्लामा ब्राह्मण, क्षेत्री, नेवार, थकाली, राई, दराई, तामाङ, गुरुङ, मगर, बोटे, माझी, थारु, कुमाल, चेपाङ, दनुवार, मुसलमान आदि जातिहरू बसोवास गर्दछन् । यस जिल्लाका विभिन्न भागमा बसोवास गर्ने यी जातिहरूका आआफ्नै मौलिक धर्म र संस्कारहरू रहेका छन् । धर्म मानवीय जीवनसँग सम्बन्धित हुन्छ अनि संस्कारले मानव जातिको पहिचान पनि गराउँछ ।

इस्लाम धर्म र संस्कार मुसलमान जातिको पहिचान हो । यस धर्मले उनीहरूको एकेश्वरवादी सम्पूर्ण पक्षहरूलाई समेटेको छ । उनीहरूले मानव जीवनमा गर्नुपर्ने हरेक संस्कारलाई धर्मअनुसार अवलम्बन गर्छन् । उनीहरूको जीवन पद्धतिमा आफ्नै धार्मिक मर्यादाअनुसार हर्ष-विस्मात, आरोह-अवरोह, रीति-रिवाज आदि झल्किएको हुन्छ । सांस्कारिक पर्व र धार्मिक अनुष्ठानमा उनीहरू धार्मिक गाथाहरू सस्वर सुनाउने गर्दछन् । मुसलमान समाजमा प्रचलित धार्मिक गाथाहरूले गायनका क्रममा आफ्नो भावनालाई धार्मिक अनुष्ठान र एक मात्र पूजनीय पैगम्बरको गुणगान, शक्ति र विशेषतालाई झल्काएका हुन्छन् । लोकसाहित्यको एउटा प्रमुख अङ्गका रूपमा रहेको लोकगाथाअन्तर्गत पर्ने भक्तिगाथालाई  मुस्लिम समाजले धार्मिक गाथा मानेको पाइन्छ । मुसलमान लोकसाहित्यको अभिन्न धरोहरका रूपमा यस्ता धार्मिक गाथाहरू प्रसिद्ध छन् ।

कुनै व्यक्ति वा जातिविशेषको पहिचान हुने गरी संसारका धेरै धर्मका नाम राखिएका छन् । यसैगरी इस्लाम धर्मको नाम अल्लाहको नामबाट रहेको र यसलाई मान्ने मुस्लिम भनेका हुन् भन्ने उल्लेख  पवित्र ग्रन्थ कुरआनमा पाइन्छ । मुसलमानहरूका लागि अल्लाह पूजनीय छन् तर पूजा भनेको अल्लाहको स्तुति वा निर्धारित विधिअनुसार गरिने प्रार्थना नै हो । नमाज, रोजा वा हज लगायत मुसलमानले गर्ने प्रत्येक काम आफ्नो नैतिक आचरण र नियम हरेक कार्यमा लागु गर्नुलाई पूजा सम्झन्छन् । यी सम्पूर्ण आचरणसहित यिनीहरू वर्षभरका चाडपर्वहरू पनि मनाउँछन् । समय र परिस्थितिअनुसार आफ्ना संस्कारहरूमा कत्ति परिवर्तन हुन नदिन यिनीहरू अत्यन्त सचेत देखिन्छन् । पहिला-पहिला सन्तानलाई ईश्वरको वरदानका रूपमा स्वीकार्ने अन्धपरम्परा बोकेको मुसलमान समाजमा अहिले हामी दुई र हाम्रा दुई भन्ने अवधारणा केही हदसम्म विकास भएको देखिन्छ । बच्चाको नामकरणमा पनि आधुनिकता वा सहरीकरणको प्रभाव देखिन थालेको छ । आमा र शिशुलाई सुत्केरी अवस्थामा गरिने व्यवहारमा पनि परिवर्तन देखिन्छ । यिनीहरूको विवाह परम्परामा पनि आधुनिकता आएको र पहिरनमा पनि परिवर्तन आउन थालेको छ । मुसलमानहरूको मृत्यु संस्कारमा पनि केही परिवर्तन आइसकेको छ ।  हिन्दू धर्म र परम्परामा रमाउने भए तापनि उनीहरू यो धर्म र संस्कार अवलम्बन गर्दैनन्, आफ्नै धर्म र परम्परामा रमाउनुपर्ने र त्यसमा परिवर्तन गरेमा ठूलो पापको खाल्डोमा परिन्छ भन्ने विश्वास गर्दछन् ।

मुसलमानहरू जसरी आफ्ना देवदूतलाई विश्वास गर्दछन् त्यसरी नै धार्मिक गाथाहरूमा आफ्नो धर्म र परमेश्वरको आरती, प्रार्थना र गुणगान गाउने गर्दछन् । अहिले कतिपय मुसलमानहरूलाई धार्मिक गाथाहरू नै गाउन आउँदैन । लिखित रूपमा नभएका कारणले ती गाथाहरू नवपिढीँहरूलाई थाहा पनि छैन । त्यस्ता गाथाको न शीर्षक पाइन्छ न त पूर्ण पाठ नै पाइन्छ । यही कारणले त्यस्ता गाथाहरूको सट्टा मुसलमान युवायुवतीहरू आधुनिक नेपाली गीत, लोकगीत तथा हिन्दी गीतहरूबाट मनोरञ्जन लिने गर्दछन् ।

नेपाली लोकसाहित्यका अन्य जातीय गाथाझैँ मुसलमान धार्मिक गाथाका पनि अनेक भेद छन् ।  मुसलमान धार्मिक गाथाहरूलाई दुआ, नात, गजल, सायरी, कवाली र विविध गरी वर्गीकरण गरिएको छ । नेपाली लोकसाहित्य अन्तर्गत भक्तिगाथाको विशेषता बोकेका यी मुस्लिम धार्मिक गाथाहरूमध्ये दुआ परमेश्वरको स्तुतिका क्रममा आरती र प्रार्थना गर्दै वरदान माग्न गाइन्छ । आफ्नो जीवन सफल होस् र मृत्युपश्चात् मुक्ति मिलोस्

भन्ने विश्वासका साथ गाइन्छ । गजल तथा सायरी गोष्ठी र सम्मेलनहरूमा गाइने गरिन्छ । कवाली इद मोहर्रम  जस्ता खुशियालीका अवसरमा गाइन्छ । मुसलमानहरू आफ्ना परमेश्वरको प्रार्थनाका क्रममा विविध धार्मिक गाथाहरू र कुरआनका श्लोकहरूको पाठ गर्छन् । मुसलमानले जन्मदेखि मृत्युसम्म के कस्ता कर्महरू गर्नुपर्छ ? कस्तो अवस्था भोग्नुपर्छ ? भगवान्को स्मरणको रूप कस्तो हुन्छ ? धार्मिक अनुष्ठानको महत्त्व, आकर्षण र सुन्दरता कस्तो हुन्छ ? भन्ने कुराको वर्णन गरिएका लोकगाथाहरू मुसलमान समाजमा पाइन्छन् ।

नेपाललाई अनेक जाति, भाषा, संस्कृति र संस्कार-धर्मले सम्पन्न राष्ट्रका रूपमा चिनिन्छ । यस देशमा रहेका जातजातिमध्ये मुसलमानका धार्मिक संस्कार वा धार्मिक गाथाहरूलाई जगेर्ना गर्नुपर्ने टड्कारो आवश्यकता रहेको छ । मुसलमान जातिमा यसबारे चेतना जगाउनु पर्दछ । शिक्षाको अभाव र मौखिक परम्पराले गर्दा मुस्लिम धार्मिक गाथाहरू लोपोन्मुख भइरहेका छन् त्यसैले राष्ट्रको यस सम्पत्तिलाई जोगाएर राख्न सबै पक्षबाट सहयोग पुऱ्याउनुपर्ने देखिन्छ । यदाकदा केही लेख रचना भेटिए तापनि अझै नेपाली मुस्लिम सभ्यता, साहित्य, संस्कृति र परम्परा अगाडि आउन सकेको छैन । यसतर्फ सम्बन्धित सबैको ध्यान आकर्षित हुनु अनिवार्य छ र सबै जातिको आफ्नो मौलिकता जीवित राख्न सकिए मात्र सिङ्गो नेपाली संस्कृति र सभ्यताको निर्माण हुन सक्छ ।

# सन्दर्भसामग्रीसूची


ओझा, रामनाथ र गिरी, मधुसूदन, **पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक नेपाली निबन्ध**, काठमाडौं : वाङ्मय प्रकाशन, २०६२ ।

ओझा, रामनाथ र गिरी, मधुसूदन, **लोकसाहित्य पूर्व आधुनिक नेपाली साहित्य**, काठमाडौं : वाङ्मय प्रकाशन, २०५८ ।

उपाध्याय, कृष्णदेव, **लोकसाहित्यको भूमिका**, तृतीय सं., इलाहावाद : साहित्य भवन, सन् १७७७ ।

इब्राहिम, आइ.ए., **इस्लामको वैज्ञानिक विश्लेषण**, मत्तबह अल-पलाह, २०६४ ।

गिरी, जीवेन्द्रदेव, **हाम्रा लोकगाथा**, काठमाडौं : एकता प्रकाशन, २०५७ ।

तहान इ. मुस्तफा मुहम्मद, **समयको सदुपयोग,** काठमाडौं : इस्लामी सङ्घ नेपाल, २०६३ ।

तिमिल्सिना, मोहनप्रसाद, **नेपाली लोकोक्तिको वर्गीकरण र विश्लेषण,** (अप्रकाशित अनुसन्धान प्रतिवेदन), भक्तपुर : विश्वविद्यालय अनुदान आयोग, २०५७ ।

थापा, धर्मराज, **चितवन दर्पण,** काठमाडौः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५० ।

थापा, धर्मराज र सुवेदी, हंसपुरे, **नेपाली लोकसाहित्यको विवेचना,** काठमाडौं : त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र, २०४१ ।

नाइक, जाकिर, **इस्लाम विरोधी भ्रम निवारण,** इस्लामी पुस्तकालय, नेपाल, २०६२ ।

पौडेल, कृष्णविलास, **नेपाली साहित्यको ऐतिहासिक परिचय,** काठमाडौं : नवीन प्रकाशन, २०६२ ।

पराजुली, मोतीलाल, **नेपाली लोकगाथा,** पोखराः श्रीमती तारादेवी पराजुली, २०४९ ।

बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य,** काठमाडौंः एकता बुक्स, २०५८ ।

मदनी, अबुल अकाम सुस्तान, **ईश्वरीय धर्म,** काठमाडौं : इस्लामी सङ्घ नेपाल, २०६५ ।

मियाँ, कासिमदिन, **नेपालमा मुसलमानको प्रवेश,** अप्रकाशित पाण्डुलिपि ।

मियाँ 'पाल्पाली', युसुफदिन, **पाल्पालीका गजल**, चितवन : पल्लव साहित्य प्रतिष्ठान, २०६६ ।

मुहम्मद अबू जावेद, **इस्लामी आस्था,** काठमाडौं : नेपाल अलहेरा एजुकेशनल सोसाइटी, २०६४ ।

मौदुदी मौलाना, सैयद अबुल आला, **इस्लाम दर्शन,** काठमाडौं : नेपाल अलहेरा एजुकेशनल सोसाइटी, २०६४ ।

मौदुदी मौलाना, सैयद अबुल आला, **शान्ति मार्ग,** काठमाडौं : इस्लामी सङ्घ, नेपाल २०६३ ।

लामिछाने, कपिलदेव, **नेपाली लोकगाथाको अध्ययन,** ललितपुर : साझा प्रकाशन, २०६४ ।

शर्मा, मोहनराज र लुईंटेल, खगेन्द्रप्रसाद, **लोकवार्ता विज्ञान र लोकसाहित्य**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

शर्मा, रामकृष्ण, **प्यूठान जिल्लाका लोकगाथा सङ्कलन, वर्गीकरण र विश्लेषण,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रि.वि. कीर्तिपुर बहुमुखी क्याम्पस, कीर्तिपुर, २०४६ ।

हिफजुरमान, **इस्लाममा नारी,** काठमाडौं : इस्लामी सङ्घ, नेपाल, २०६४ ।

## परिशिष्ट-क

# सङ्कलित गाथाहरूको पूर्णपाठ

यस परिशिष्ट खण्डमा सङ्कलन गरिएका गाथाहरूको पूर्णपाठ प्रस्तुत गरिएको छ :

१) सब से आला ओ आला हमारा नबी
सब से मौला ओ आला हमारा नबी
आपने मौलाका प्यारा हमारा नबी
दोनो आलमका दुल्हा हमारा नबी
बज्मे आखिरका समाँ फरोजाँ हुआ
नुरे अब्बलका जलवा हमारा नबी
बुझगई जिस के आगे सभी मस्ले
शम्मा वो लेखर आया हमारा नबी
जिसके तल्वोंका धोवन है आबे हयात
है वो जाने मसीहा हमारा नबी
खत्क से औ लिया औलिया से रुसुल
और रसुलों से आला हमारा नबी
जैसे सबका खुदा एक है वैसे ही
इनका उनका तुमारा हमारा नबी
कौन देता है देनेको मुँह चाहिए
देनेवाला हे सच्चा हमारा नबी
सारे अच्छों मैं अच्छा समझिए जिसे
है उस अच्छा से अच्छा हमारा नबी
सारे उँचो मे उँचा समझिए जिसे
है उस उँचे से उँचा हमारा नबी
सब चमकवाले उजालों मैं चमका किए
अन्धे शीशों मैं चमका हमारा नबी
गमजदों को रजा मुजदा दिजे कि है
बेकसों का सहारा हमारा नबी

२)	जो लुट सकता नहीँ ऐसा खजाना लेके आया हुँ
दिले परदर्द मे अपने मदिना लेके आया हुँ
है जिसे की जुस्तजू मैँ सौकडों दिन रात सरगरदो
खुदा के फजल सें मैँ ए दफिना लेके आया हुँ
वो जिसने जरिए नाची को खुर्शीद कर डाला
उसी के नुर से भरपुर सीना ले के आया हुँ
मुझे किस्मत पे अपनी जिस कदर भी नाज हो कम है
मदिना होके आया हुँ मदिना लेके आया हुँ

३)	हर वक्त तसल्ली है हर आना दिलासा है
रहमत का मदीने मेँ अन्दाज निराला है
जिस हुस्नको काअबे के परदे मेँ छुपा देखा
यो हुस्न मदीने मे जाहिर है दुवाला है
जाहिर भी हुआ रोशन बातिन भी हुआ रोशन
सरकार के आने से हर सक्त उजाला है
जिस वक्त मदिने से रुखसतकी घडी आयी
कैसे कहुँ किस तरह, इस दिलको सम्भाला है
हो नाते मुवारक का हक कैसे अदा मिर्जा
अजमत मेरे आका की तारिफ से बाला है

४)	मेरा दिल तडप रहा है मेरा जल रहा है सीना
कि दवा वहीँ मिलेगी मुझे ले चलो मदिना
दीदारे मुस्तफा को आखेँ तरस रही है
दुसबार हो गया है उनके बेगर जिना
तस्वीरे मुस्तफा जो नजर आरही है दिल मेँ
मैँ सोचता हुँ दिल मे मेरा दिल है या मदीना
शबो शोभा बढरहा है मेरी तिशनगी का आलम

ये प्यास कब बुझेगी मेरे साकिए मदिना
नहि मालोजर तो क्या है मैं गरिब हुँ यहि ना ?
मेरे इश्क मुझको ले चल तुही जानिए मदिना
इकवाले ना तवो की बस एक इल्तेजा है
रहे जिंदगी सलामत मैं भी देखु लुँ मदिना

५) हजरते हस्सान इब्ने सा बित रदियल्लाहु अन्हु
के नाम कि जिनका नातिया कलाम बार गाहे
रिसालत सल्लल्लाहु अलै हित सल्लम मैं ऐस्सा
मब्बुल हुआ कि सरवरे कायनात सल्लल्लाहु अलै हि बसल्लम
ने दुआ फरमाई
अल्लाह तु हस्सान की रुहुल कुद्सके जरीए ताईद फर्मा
अल्लाह आला हमैं भी उस दुआका सदका अता फर्माए आमीन

६) मैं झुट ना बोलुँगा मुल्ला के डराने से
आता हुँ मदिने में मैं हज के बहाने से
कलाम हद दर्ज सादगी और शिरानी से भरपुर है
और खुद फर्माते हैं
मेरी नहि तारिफ फजत फज्ले खुदा हैं
ए इश्के मुहम्मद जो मेरे दिलमे बसा हैं
माजिदा रदियल्लाहु अन्हु भी इस में शामिल है
जो मेरे खयाल में सायद बाहिद मनकवत होगी जो
उनकी शान में हिरती गयी है साथ ही साथ
अहमद रजा का ताजा गुलिस्ता है आजमिकी खुश्वु भी इस में सामिल हैं
जुमला कारइन से गुजारिस है कि आपनी दुआओं
मै सुत्री दावते इस्लामी को जरुर याद रखें

७) जव दुर से मस्जिद के मिनार नजर आए
मुजरिम को रिहाइ के आसार नजर आए
मगरुर को तैवा मैं कुछ भी न नजर आया
मिरकिनको हार जानिद अनवार नजर आए
दिदारैं मकौं कातो मिल्ता है शरफ या रब
एक रोज मकीँ का भी दिदारे नजर आए
क्या उनका मुकद्दर है इस रोज की जाली से
छन छन के जिन्हे ताजा अनबार नजर आए
मिलती है जिन्हे मस्ती साकिकी निगाहौं सैं
मैखाने में ऐसे भी मोख्बार नजर आए
फिर मुझको इज्जत फिर जागे मेरी किस्मत
फिर मुझको मदिनेका दरबार नजर आए
ऐसे भी है जो उनको मजदुर बताते हैं
मखलुक में य हमको मुखतार नजर आए
बरकात मै तौवा कि ए सबसे बडी बरकत
माइल यकरम हरदम सरकार नजर आए
तौवा के सिवा हम ने मिर्जा को जहाँ देखा
कुछ खोए हुए से कुछ बीमार नजर आए

८) अल्ले वफा कि आँख का तारा मदिना है
टुटे हुए दिलौं का सहारा मदिना है
सारे गमौं से मिलती है इन्सानको नजात
अल्लाह बहरे गमका किनारा मदिना है
ढल जाए सन्नतो में अगर अपनी जिन्दगी
फिर कहसकैंगे हम कि हमारा मदिना है
बुग्जो इनाद जुल्मौं सितम की है जुल्मते
दुनिया मैं रोशनी का मिनारा मदिना है
सैलेखौं है ए तो मुनाफिक के वास्ते

मोमिन के हक में नुरका धारा मदिना है
मिर्जा के दिल पे पवश है दुर्वेश की ए बात
तुम उसके हो अगर तो तुम्हारा मदिना है

९) कभी मरते तो बेखुद बना दिजिएगा
कभी आयना जलवा दिखा दिजिएगा
मदिने की गलियाँ कि याद आ रही है
मदिने की गलियाँ दिखा दिजिएगा
जरजने लगे जिस से बातिलका आलम
वही नगमे हक सुना दिजिएगा
मुखालिफ भी हो जानिसारों में शामिल
उन्हे जामे उल्फत पिला दिजिएगा
बजा है कि मिर्जा नहि इसके काविल
करम से समन्दर बना दिजिएगा

१०) नजर में है काअबा तो दिल में मदिना
यही दर हकिकत है जिन में जिना
तडपने हुए दिलका है ये बज्रीफा
मदिना मदिना मदिना मदिना
करम ए नही है तो फिर और क्या है
कहाँ ए मदिना कहाँ ए कमिना
है तौवा में अपनी खुशी का ए आलम
कि हाथ आगया जैसे कोई दफिना
मेरो भी तो जन्नता जिए भी तो जन्नत
मुबारक है मरना मुबारक है जिना
इलाहि सलामत रहे सब्ज गुम्बद
दो है खात्मे दिलका गया नगिना
करम है कि मोहरे नबुब्वल कि किनारे

चली आति है अब भी सिना वसिना
मदिने में अलहम्दुलिल्लाइ मिर्जा
कटा साले हिजारी का हर इक महिना
करोडों सलातो सलाम उस पे मिर्जा
के जिनेका जिस ने सिखाया करिना

११) आमिना माई हो तुझ पर खाए लुत्फे किर दिगार
रहमतो के फूल वरसाया करे अवे बहार
जर्रा जर्रा है यहाँका तेरे गम मे सुगवार
तेरी तुवर्त देख कर दिल हो गया है बेकरार
जोश, दिलका हो रहा है मेरी आँखो से रवा
टुटने का नाम लेते ही नहिँ आँखो के तार
इस बयाबाँ मे तुझे माई अकेला देखकर
पसबानी करते है चारोँ तरफ से कोहसार
सुबह से शाम होता है निछावर आफताब
चाँद तारे रातभर होते है मरकद पर निसार
खुनके आँसु वहाकर चश्मे हैरत देखले
अर्श के मेहमान कि है वालिदा का ए मजार
जो तेरा लख्ते जिगर छोटासा तेरे साया था
रह मतुलालि आलमी है शफअे रोजे शुमार
हक तआलाका है जो महबुब उसकी माँ है तु
तेरा रुताबा है वडा और सुबसे ऊँचा है ककाह
है दुआ हम सब की तेरे और हो दर्ज बुलन्द
कब्र पर साया फिगन हो रहमते परवर दिगार
नामवर फर्जन्द से अपने सिफरिस कि जिए
ए अगर राजी रहे हमसे तो फिरबेडा है पार
गमजदा मिर्जा के भी हक मे दुआ फरमाइए
तामिले इज्जत यहाँ की हाजिरी कि बारबार ।

१२) जब हँगामा खुदन हो हाथ मैं आपका दामन हो
या दिए ऐमन मदफन गुलशने जब्रत मसकन हो
जन्नत कि जब सैर करे हम भी हमराह चलैं
हाँजे कौसर पर आए हात से आपके जाम दिएँ
कल्ब मैं तु भी हाजिर हो अब्दुलका दिर नाजिर हो
ख्याजा मुइन और नासिर हो सिरपे निजामो साबिर हो ।
ऐसे कहाँ थे हमारे नसिब हमको मिला अल्लाह का हबिब
है ए दुआ ख्वे मुजिब हमजाके पढे रोजे के करिब
दावरे कुलए ख्वे अुला सदका जाते मुहम्मद का
जारी रहेता रोजे जजा मजहब अहले सुन्नत का ।

सुब्हानक ल्ला हुम्मब
विहुम्दिक व तवारक स्मुकब
तआला ज हुक व ल ।
इ ला ह ह गै रुक

१३) अल्हुम्दुलिल्लाहि रब्बिल - आल मीन
अर्र हमार्निहम मालिकी यौमिद्दिन
इयया कन अबुदुत इयाय-क
नस्तअिन इहादिनस-सिरा तल्मुस्तकिम
सिरा तल्लाजी न अनअमत अलौहिम
गौरिल मगजुबि अलैहिम बलज्जालीन

१४) इजाजा अनस्रुलाहि
बरऐ तन्ना-से यदखुलुन फी
पीनिल्लाहि अफबाजा फसब्बिह बिहुम्दि
रब्बि-क बस्त जफिर हु इन्नहु कान तव्वाबा

१५)  कुल हुबल्लाहु अ-हद अल्लाहूस्समद लमयलिद बलम
यूलद वलम यकुल्लहु कुफुवन-अ- हद ।

१६)  कुल अऊजु विर ब्बिल-फ्र लकि
मिन शर्रिरमा खलक
ब मिन शर्रि गासिकिन इजा बकुबु
व मिन शिर्रिन्नफ्फासा ति फि उकुद
ब मिन शिर्रि हा सिदिन इजा ह- सदा

१७)  बल अस्र इन्नल इन्सान लफि खुस्र
इल्ल्लजिन आमन व
अमिलुस्सा लिहाति वत्वासव बिल्हकिक
वतवासब बिस्सब्र

१८)  अत्तहियातु लिल्लाह बस्सलवातु
बत्तय्यिबातु अस्सलामु अलैक
अययु हन्न वीयु व रहम तुल्ला हिब
बरकातु हु अस्सलामु अलैना वा अला
इबा दिल्ला हिस्सा लिहिन अश्हदु अल्लाइलाह
इ इल्लाइलाह इल्लल्लाहु व अश्हयु अन्न
मुहम्मदन अब्दुह व रसुलुह

१९)  अल्लाहुम्म सल्लि अला मुह्म्मदिम्व
व अला आले मोहम्मदिन कमा सल्लैत
अला इब्राहिम व अला आले इब्राहीम इन्नक हमीदुम्मजीद
अल्लाहुम्म बारिक अला मुहम्मादिँ व आले मुहम्मदिन
कमा बारक्त अला इब्राहिम व अला आले इब्राहिम
इन्नक हामी दुस्मजी द ।

२०)  रब्बना आतेना फिहुनिया हसनतब
व फिल्आखिर ति हसन तौंवाकि ना अजाबन्नार

२१)  विस्मिल्ला हिर्रहमानिर्रहीम
अल्लाहु अक्बर
समिथल्लाहु लिमनहमिदह
रब्बना लकलहम्द
सुब्हान रब्बियल
अल्लाहुम्मग फिरली बरहुमनी
बहदनी व आफेनी बरजुकनी
अल्लाहु अक्बर
विस्मिल्लाहिर्र हुमानिर्र हीम
अस्सलामो अलैकुम व रहमतुल्लाह

२२)  सुब्हान जिलमुल्कि बलमलकुति सुब्हान जिल इज्जतिवल
अज्मति वल हैबति वल कुदरतिवल किब्रिवल ज-बरुति
सुब्हानल मलिकिल हथ्यिल्लजीला यनामुवलायमृतु सुब्बुहुन
कुद् दुसुन रब्बुना रब्बुल मलाइकतिवर्रुहि अल्लाहुम्म अर्जिनि
मिनन्नारि या मुजीरु या मुजीरु या मुजीर

२३)  अल्लाहु अक्बर , अल्लाहु अक्बर लाइलाह
इल्लाल्लाहु वल्लाहु अक्बर अल्लाह अक्बर
बलिल्ला हिल्हम्द ।

२४)  अस्लामु अलैकुम व रहमतुल्लाह
अल्लाहु अक्बर

२५)  अल्लाह अक्बर, अल्लाह अक्बर
अल्लाह अक्बर अल्लाह अक्बर
अशहदु अल्लाहलाह इल्लाहलाह

असहदु अल्लाइलाह इल्लल्लाह
अशहदु अन्न मुहम्मदर्र सुलुल्लाह
अशहदु अन्न महम्मदर्र सुलुल्लाह
हयय अलस्सलाह
हयय अलस्सलाह
हयय अलल फलाह
हयय अलल फलाह
अल्लाहु अक्बर
अल्लाहु अक्बर
लाइलाह इल्लल्लाह
हयय अलल्फलाह अस्सलातो खैरुम मिन न्नौम
अस्सलातो खैरुम मिनन्नौ म
हयय अलल्सलाह हयय अलल्फलाह
हयय अलल्फलाह
हयय अलल्फलाह
कदकामतिस्सलाह
कदकामतिस्सलाह

२६) नघवराओ नपछुताओ खुदा की सान बाँकी है
फिर क्या सम्झते है तो अपने दिल में हँस्ते है
अभी तो कर बोला कि आखरी मैदान बाँकी है
दुनियाँ के ए मुसाफिर मन्जिल तेरी करीब है
औ तैके पराहा है वो दो दिलका ओ सफर है

२७) या इलाही हर जगह तेरी अता का साथ हो
जब पडे मुस्किल में मुस्किल कुसाए साथ हो ।
या इलाही भुल जाओ नजकी तक्लिफ को
शादिए दीदारे हुस्न मुस्तफा का साथ हो

या इलमी गोरे तेहकी जब आया शख्तरात
उनके प्यारे मोह की सवाह जा अफ्ज़ा का साथ हो
या इलही जब पडे महसर मे शोरे दारोगीर
अम्न देने वाले प्यारे पेशावा का साथ हो
या इलाही जब जबाने बाहर आये प्यास से
साहबे कौसर सहे जुदो आत का साथ हो
या इलाही गर्मिए महशर से जब भडके बदन
दामने महबुब की ठन्डी हवा का साथ हो
या इलाही जब  बहे आँखैं हिसाबे जुर्म में
उन तव स्सुलुम रेज होठों कि दुआ का साथ हो
या इलाही जब जब चलूं तारीक राहे पुलसिरात
आफ्ताबे हाशामी नुरुल हुदा का साथ हो
या इलाही जबसरे शमशीर पर चल्ना पडे
रब्बे सल्लिम कहने वाले गमजदा को साथ हो
या इलाही जो दुआए नेक मैं तु बुझ से करुँ
कुद् सियों के लब से आर्मी रब्बाना का साथ हो
या इलाही जब राज ख्वाबे गिरी से सर उठाये
दौलते बेदार इश्के मुस्तफा का साथ हो

२८)  या खुदा हो मुझको मुहब्बत हुजुर की
खुल जाए मेरे कल्ब पे अजमत हुजुर की ।
शमिल हो जिन्दगी मैं शफककत हुजुर की
महशर मैं हो नसीव शहाअत हुजुर की
ढल जाए सन्नतौं मैं इलाही ए जिन्दगी
हरबर हो हर कदम पे शरीअत हुजुर की
ये जिन्दगी हो तेरी पसन्दीदा जिन्दगी
जन्नत मैं हो नसीव सिफाकत हुजुर की
इक बेनवा हकीर हुँ मेरी है इल्तेजा

मिल जाए मुझको दीद की इज्जत हुजुर की
खुलता रहे कुरआन तिलावत कै साथसाथ
हो जाए मुझ पे खास इनायत हुजुरकी
मिर्जाको मौत आए तो यूँ आए या कमीम
कलमा हो लब ये सामने सुरत हुजुर की

२९) अहले वाफ की आँख का तारा मदिना है
टुटे हुए दिलौं का सहारा मदिना है
सारे गमौं से मिलती है
इन्सानको नजात वल्लाह वहरे गमका किनारा मदिना है ।
ढल जाए सुन्नतो मैं अगर अपनी जिन्दगी
फिर कह सकेंगे हम कि हमारा मदिना है ।
बुग्जो इनाद जुल्मो सितम की है जुल्मते
दुनियाँ मैं रोशनीका मिनारा मदिना है
सैले खाँ है ए तो मुनाफिक के वास्ते
मोमिन हक मै नूर का धारा मदिना है
मिर्जा के दिल पे नक्श है दुर्वेश की ये बात
तुम उसके हो अगर तो तुम्हारा मदिना हे ।
नजर मे है काअबा तो दिल मैं मदिना
यही दर हकीकत है जीने मैं जीना
तडपते हुए दिलका है ये वजीफा
मदिना मदिना मदिना मदिना

३०) करम ये नहीँ तो फिर और क्या है
कहाँ वो मदिना कहाँ ये कमिना
है तोबा मैं अपनी खुशीका ये आलम
कि हाथ आ गया जैसे कोइ दफिना
मेरो भी तो जन्नत जियो भी तो जन्नत
मुवारक है मरना मुबारक है जीना

३१) मदिने कि गमो शहर अल्ला अल्ला
चमकते है दिवारोदर अल्ला अल्ला
खुदा कि खोदाइ के मुख्तार है वल्लवल्ला
जमाना है पशेनजर अल्ला अल्ला
जो दुनिया में अल्लाका घर बनायाँ
खुदा देगा जन्नत में घर अल्ला
मदिने में तो मुस्त्किल है सोकुन तो
मगर अरश है रह गुजर अल्ला अल्ला
जो माँ कि दुआ ले के परदे सजाए
मुबारक रहेगा सफर अल्ला अल्ला
वह नुरे खुदा हैं लेबासे बशरमे
कले इनको खैरुल बशर अल्ला अल्ला
जिसे मुस्ताफा अपने दर पे बोलालैं
बल्किस्मत का है तो गुजर अल्ला अल्ला
गुलमी नबि जिस जगह मिहो फरहत
है आका को सब कि खबर अल्ला अल्ला

३२) नूरका सागर नूरकी मेहर नूरका छलका नाम
मदिना तुझे सलाम
साहिले रहमत परनही होगा कोई भी तिशनह काम
मदिना तूझे सलाम
रोजे कयामत का वह सूरज हमको किया झूलसाएगा खूदही दुबा जाएगा
शाफए मेहशर के दामन में करेंगे हम आराम
मदिना तूझे सलाम
जूलफे में अबर के साय में रात सवरती रहती है सूबह निखरती रहती है
रोए मूनौरके सदके में रौशन सब्हेशाम
मदिना तुझे सलाम
सूरत भी कुरआनी है और सिवत कुरआनी किया ए हरानु रानी है

होगी नमाजे इश्क मोक्म्मल कर लो इनको इमाम
मादिना तुझे सलाम
शहरे नबी हरज रह सूरजको आँख दिखाता है किसमत पर इतराता है
पियारे नबोँ के सबके मिला है इनको हुसि इनाम
मदिना तुझे सलाम

३३) ये सब तुमारा करम हे आका
के बात अबतक बनी हुई है
कोइ सलिका है आरजु का
नवन्दगी ये मेरे बन्दगीका
बसिर कहिए नजिर कहिए
इन्हे सेराजे मुनिर कहिए
जो शर बशर है कलामे रब्बी
वह मेरे आका कि जिन्दगी है
शौउरो फिक्रो नजर के दाबे
हद्द कैइल सवछ्न पावे
नहु सके उन बुलन्दियोँ को
जहाँ मका मे मुहम्मदी है
अलम के मेरे असास क्या है
बजज्नयामत के पास क्या हे
रहे सलामत बस उनको निसबत
मेरा तो ब्रस इक आसरा यही है

३४) आमना के चाँद जैसा  दुसारा कोइ नही
अम्बिया तो और भी है मुसतफा कोइ नही
एकदिन सरकारसे जीवरईल ए कहने लगे
मेरे हरआलम को देखा आपसा कोइ नही
फत्हे मक्का आपकी हसिनोँ करम की है दुआ

बख्श दे ढोसमन को ऐसा रेहनुमा कोइ नही
बाँधकर बख्शशिसका सेहरा मुस्ताफा आजाई
हम गुन्हगारोँ का अब तेरे सिवा कोइ नही
मेरे आका आज दुनियाँ मैँ यही दस्तुर है
कैद हे मजलुम जालिम को सजा कोइ नही
मदहते सरकार है अनिसे शामेगम
इस से वेहत्तर और अफजल मशगलह कोइ नही

३५) मोमिनो सुनलो खुदाए पाकका फर्मान है
माँ के दिल को जो दुःखाए वह बका नादान है
याद है इर्शादे नबी जो देखे माँ को प्यार से
दिन वो दुनियाँ बन गई वह खुल्द का मेहमान हे
रहके भोकी माँ खिलाय प्यार से औलाद को
माँ से हे मक्का मदिना पाक भी अन्जान है
पाउँका झुला बनाकर माँ सुलाती हे मुझे
और कहती है की बेटा तुम्हीँ मेरा जान है
माँ नहीँ तो कुछ भी नहीँ इस मल्लबे संसार मैँ
माँ के ममता से जहाँ आयाभिकी सान है

# परिशिष्ट-ख

# शब्दार्थ

यस परिशिष्ट भागमा विभिन्न मुस्लिम धार्मिक गाथाहरूमा प्रयोग भएका विशेष शब्दको नेपाली अर्थ वर्णानुक्रममा प्रस्तुत गरिएको छ :-

| **उर्दू/मुस्लिम** | **नेपाली अर्थ** |
|---|---|
| अफ्तारी | खाएपछि |
| अविलमा | राम्री/गोरी |
| आवेजमजम | तीर्थ/जल/मक्का मदिनाको जल |
| आल्म | खुशीक्षेत्र |
| आल्म जन्नत | स्वर्ग |
| इफतार | रोजा टुटाउने नियतले खाइने खाना |
| इबादत | पूजा |
| इमान | आस्था, विश्वास |
| इस्तिन्जा | पूरै शरीर पवित्र र स्वच्छ पार्ने काम |
| इहदिनस | इन्साफको दिन |
| उफत | निद्रा |
| उमीद | आशा |
| कफन | कात्रो |
| कब्रर | खाल्डो |
| कब्रिस्तान/कब्रगाहा | चिहान |
| कताह | शृङ्गार |
| करम | कृपा |
| कवर | चिहान |
| कल्मा | पवित्रवाणी |
| कल्व | मुटु/दिल |
| कयामत | प्रलय |
| काफिर | आज्ञा नमान्ने/गैर मुसलमान |
| कावा दिशा | मदिना/पश्चिम दिशा |

| | |
|---|---|
| कियाता | भाडाको घर |
| कुरआन | सत्यमार्ग दर्शन गराउने मुस्लिम धार्मिक ग्रन्थ |
| कुरजो | द्वेष |
| कुर्वानी | बली चढाउनु |
| खुदस | आफैँले |
| खुदसे | आफैँले |
| खुदा | ईश्वर |
| खुस्बुदार | वास्नावाल/सुगन्धित |
| गमी | शोक |
| गमौ | दुःख |
| गवर गाहा | अन्त्येष्टि |
| गवाहा | साक्षी |
| गेजा | काली |
| गोस्त | मासु |
| घबरा | आत्तिनु |
| जन्नत | स्वर्ग |
| जहन्नुम | नर्क |
| जानिब | त्यतातिर |
| जिना | जिउनु/बाँच्नु |
| जिलहिज्जा | अरबी सालको बाह्रौं महिना |
| तकदीर | भाग्य |
| तड्पते हुए | छटपटिएको आत्मा |
| तवलीग | सन्देश वाहक |
| तावेदार | सेवक/दासत्त्व |
| तुरबान/तीप | टोपी |
| तैवा | त्यही |
| तोहित | वाचा/निर्णय/कबुल |
| तौहित | मुसलमान बन्ने मन्त्र/कल्मा |

| | |
|---|---|
| दफिना | गडेको सम्पत्ति |
| दावत | आमन्त्रण गर्नु |
| नक्सा | नक्सा |
| नजान | छुट्कारा |
| नसीब | भाग्य |
| नियाज | नैवेद्य |
| नूर | चमक |
| पाक | पवित्र |
| फकिर | जोगी/भिखारी |
| फर्ज | अनिवार्य |
| फातिया | साथी |
| बहिस्त | स्वर्ग |
| भिन्नत | वरदान |
| मनकवत | मनका खुल्दुलीहरू |
| मन्नत | माग्नु |
| महसर | स्वर्ग |
| मायुस | निरास |
| मिर्जा | महर्षि, ऋषि, महात्मा |
| मुबारक | धन्यवाद/स्वागत |
| मुनाफिक | नास्तिक/काफिर |
| मैय्यत | लास |
| मौलाना | पुरोहित |
| मौलाना/मुल्ला | पण्डित |
| मौत | मृत्यु |
| या इलाही | हे ईश्वर |
| रसुल | दूत |
| रहमत | दया |
| रेसालत | रसूलहरूको शृंखला |
| रोजा | उपवास |

| | |
|---|---|
| लब | जिब्रो |
| लुटाउने | बाँडने |
| वजीफा | स्तुति/स्रोत/मन्त्र |
| वक्तक | समय/पटक |
| सम्स | सूर्य |
| सबाव | पुण्य |
| सान | शक्ति |
| सिज्दा | ढोग्नु |
| सिर्नी | नैवेद्य / प्रसादी |
| सुन्नतौं | मान्नुपर्ने इस्लामिक विधा |
| सुलेमानी | पात्रो |
| सुरा | श्लोक |
| सुश्रिक | अल्लाहको क्षमतामा अरूलाई पनि सहभागी गराउने व्यक्ति |
| सुराफातिया | कर्मकाण्डमा पढिने मन्त्र |
| सूरा | अध्याय |
| सेहर | बिहानी |
| शामिल | याद/सम्झना |
| शिर्क | पाप |
| हलाल | स्वीकार्य |
| हवेनी | दरबार |
| हकिम | वैद्य |
| हाजी | हज गरेर आएको मुसलमान |
| हाफिज | कुरआन मुखाग्र गर्ने मुसलमान |

# परिशिष्ट-ग


# स्रोतव्यक्तिहरूको विवरण

मुस्लिम धार्मिक गाथाको सङ्कलनमा सहयोग पुऱ्याउने स्रोत व्यक्तिहरूको वर्णमालानुसार नामावली, उमेर र स्थानको विवरण निम्नलिखित रहेको छ :


| क.सं. | नाम, थर | उमेर | स्थान |
|---|---|---|---|
| १. | कासिम मियाँ | ४९ | भ.न.पा.–२, क्षेत्रपुर, चितवन |
| २. | नेहमद मियाँ (कान्छा भाइ) | ३७ | भ.न.पा.–३, मिलनरोड, चितवन |
| ३. | मजित खाँ (मियाँ) | ६० | भ.न.पा.–२, रामेश्वरटोल, क्षेत्रपुर, चितवन |
| ४. | मोहम्मन अलि | ५८ | भ.न.पा.–३, मिलनरोड, शहीदचोक, चितवन |
| ५. | मोहमद उन सरफ | २१ | जामे मस्जिदका विद्यार्थी |
| ६. | मोहम्मद बदरे आलम | १५ | जामे मस्जिदका विद्यार्थी |
| ७. | मोहमद सदेर आलम | १८ | जामे मस्जिदका विद्यार्थी |
| ८. | मोहमद रहमत अलि | १९ | जामे मस्जिदका विद्यार्थी |
| ९. | मोहमद सरोज अहमद बर्काती | २२ | जामे मस्जिदका विद्यार्थी |
| १०. | मोहमद आलम | २० | जामे मस्जिदका विद्यार्थी |
| ११. | युसिफ दिन मियाँ 'पाल्पाली' | ६२ | प्रसिद्ध गायक, गजलकार, समाजसेवी एवं जामे मस्जिद, नारायणगढका पूर्वअध्यक्ष, भ.न.पा.–३, मिलनरोड, चितवन |

# परिशिष्ट-घ

# मुस्लिम समुदायको चित्र विवरण



धार्मिक गाथा प्रस्तुत गर्न सहभागी मुसलमानहरू



धार्मिक गाथा सङ्कलनको क्रममा मुसलमानहरू मस्जिदमा गाथाहरू प्रस्तुत गर्दै



मस्जिद प्राङ्गणमा मुसलमानहरू



नारायणगढका मुसलमानहरू